
साउन ४, २०६३

# समय

राष्ट्रिय साप्ताहिक





## झिल्के बजेट

पदलोलुपता, दलीय स्वार्थ, द्वैध चरित्र, अपारदर्शिता र कुशासनको पुरानै छवि अँगाल्दै छ, वर्तमान सरकार । यसैकारणले माओवादीसँग भएको आठबुँदे सम्झौता धरापमा परेको छ भने शान्ति प्रक्रियामा समस्या देखिन थालेको छ ।

# अस्तव्यस्त शासन

मूल्य रु. २५




भास्वर ओझा

शान्ति प्रक्रियामा तदारुकता देखाउँदै छिटोभन्दा छिटो संविधानसभाको चुनावको दिशामा अघि बढ्नुपर्नेमा सरकार र प्रतिनिधिसभा सदस्यहरू सुस्त र अन्योलग्रस्त मार्गमा अघि बढिरहेका छन्

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक ११५, असार ३०–साउन ४, २०६३

**आवरण :** 'बिहानीले दिन कस्तो हुन्छ भन्ने देखाउँछ' भनेझैं केही मन्त्रीहरू राजनीतिक व्यवस्था दुर्नाम गर्ने खालका गतिविधि गरिरहेका छन् । समष्टि सरकार पनि आफ्नो छवितर्फ सचेत भएको देखिदैन । जनआन्दोलनको भावनालाई आत्मसात् गरी सार्वजनिक सेवाको गुणस्तरमा सुधार ल्याउनेतर्फ सरकारले प्राथमिकता दिएको छैन । २०




आवरण : प्रधानमन्त्रीको कार्यालय

*तस्वीर: भास्वर ओझा*

## रिपोर्ट

तराईमा आतंकः कतै मधेशी मुक्तिमोर्चा, कतै डाँकाहरूको १६

बल्ल सुरु भयो संवैधानिक अंगमा शुद्धिकरण प्रक्रिया ३३

नाथुला खुल्योः चीन र भारतलाई फाइदा, नेपाललाई घाटा ३९

## राजनीति

प्रतिनिधिसभा सदस्यहरू र सरकारको गतिविधिले कतै सरकार–माओवादी आठ बुँदे सम्झौता नै धरापमा पर्ने त होइन ? २४

सरकार–माओवादी वार्ताका लागि सात दल र सरकारका क्रियाकलाप नै बाधक बनेका छन् २८

## आर्थिक

जनआन्दोलनको बलमा गठित सरकारले 'पपुलिस्ट' खालको बजेट ल्याएको छ । कार्यान्वयन त होला ? ३०

## छिमेक

भारतको व्यापारिक राजधानी मुम्बई बन्यो, आतंकको सिकार ३७



भास्वर ओझा

**रंग :** नायिका गौरी मल्ल गायनतिरको नयाँ यात्रामा निस्केकी छन् ५६

सम्पादकीय ..................... ५
प्रारम्भ ..................... ७
डाँक ..................... ८
टिपोट ..................... १०
मुलुक ..................... १२
साहित्य ..................... ५१
अनुहार ..................... ५७
शून्य समय ..................... ५८

समय
साप्ताहिक

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
फोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# अपारदर्शिताको फल

## सम्पादकीय

**सत्तामा सात** दल गठबन्धनको नेतृत्व गरेको नेपाली कांग्रेस पार्टीको संसदीय दलको बैठकमा सांसद्हरूले मुलुकको गृहमन्त्री एवं माओवादीसँग जारी वार्तामा सरकारी टोलीका संयोजक कृष्णप्रसाद सिटौलाको राजीनामा माग गरेका छन्। अस्वस्थताका कारण अस्पतालमा रहेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका लागि सम्भवतः आफ्नै पार्टीको संसदीय समूहको मागलाई बेवास्ता गर्नु कठिन हुनेछ। यो मागमा लुकेको आक्रोशका साथै सिटौलाको उचित विकल्प खोज्न ढिलाइ भएमा प्रधानमन्त्री र संसदीय दलबीचको तनाव एकातिर र अर्कोतिर वार्ताको अनिश्चितताले मुलुकमा अन्योलको स्थिति उत्पन्न हुनेछ।

कांग्रेस सांसदहरू सिटौलाविरुद्ध खनिनु पछाडिका कारण केही हदसम्म स्पष्ट छन्। गृहमन्त्रीका रुपमा उनको नेतृत्वमा अतिउत्साही रुपमा भएको प्रहरीको व्यापक स्थानान्तरणमा अनियमितता, पक्षपात र गैरव्यवसायिकता कारकहरूले प्रोत्साहन पाएकोमा सुरक्षानिकायभित्र अन्योल र आक्रोश अवश्य पनि बढेको छ। अर्कोतिर जनआन्दोलन दबाउन तत्कालीन सत्ताद्वारा भएको सत्ता, शक्ति र राष्ट्रिय ढुकुटीको दुरुपयोगबारे छानबिन गर्न रायमाझी आयोग गठन भएलगत्तै प्रमाण नष्ट हुनसक्ने गरी गृहमन्त्रीद्वारा जनपद र सशस्त्र प्रहरीमा अपारदर्शी किसिमले केही जिम्मेवारीहरू दिइएको आरोप पनि उनीमाथि लागेको छ। आन्दोलनताका एक प्रकृतिका जिम्मेवारीमा रहेका कसैको निलम्बन र कसैको प्रमोसन गर्नु पछाडिको मन्त्री सिटौलाको नियत आयोग र कांग्रेस संसदीय दलभित्र बहसको विषय बन्नु अस्वाभाविक हैन।


गृहमन्त्री कृष्णप्रसाद सिटौला
तेजबहादुर बस्नेत

गृहमन्त्रीका रुपमा भन्दा सरकारी वार्ताटोलीका संयोजकका रुपमा उनको भूमिका विवादको विषय बनेको छ। निश्चय पनि एकै व्यक्तिलाई गृहमन्त्री र वार्ताटोलीको संयोजनको भूमिका दिनु प्रधानमन्त्री कोइरालाको गल्ती थियो। त्यो नसच्याइनु अझ ठूलो गल्ती हो।

हो, संवेदनशील प्रकृतिको वार्ता गोप्यरुपमा सञ्चालित हुने गर्छन्। तर, सात दलका साथै आफ्नै संसदीय दललाई पनि वार्ताका जटिलता तथा प्रगतिबारे अन्धकारमा राखिनु र अर्कोतिर माओवादीसँग महत्त्वपूर्ण निर्णय र सहमतिमा हस्ताक्षर गरिनुले षड्यन्त्रको आशंका बढाएको छ। वर्तमान आक्रोशको मूलमा त्यही आशंका छ। गोपनीयता र एकल निर्णयशैली अलग अलग कुरा हुन्। र, प्रजातन्त्रमा त्यो सधैं पाच्य हुँदैन। सम्भवतः संसदीय दलसमक्ष सिटौलाले आफूलाई ज्यादा पारदर्शी र प्रजातान्त्रिक बनाउने वचन दिएमा अहिलेको परिस्थितिमा 'परीक्षण अवधि' लम्बिनेछ। तर, त्यसबाट मुलुक दुर्घटनामा पर्नु हुँदैन। यो सुनिश्चित गर्ने अभिभारा सिटौलाभन्दा कयौं ज्यादा या अझ एकतर्फी रुपमै प्रधानमन्त्री कोइरालाको हो, खासगरी कांग्रेस सांसदहरूले नै त्यति व्यापक र चर्को स्वरमा आफ्नो आक्रोश व्यक्त गरेपछि।

तर कांग्रेस संसदीय दलले अहिलेको वार्ता प्रक्रियासम्म मुख्य राजनीतिक दलहरू र माओवादीलाई पुऱ्याउनमा सिटौलाको दृश्य या अदृश्य भूमिकालाई बेवास्ता गर्नु अन्याय हुनेछ। हुनसक्छ, सरकारी वार्ताटोलीका संयोजक या गृहमन्त्रीभन्दा ज्यादा उनी शान्ति वार्ता मन्त्रालय या सचिवालय प्रभारीका रुपमा उपयुक्त हुनेछन्। तर, यो निर्णयमा ढिलाइ मुलुकका लागि अत्यन्तै अहितकर हुनेछ। ■




## समय साता

### असार २२

- २०६२ मा परीक्षा नियन्त्रण कार्यालयद्वारा एसएलसी परीक्षाको नतिजा प्रकाशित, बोर्ड फस्टको व्यवस्था खारेज ।
- नवलपरासीको महेन्द्र राजमार्गमा जन्ती बोकेको बस दुर्घटना, चारको मृत्यु, चालीस घाइते ।

### असार २३

- प्रमुख निर्वाचन आयुक्त केशवराज राजभण्डारी र राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्रीविरुद्ध महाभियोग लगाउने प्रस्तावमा प्रतिनिधिसभाका सदस्यहरूद्वारा हस्ताक्षर ।
- रौतहटको चन्द्रनिगाहपुरमा रहेको संयुक्त सरक्षा बेसक्याम्पका सेनाद्वारा गाउँलेलाई कुटपिट, सोको विरोधमा आठघन्टा राजमार्ग बन्द ।

### असार २४

- प्रतिनिधिसभा भंग गर्ने नहुने नेपाली कांग्रेस सांसदहरूको विचार ।
- सरकार-माओवादी युद्धविरामको दुई महिनाको अवधिमा पनि २२ जनाले ज्यान गुमाउनु परेको मानवअधिकार आयोगद्वारा जानकारी ।

### असार २५

- जर्मनीमा एक महिनादेखि चालु विश्वकप फुटबल प्रतियोगिताको फाइनलमा इटालीद्वारा फ्रान्स ट्राईब्रेकेरमा पराजित ।
- राजाको जन्मोत्सवमा सलामी चढाएको बारेमा प्रधानसेनापतिलाई रक्षा मन्त्रालयद्वारा सोधपुछ, व्यक्तिगत रूपमा शुभकामना दिन गएको प्रधानसेनापतिको जवाफ ।
- रूसमा भएको एक विमान दुर्घटनामा डेढ सय यात्रुको मृत्यु ।

### असार २६

- निर्वाचन आयोगका तीन आयुक्त दिलबहादुर कार्की, जयरामसिंह बोहोरा र डमरुवल्लभ भट्टराईद्वारा महाभियोग लाग्ने स्थिति आएपछि राजीनामा ।
- पाटन अस्पतालमा उपचारार्थ ल्याइएको विरामीको मृत्यु भएको आरोपमा विरामीका आफन्तद्वारा चिकित्सकमाथि हातपात । सोको विरोधमा अस्पतालका सबै सेवा २४ घण्टा बन्द ।
- पाकिस्तानमा यात्रुवाहक विमान दुर्घटनामा परी पैंतालीसको मृत्यु ।

### असार २७

- भारतको मुम्बईमा शृंखलाबद्ध बम आक्रमण, कम्तीमा दुई सय जनाको मृत्यु, करिब सात सय जना घाइते ।
- सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रतिनिधिसभाको बहुमतद्वारा पारित ।
- भारतको जम्मुकश्मीरमा रेल र बस एकापसमा जुध्दा बाइसको मृत्यु ।

### असार २८

- आन्दोलनताका पद शक्तिको दुरुपयोग गरेको बारेमा उच्चस्तरीय छानबिन आयोगद्वारा राजालाई पनि वयानका लागि बोलाउन सकिने दाबी ।
- अर्थमन्त्री डा. रामशरण महतद्वारा आर्थिक वर्ष २०६३-६४ को वार्षिक आयव्ययको विवरण प्रतिनिधिसभामा प्रस्तुत ।
- हुम्लाबाट नेपालगञ्जका लागि उडेको कर्णाली एयरको हेलिकप्टर बाँकेको बनकटियामा आपतकालीन अवतरण ।



## ... हो हो ... हो ...

खनेर हिल्याइएको खेतमा रोपाईका लागि मेलो सम्याउदैं ललितपुर खोकनाका किसानहरू। साँढे बाहन भएका पशुपतिनाथको मन्दिर रहेकाले काठमाडौं उपत्यकामा सामान्यतया गोरु जोत्ने गरिदैन।

■ तस्वीरः भास्वर ओझा




## शुभकामना !

हामीलाई अति प्यारो लाग्ने *समय* राष्ट्रिय साप्ताहिकको वर्ष ३, अंक ११४ पनि समयमै हात पर्‍यो । यसमा पस्किएका सामग्रीमा सम्पादकीय, न्यायको प्रतीक्षामा, मनमा अशान्ति जस्ता विषय पढ्दा मन छोयो । साथै तीन चार अंकमा दिएको बहुप्रतिष्ठित अठारौं विश्वकपको बारेमा अटुट रुपमा जानकारी गराइरहनु भएकोमा मुरी मुरी धन्यवाद दिन चाहन्छु । आगामी अंकमा पनि खेलसमाचारले निरन्तरता पाओस् शुभकामना ।

**■ कृष्णगोपाल प्रधान,**
लिवाली टोल, भक्तपुर

## सबै परिवर्तन जरुरी छ ?

अहिले नेपालको व्यवस्था परिवर्तनसँगै नाम परिवर्तनको लहर पनि चल्दो छ, विशेषगरी सरकारी कार्यालयहरूमा । तर, पछि आउने समस्यालाई समेत ध्यानमा नराखी परिवर्तन गर्नतिर लागेपछि फेरि कुनै समस्या त आउँदैन ? यसतर्फ पनि ध्यान जान जरुरी छ । श्री ५ र शाही हटाउनु त ठिकै छ । तर, विश्वविद्यालयका नाम समेत परिवर्तन गर्नुपर्छ भन्नेतिर लाग्नु भने उपयुक्त नहोला ।

**■ बिबी खनाल**
काठमाडौं
bbkhanal@yahoo.com

## स्यावास् अविन

*समय* वर्ष ३, अंक ११४ हात लाग्यो, सबै सामग्री पठनीय लाग्यो । प्रत्येक साता पठनीय सामग्री राख्न निरन्तर जुटिरहेकोमा *समय*लाई बधाइ । तर, समयको सुरुवाती कालदेखि नै मूल्यांकन गर्न पर्ने कार्टुन पनि हो । अविनका कार्टुनले गर्दा पनि *समय*ले पूर्णता पाएको मैले अनुभव गरेको छु । कार्टुन विधाले निरन्तरता पाओस् र रमाइला र पेचिला कार्टुन पस्किन सक्ने अविनलाई विशेष धन्यवाद ।

**■ उमेश मगर**
कल्याणपुर, नुवाकोट
हाल : गोंगबु

## खै *समय* बजारमा ?

मलाई मन पर्ने नेपाली पत्रिकाहरूमा *समय* पनि एक हो । तर, पत्रिका पसलहरूमा सधैंजसो *समय*को अभाव नै देखेको छु । यसको कारण के होला ? कि सीमित पाठकका लागि मात्र भनेर *समय* निकालिएको हो ? होइन भने बजारमा *समय* सर्वसुलभ उपलब्ध हुनु पर्‍यो र सँगै इन्टरनेटमा पनि *समय*लाई हेर्ने व्यवस्था गर्नुपर्‍यो ।

**■ राजन थापा**
ताहाचल, काठमाडौं

## गैससलाई पनि बाटोमा !

*समय*ले निरन्तर कसैले समेट्न आँट नगरेको रिपोर्ट सार्वजनिक गर्दै आइरहेको छ । यसका लागि *समय* राष्ट्रिय साप्ताहिक साँच्चिकै पत्रकारिताको धर्म अँगाल्न सक्षम रहेको मैले अनुभव गरेको छु । अहिले गैरसरकारी संस्थाका बारेमा कोही पनि बोल्न चाहँदैनन् किनको जवाफ सबैसँग छ । गैरसरकारीहरू पनि लाइनमा आउनु पर्छ भन्ने मान्यतामा कोही रहेको पाइँदैन । तर, *समय*ले यतातिर पनि चासो दिएर पत्रकारिताको धर्म नछोडेको मैले ठानेको छु । यो अभियान निरन्तर रहोस् । शुभकामना ।

**■ मिलन चाम्लिङ, इलाम**
हाल : बानेश्वर क्याम्पस काठमाडौं

## नेताहरूलाई सन्देश

देशमा सुखद क्षण पनि आउन सक्छन्
जित र हारको सँघारबाट उत्रिएर
तिम्रो असल विवेकको मिलन
नेपाली आमा र झन्डामा रही
यी सन्तानहरूमा समानता भर
भोलिको भविष्य कसले देखेको छ
आज तिमी नेपालीको इच्छा जान
भोलिको इतिहास बन्न सक्छ
नेपाली जनताप्रतिको बफादारिता
रह्यो भने
सदासदा तिम्रो नाम नेपाली हृदयमा
रगतले भिजेको पाखा र पखेरामा
अन्न उब्जन सक्छ
पुछिएका ती सिउँदोहरूले
रंगीन संसार हेर्न सक्छ
सह्यार ती बच्चाहरूलाई
भोलि देशको भविष्य बोक्न सक्छ
तिमी इमानका साथ सार्थक निर्णय गर
जनले शान्तिको सास फेर्न सक्छ
तिम्रो असल विवेकले नेपाली धर्तीमा
मिलन भयो भने
देशले नया काँचुली फेर्न सक्छ ।

**■ वसन्तमोहन अधिकारी**

## मनमा चिसो पस्यो

*समय* वर्ष ३, अंक ११४ को न्यायको प्रतीक्षामा अन्तर्गत यातना पीडितहरूको कथा पढ्दा कता कता मनमा चिसो पस्यो । सुरक्षाको जिम्मा लगेर बसेकाहरूले यो राजनीतिक परिवर्तनपछि पनि जनतालाई दुःख दिइरहने प्रवृत्ति नछोडको देख्दा कतै हामीलाई सफल हुन नदिने धेरै तत्त्व छन् कि जस्तो लाग्यो । अहिलेका परिवर्तित सरकारले के यसको जिम्मा लिन सक्दैन ? होइन भने फेरि पनि सेनाको गोदाइ खाइरहने हो भने जनताले खोजेको परिवर्तन के हो भनेर जान्ने सोझासाझा जनताले ?

**■ लक्ष्मण राई**
सरस्वती क्याम्पस,
लैनचौर



समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४

# अन्तःशुल्क फिर्ता, स्वभाविक प्रक्रिया

**सरकारलाई प्राप्त** भइसकेको अन्तःशुल्क राजस्व मदिरा कम्पनीहरूलाई फिर्ता गर्ने प्रक्रिया गैरकानुनी नरहेको प्रतिवेदन अर्थ मन्त्रालयद्वारा गठित एक समितिले दिएको छ। असार पहिलो साता एक राष्ट्रिय दैनिकले चार मदिरा कम्पनीलाई अन्तःशुल्कबापत उठाइएको ९ करोड रुपैयाँ गैरकानुनी रूपमा फिर्ता गरिएको समाचार प्रकाशित गरेपछि मन्त्रालयले सहसचिव सुरेन्द्रमणि त्रिपाठीको संयोजकत्वमा एक छानबिन समिति गठन गरेको थियो। पत्रिकाले अर्थमन्त्रालयका तत्कालीन निमित्त सचिव प्रमोदकुमार कार्की र आन्तरिक राजस्व विभागका महानिर्देशक रणबहादुर श्रेष्ठले मिलेमतोमा उक्त रकम फिर्ता दिएको उल्लेख गरेको थियो। अर्थ सचिव भोजराज घिमिरेलाई बुझाइएको प्रतिवेदनमा अन्तःशुल्क रकम उठाउने र फिर्ता गर्ने कानुनी प्रावधानका बारेमा प्रस्ट्याइएको छ।

अन्तःशुल्क ऐन-२०५८ मा 'मदिरा उत्पादनमा प्रयोग भएको खुदो (मोलासेस) वा स्प्रिटमा लागेको अन्तःशुल्क तयारी मदिरा निकासी गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइने' व्यवस्था छ। राजस्व प्रशासन अधिकारीहरूका अनुसार मदिराजन्य उत्पादनको कच्चा पदार्थका रुपमा प्रयोग हुने एक क्विन्टल मोलासेस आयातमा ३० रुपैयाँ अन्तःशुल्क उठाइँदै आएको छ। तयारी मदिरा निकासी गर्दा उत्पादकले मोलासेसमा तिरेको अन्तःशुल्क रकम कट्टा गरेर बुझाउन पाउने व्यवस्था छ।

तर आर्थिक वर्ष २०५९/०६० को पहिलो ६ महिनाका लागि ल्याइएको आर्थिक अध्यादेशमा अन्तःशुल्क फिर्तासम्बन्धी प्रावधान लेखिएको थिएन। तर, यो प्रावधान परम्परा बनिसकेको थियो। उठाइएको अन्तःशुल्क फिर्ता प्रक्रियाबारे अन्योल उत्पन्न भई फिर्ता पाउने रकम राजस्व कार्यालयहरूले फिर्ता नदिएपछि शारदा डिस्टिलरीले आन्तरिक राजस्व विभाग लगायतका सम्बन्धित सरकारी कार्यालयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थियो। सर्वोच्चले यसरी तिरेको अन्तःशुल्क फिर्ता गर्न आदेश दिएको थियो। अदालतको निर्णय र प्रचलित कानुनअनुसार पनि उक्त रकम फिर्ता दिने निर्णय भएको मन्त्रालयका अधिकारीहरू बताउँछन्। मदिराजन्य उद्योगलाई अन्तःशुल्क फिर्ता प्रक्रिया अहिले पनि यसै रूपमा कायमै रहेको छ।

यसैबीच यस मामिलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि जानकारी लिएको छ। यसै साता अख्तियारद्वारा जानकारी मागिएकोमा विभागले अन्तःशुल्क फिर्ता प्रक्रियाको कानुनी व्यवस्थाका बारेमा प्रस्ट पारिदिएको अधिकारीले बताएका छन्। ■

## गायिकाको सहयोगमा



**दुवै मृगौला** काम नलाग्ने हुँदा पनि प्रत्यारोपणका लागि खर्च जुटाउन नसकेकी गायिका सानु पहाडीको उपचारमा सहयोग गर्न मधुरिमा नेपाल कला केन्द्रले सांस्कृतिक कार्यक्रम आयोजना गर्ने भएको छ।

मधुरिमा कला केन्द्रले एक विज्ञप्ति प्रकाशित गर्दै उक्त कार्यक्रमको टिकट किनेर गायिका सानुको उपचारमा सहयोग गरिदिन सबैमा अनुरोध गरेको छ। विविध सांस्कृतिक कार्यक्रम नामकरण गरिएको उक्त सहयोग कार्यक्रम साउन ६ गते आयोजना गरिने जनाइएको छ। उक्त कार्यक्रममा कुन्ती मोक्तान, मीरा राणा, विमला राई, प्रदीप बमजन, क्रान्ति आले, रोशन गुरुङ, जगदीश समाल र हास्य कलाकार नारद खतिवडा लगायतका कलाकारहरू सहभागी हुने पनि मधुरिमाले जनाएको छ।


रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




रेडियो खबर पत्रिका

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

हालचाल

ताजा खबर थाहा पाउन- हालचाल, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

बिबिसी नेपाली सेवा

हरेक दिन राती (८:४५-९:१५)

हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज

नेपाली रेडियो
नेपाली आवाज

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

## नेपाली बजारमा भोग

हाइल्याण्ड डिस्टिलरी प्रालिले विश्वस्तरीय प्रिमियम ड्राइ जिन 'भोग' बिक्री वितरण सुरु गरेको छ। नेपालमा हालसम्म उपलब्ध जिनमध्ये 'भोग' सर्वोत्कृष्ट रहेको दाबी कम्पनीले गरेको छ। उपभोक्ताले उक्त जिनलाई विश्वमा सर्वाधिक बिक्री हुने 'बिफिटर' जिनको स्वादसँग मिल्दोजुल्दो पाएको प्रतिक्रिया दिँदै मन पराएका छन्। यो जिन नेपालभरि नै होटल, पब, रेस्टुराँ, बार, डिपार्टमेन्टल स्टोर लगायतका ठाउँमा उपलब्ध हुने कमपनीले जनाएको छ।

## आइएमईको सेवा इजरायलमा पनि

इन्टरनेसनल मनी एक्सप्रेस (आइएमई)ले इजरायलमा पनि सेवा विस्तार गर्ने भएको छ। विदेशमा गई काम गर्ने नेपालीले कमाएको रकम स्वदेश पठाउनका लागि आइएमई भरपर्दो माध्यम बन्दै आएको छ।

आइएमईले इजरायलको गोल्डेन विङ एभिएसन एन्ड फाइनान्स लिमिटेड (अल्फा क्लब)सँग व्यवसायिक सम्झौता गरेको छ। इजरायलमा नेपाली कामदारको संख्या बढ्ने क्रम जारी रहँदा उनीहरूले अब भरपर्दो माध्यमद्वारा नेपालमा रकम पठाउन पाउनेछन्। पाँच वर्षअघि मलेसियाबाट कारोबार सुरु गरेको उक्त संस्थाले हाल कतार, साउदी अरब, बहराइन, संयुक्त अरब इमिरेट्स, बेलायत, दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका लगायतका मुलुकमा सेवा पुऱ्याएको बताएको छ। नेपालमा स्थानीय तहबाटै आफन्तले पठाएको रकम लिन पाउने सुविधा उसले उपलब्ध गराएको छ।

## काइनेटिक नयाँ प्रविधिमा

काइनेटिक मोटरसाइकल नयाँ प्रविधिका साथ बजारमा आएको छ। कम्पनीका अनुसार हाल उक्त मोटरसाइकलमा टेलिफिल्टर प्रविधि र ग्याँस भरिएको एक अब्जर्भर थपिएको छ। श्रेष्ठ इन्टरनेसनल ट्रेडिङ कन्सर्नले बजार ल्याएको उक्त मोटरसाइकल खराब सडकमा समेत आरामदायी रहने कन्सर्नको दाबी छ। पाँच वर्षसम्मको निःशुल्क सर्भिसिङ सुविधा पनि उपलब्ध गराइएको जानकारी दिइएको छ।

## म्याकड्वेलको योजना

म्याकड्वेल नेपाल लिमिटेडले मेरो नम्बर वन् विनर कन्टेस्टको विजेता घोषणा गरेको छ। म्याकड्वेलले विश्व कपका क्रममा नेपाली दर्शकहरूमाझ फुटबलको चाख बढाउन 'विश्वकपको क्षण, म्याकड्वेलको क्षण' कार्यक्रम सञ्चालन गरेको थियो।

विश्वकप सुरु हुनु अघिदेखि २ जुलाइसम्म मुलुकका चार मुख्य क्षेत्रमा यो प्रतियोगिता सञ्चालन गरिएको थियो- काठमाडौं, पोखरा, विराटनगर र भैरहवामा। यी क्षेत्रमा भएका ५ सय रेस्टुरा र खुद्रा पसललाई यसपल्टको विश्वकप विजेताको भविष्यवाणी गर्न भनिएको थियो। यसरी भविष्यवाणी गरेका ५ हजारभन्दा बढी दर्शकहरूमध्ये ३३४ जनाले मात्र इटालीको नाम छानेका थिए।









# विदेशी स्वादको चस्का

**बर्सेनि आँपकै लागि करोडौं रकम भारत पुग्छ । तर, लाखौं बेरोजगार नेपाली आफ्नै माटोमा रुपैयाँ फलाउने उपाय छोडेर विदेश पस्न तँछाड मछाड गरिरहेका छन् ।**



■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)

गत वर्ष सुनौली नाकाबाट मात्रै पाँच करोड रुपैयाँको आँप नेपाल भित्रियो । अन्य नाकाको पनि हिसाब गर्ने हो भने त्यसको मूल्य करोडौं हुन्छ ।

नेपाली किसानले जाँगर गरेको भए त्यति धेरै रकम विदेसिने थिएन, बरु नेपाली किसान नै मालामाल हुने थिए । कृषिविद्हरू भन्छन्, 'नेपालका तराई भागमा आँप खेतीका लागि उपयुक्त हावापानी र उर्वर भूमि छ, उन्नत तरिकाले खेती गर्ने जाँगर गरेमा करोडौं रुपैयाँका आँप भारतबाट ल्याउनु पर्दैन, विदेश निकासी समेत गर्न सकिन्छ ।'

प्लान्ट क्वारेन्टाइन कार्यालय भैरहवाले संकलन गरेको सामान्य तथ्यांकअनुसार पनि सुनौली नाकाबाट गत वर्ष १७ सय ९३ मेट्रिकटन आँप नेपाल भित्रिएको थियो, जसको मूल्य करिब दुई करोड रुपैयाँ थियो । तर, त्यो तथ्यांक इमानदारहरूले बताएको विवरणका आधारमा मात्रै संकलन भएको अति न्यून थियो । सरकारी अधिकारीहरूले नै अनुमान गरेका छन्, जानकारी नदिईकन, विवरण लुकाएर वा चोरबाटो हुँदै नेपाल भित्रिएको आँपको परिमाण दोब्बरभन्दा बढी हुन सक्दछ ।

सुनौली नाकामा सामान्य तरिकाले थोरै थोरै परिमाणमा झोलामा राखेर आँप ल्याउनेहरूको लर्को लागे पनि उनीहरूको गणना हुने गरेको छैन ।

कृषि कार्यालयले नै भनेको छ, नेपालमा खपत हुने ९५ प्रतिशत आँप भारतबाट आउने गरेको



छ। बाँकी पाँच प्रतिशत बजार मात्रै नेपालमा उत्पादन हुने आँपले ओगट्ने गरेको छ। भारतका विभिन्न भागबाट नेपाल भित्रिने आँप भैरहवादेखि बुटवल, पाल्पा, चितवन, पोखरा, काठमाडौंसम्म पुग्ने गर्छ। तर, काठमाडौंका लागि बढी मात्रामा वीरगन्ज भन्सारबाट आँप जाने गर्छ।

प्लान्ट क्वारेन्टाइन भैरहवाका अधिकृत छविलाल पाण्डेको भनाइमा यस वर्ष सुनौली नाकाबाट ७६ लाख २८ हजार रुपैयाँ बराबरका आँप भित्रिइसकेका छन्। आँपको खास सिजन आइरहेकाले अरू ज्यादा आँप भित्रिने प्रष्ट छ।

त्यसो त यो वर्ष आँपका लागि अफाप वर्ष हो। आँप एक वर्ष बिराएर राम्ररी फल्ने गर्दछ। कृषि कार्यालय भैरहवाका बागबानी अधिकृत राकेश ओझा भन्छन्, 'आँप फले पनि नफले पनि ९५ प्रतिशत भारतमै निर्भर हुनु पर्छ।'

अहिले नेपाली बजारमा भारतीय आँपको खुद्रा मूल्य ३० देखि ४५ रुपैयाँसम्म छ। यो वर्ष आँप धेरै नफलेकाले त्यसको मूल्य बढी भएको हो। गत वर्ष भारतबाट भित्रिने आँपको सामान्य थोक मूल्य प्रतिकिलो १५ देखि २० रुपैयाँसम्म थियो।

नेपालमा अन्यत्रको तुलनामा पूर्वी तराईका जनकपुर, सर्लाही, सप्तरी लगायतका जिल्लामा बढी आँप खेती हुने गर्छ। तर, निकै उपयुक्त र उर्वर जमिन भए पनि पश्चिमका जिल्लाहरूमा आँपको खेती कम हुने गरेको छ।

बेरोजगारहरूको संख्या दिनदिनै बढिरहेको छ, मानिसहरू दिनदिनै विदेशिने चक्करमा देखिन्छन्। तर, आफ्नै देशमा दाम कमाउन सकिने निकै राम्रा सम्भावनाप्रति कसैको हेक्का छैन।

कृषि अधिकारीहरू भन्छन्, 'आँप खेती गरे पनि वर्षमा लाखौं कमाउन सकिन्छ। तर, किसानहरूले ध्यान दिएको पाइन्न।' उनीहरूको भनाइमा तराईभेगमा आँप खेतीको राम्रो सम्भावना छ। खाली रहने तराईका कयौं जमिनमा सजिलैसँग आँप खेती गर्न सकिने उनीहरूको तर्क छ।

कृषि अधिकारी ओझा भन्छन्, 'पश्चिम तराईका जमिनमा आँप खेतीको असाध्यै राम्रो सम्भावना छ, त्यसमध्ये रूपन्देहीको हावापानी अझ राम्रो छ। तर, खै किसानहरूले प्रयास नै गर्दैनन्।'

स्थानीयस्तरमा आ-आफ्नै तरिकाले थोरै धेरै आँप खेती हुने गरे पनि उल्लेख्य रुपमा वैज्ञानिक विधि अपनाइएका उदाहरण एकदमै कम छन्। तर न्यूनतम रूपमै भए पनि आधुनिक रुपमा व्यवस्थित खेती भएका ठाउँमा आँप खेती सफल भइरहेको कृषि कार्यालयको ठहर छ। सो कार्यालयले अहिले चार हजार आँपका बिरुवा वितरण गर्ने योजना अघि सारेको छ।

रूपन्देहीका विभिन्न भागमा आँपको उन्नत खेतीका प्रयास भएका त छन्। तर, त्यो पर्याप्त छैन। रूपन्देही जिल्लामा खपत हुने परिमाणमध्ये पाँच प्रतिशत आँप पनि जिल्लामा उत्पादन हुँदैन। यद्यपि, जति खेती भएको छ त्यो एकदम सफल देखिएको छ।

जिल्लाको छोटकी रामनगरमा आँपको नमुना खेती भएको छ। त्यहाँको पन्ध्र हेक्टर जमिनमा उन्नत बगैंचा बनाएर भएको खेती अरूका लागि पनि प्रेरणाको स्रोत हुन सक्छ। त्यहाँको आँप फल्न थालिसकेको छ र आम्दानी हुन थालिसकेको छ।

त्यसको प्रेरणाबाट चिल्हियाको पाँच हेक्टर जमिनमा भर्खर आँप रोपिएको छ। त्यहाँ उत्पादन सुरु नभए पनि आँपका बोट राम्रोसँग हुर्किरहेका छन्। कृषि कार्यालय रूपन्देहीले मानपकडीको चार हेक्टर जमिनमा पनि आँप रोप्ने योजना रहेको जनाएको छ।

पश्चिम तराईमा खेती भएका सीमित बगैंचाहरूमा बम्बैया, दसहरी र माल्दा जातका आँप सफल देखिएका छन्। त्यो बाहेक पनि सोखका रुपमा आँप रोप्नेहरूले सफेदा, चौसा, कलकतिया लगायतका नयाँ जात रुचाउने गरेको कृषि अधिकारीहरूको भनाइ छ।

आँप फल्ने, पाक्ने बेला भइरहे पनि नेपालका सहरदेखि गाउँसम्म भारतीय आँप नै पुगिरहेको छ। बुटवल-भैरहवामा आँप बिक्रेताहरू पनि सुनौली पुगेर आँप ल्याई बेच्ने गरिरहेका छन्।

बुटवलका एक आँप बिक्रेता बाबुलाल मिश्र नेपाली आँप नपाइने गरेका कारण भारतबाट ल्याउने र बेच्ने गरेको बताउँछन्। त्यस्तो गर्दा प्रशस्त नाफा हुने पनि उनले बताए। तर, स्वदेशमै प्रशस्त उत्पादन हुन सके आफूहरू भारत जान नपर्ने र नेपाली रकम नेपालमै रहने उनी बताउँछन्।






# मौलायो गाँजा

**सबैको ध्यान** राजनीतितिर मात्र केन्द्रित भइरहेका बेला पश्चिम तराईका भारतीय सीमा नजिकका जमिनमा गाँजाका बोटहरू झाँगिदै गइरहेका छन्। खासमा रुपन्देहीका सीमावर्ती गाउँहरूमा अहिले गाँजाको अवैध खेती नजानिँदो पाराले मौलाइरहेको छ। जुन खेतीतर्फ कसैको ध्यान गएको छैन।

भर्खर उम्रिएर हुर्किंदै गरेका गाँजालाई स्थानीय बासिन्दाहरू बेवारिसे भन्न रुचाउँछन् र कसैको रेखदेख नभएको दाबी गर्छन्। तर, वास्तविकता त्यस्तो लाग्दैन। कतै कतै व्यक्तिगत र कतै कतै सार्वजनिक जग्गामा हुर्किरहेको गाँजा तस्करीका लागि कसै न कसैबाट संरक्षण भइरहेको छ। नजिकका सीमाका चोरबाटाबाट भारतमा तस्करी गर्नका लागि त्यस्तो खेती भइरहेको छ। तर, त्यस्तो खेती गर्नेहरूको नामोनिसान भेटिँदैन। स्थानीय केही व्यक्तिहरू भन्छन्, 'खै बोटहरू ठूला भएपछि को को आउँछन्, लैजान्छन्।'

थाहा भएका धेरैजसो त गाँजा खेतीबारे गुदी कुरा बताउन चाहँदैनन्, गाँजाको प्रसंग उठ्नासाथ उनीहरू तर्किन्छन्। कतिपय स्थानीय व्यक्तिले आफ्नै जग्गामा गाँजा खेती गरे पनि सार्वजनिक जग्गामा गाँजा छरेर छाड्नेहरू अर्कै हुन्छन्। जो आपराधिक गिरोहमा संलग्न छन्, नेपालमा प्रायः बस्दैनन्, गाँजाबारे नबताउन स्थानीय बासिन्दालाई चेतावनी दिन्छन्।

एक स्थानीय बासिन्दा रामहरि गौतमको भनाइमा सार्वजनिक जग्गामा बेवारिसभैंm हुर्किरहेको गाँजा तयारी अवस्थामा पुगेपछि एकाएक रित्तिन्छ, भारततिर पुग्छ। त्यस्तो तस्करीबारे धेरैलाई वास्ता हुँदैन, थाहा पाउनेहरू पनि झट्ट बोलिहाल्दैनन्।

उनका भनाइमा अहिले सार्वजनिक जग्गामा भर्खर गाँजाका बोटहरू हुर्किन थालेका छन्। सार्वजनिक जग्गामा खेती भएकाले त्यसलाई मास्ने, फाँड्ने काम कसैले गर्दैन। निर्दोष गाउँलेको भनाइमा भारतमा रहने आपराधिक गिरोह र त्यसका नजिक रहने प्रतिकार समूहका व्यक्तिहरूले त्यस्तो गाँजा तयार भएपछि चोरबाटो हुँदै भारत पुऱ्याउने गर्छन्।

वर्षौंदेखि सुरक्षाकर्मी गाउँमा नजाने गरेका कारण गाँजा तस्करी गर्न तस्करहरूलाई झन् सजिलो भइरहेको छ।

सार्वजनिक जग्गामा टन्न गाँजा खेती हुर्किरहेको र मुलुकमा युद्धविराम भएको यो बेला पनि प्रहरी प्रशासन भने त्यसबारे कुनै जानकारी नभएको बताउँछ। जिल्ला प्रहरी कार्यालय रुपन्देहीको लागूऔषध नियन्त्रण शाखाका एक प्रहरी अधिकृत त रुपन्देहीमा गाँजा खेती हुने गरेको कुरा नै थाहा नभएको बताउँदै भन्छन्, 'अहिलेसम्म त्यस्तो भेटिएको छैन।'

उनले यसो भने पनि सीमा नजिकका मैनिहिया, कम्हरिया, बगाह, दयानगर लगायत ठाउँमा बेवारिसे लाग्ने गाँजा हुर्किरहेका देखिन्छन्। स्थानीय बासिन्दा अरबिन्द थारु भन्छन्, 'टन्न गाँजा उम्रिएको छ, कसले छऱ्यो ? कसले काट्छ ?, कसले लैजान्छ ?, हामी त केही जान्दैनौं।'

प्रहरी प्रशासनले अनभिज्ञ भएको दाबी गर्दा र स्थानीयवासीहरू खुलेर नबोल्दा रुपन्देहीमा कति जग्गामा त्यस्तो खेती हुन्छ ? कति गाँजा तस्करी हुन्छ ? कतै कुनै तथ्यांक छैन। तर, सार्वजनिक जग्गामा टन्न गाँजा देख्दा लाग्छ रुपन्देहीमा मात्रै हजारौं किलो गाँजा उत्पादन भई भारतमा तस्करी हुन्छ। तर, आश्चर्यलाग्दो कुरा छ, प्रहरी भने अहिलेसम्म कत्ति पनि गाँजा बरामद नभएको दाबी गर्छ। जिल्ला प्रहरी कार्यालय रुपन्देहीको लागूऔषध नियन्त्रण शाखामा कार्यरत सबइन्स्पेक्टर प्रेम चौधरी भन्छन्, 'गत वर्ष गाँजा पक्राउ नै परेको छैन।'

तर, सीमावर्ती जग्गाभरि गाँजा खेती हुनुले प्रहरीको त्यस्तो दाबी हास्यास्पद सावित हुनछ। एक तथ्यांकअनुसार गाँजा गुणस्तर हेरीकन प्रतिकिलो ६ सयदेखि १२ सय रुपैयाँसम्ममा बिक्री हुन्छ। नेपालमा ६ सय रुपैयाँमा पाइने गाँजा भारतमा ६ सय भारतीय रुपैयाँमा बिक्री हुने गर्छ।

सुनौली नाका जस्तै प्रमुख नाकामा बाहेक अन्यत्र प्रहरीको उपस्थिति नभएकाले गाँजाको तस्करी सहज भएको हो। लागूऔषध तस्करहरू चोरबाटाको अत्यधिक प्रयोग गर्छन्। जहाँ वर्षौंदेखि सुरक्षाकर्मी पुग्न सकेका छैनन्। वैधानिक नाकाबाट भने साबुन, चाउचाउ, अन्डाको क्रेट र अन्य कार्टुनमा राखेर गाँजा भारत पुऱ्याउने गर्छन्।

तीन महिनाअघि नेपालबाट भारत जाँदै गरेको ६० लाख बराबरको चरेस भारतको नौतनहवामा पक्राउ परेको थियो। त्यस्तो चरेस सुनौली नाका हुँदै त्यहाँ पुगेको भारतीय प्रहरीको भनाइ छ। गाँजाबाटै बन्ने लागूऔषध हो चरेस। उक्त परिणामको चरेस रुपन्देहीकै सीमा क्षेत्रमा बनेको अनुमान छ प्रहरीको लागूऔषध शाखाको दाबीमा गत वर्ष रुपन्देहीको मुख्य नाकाबाट कत्ति पनि गाँजा पक्राउ नभए पनि १४ ग्राम ९ सय ४६ मिली ग्राम ब्राउनसुगर र ठूलो परिमाणमा फेन्सिडिल लगायतका लागूऔषध पक्राउ परेका थिए। लागूऔषधको ओसारपसारमा पक्राउ परेकामध्ये बुटवलका विष्णु क्षेत्री, नवीन राना तथा भैरहवाका प्रवीण शर्मा, राजु बगाली लगायतलाई मुद्दा चलाइएको प्रहरीले जनाएको छ।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)

# आधिकारिताविनाका जनअदालतहरू ?

**अछामको साँफेबगरका** अधबैंसे व्यापारी जगत खड्का ३१ दिनदेखि माओवादी विद्रोहीका अघिपछि दौडिरहेका छन् । एक युवतीसँग अवैध सम्बन्ध राखेको आरोपमा माओवादीले जगतलाई आफ्नो नियन्त्रणमा लिएका हुन् । माओवादी सुप्रिमो प्रचण्डले जनअदालत खारेजी गर्न ठाडो आदेशदिए पश्चात् पनि साँफेका जगत खड्काझैं दर्जनौं व्यक्तिहरू उनीहरूको कथित जनअदालतमा धाइरहेका छन् ।

निर्दोष राजनीतिकर्मी तथा अमरगढी नगरपालिकाका पूर्व उपप्रमुख डम्बर गैराललाई माओवादी जनअदालतले ठाडो आदेश जारी गरी अदालतमा हाजिर गराउने निर्णय गर्दा परिवर्तित अवस्थाबारे कार्यकर्तालाई प्रशिक्षण दिन माओवादीका प्रभावशाली नेता लेखराज भट्ट 'राकेश' डडेलधुरा पुगेका छन् । माओवादी विद्रोहीले विगत केही समयदेखि लिएको लचिलो नीतिविपरीत माओवादीका जनअदालत भने सक्रिय नै छन् । कुनै समयका चर्चित पत्रकार पदम ठकुराठी अवस्था यही रहयो भने माओवादी र दलहरूबीचको समझदारी चाँडै टुंगिने र मुलुक पुनः युद्धतिर धकेलिने बताउँहछन् ।

डडेलधुरामा केही दिनयता माओवादी जनअदालतका क्षेत्रीय न्यायाधीश रामबहादुर केसी मुकाम खडा गरी मुद्दा फैसला गरिरहेका छन् । सामान्य रुपमा कैलालीमा कानुन व्यवसाय गर्ने केसी केही समयदेखि माओवादी जनअदालतका क्षेत्रीय न्यायाधीशको रुपमा काम गरिरहेका छन् । सुदूरपश्चिममा मात्रै दुईवटा पुनरावेदन र नौवटा जिल्ला अदालत रहेको अवस्थामा केसीले क्षेत्रीय न्यायाधीश भई पूरै क्षेत्रलाई कत्तिको न्याय दिइरहेका छन्, अध्ययनको विषय हुनसक्छ । पार्टीको नीति जनअदालत चलाउने नभएको भए पनि जिल्लामा आउँदा जनताले दिएका निवेदन मात्र लिएको दाबी माओवादीका डडेलधुरा इन्चार्ज शंकर खड्काले गरे भए पनि यथार्थमा माओवादीको जनअदालतले अहिले तीव्रगतिमा काम गरिरहेको छ । माओवादीले जनअदालत खडा गर्ने र न्याय दिने क्रियाकलाप न्यायका सर्वमान्य सिद्धान्तविपरीत भएको बताउँदै एमाले डडेलधुरा सचिव पठानसिंह बोहरा भन्छन्, 'आफै मुद्दाहरू खोज्दै हिँड्ने माओवादीको जनअदालतले कस्तो न्याय देला ?'

एकातिर माओवादीका जिल्ला इन्चार्ज शंकर खड्का जनअदालत नचलाएको बताउँछन् भने अर्कोतिर माओवादीको जनअदालतका न्यायपालिकाबाट वर्षौंदेखि न्याय नमिलेकाहरूको पनि दर्जनौं निवेदन आएको आफै स्वीकार गर्छन् । मुद्दाहरू प्रक्रियागत रुपमा अगाडि बढिरहेको बताउँदै इन्चार्ज खड्का भन्छन्, 'हामी सहरी क्षेत्रमा कुनै अदालत बनाउँदैनौं । स्थानीय माओवादी कार्यकर्ता अर्जुन विष्टको घरमा बसेको माओवादीका क्षेत्रीय न्यायाधीश रामबहादुर केसीकहाँ डडेलधुरामात्र नभई डोटी, कैलाली, कञ्चनपुर लगायतका जिल्लाबाट पनि मुद्दा ल्याएर आउनेको घुइँचो नै लागेको छ ।

गाउँमा कुनै पनि परिवर्तन भएको छैन, स्थानीय बासिन्दाहरू अहिले पनि माओवादीको बन्दुके आचरण भोग्न बाध्य छन् । पत्रकार महासंघ डडेलधुराका सभापति छत्र साउद माओवादीले खुला राजनीतिक आचरण विकास नगरे राजनीतिक रुपमै माओवादीको अवसान हुनसक्ने बताउँछन् ।

जनआन्दोलनको सफलतापश्चात् अमरगढी नगरपालिकाका ३ र बगरकोट गाविस ९ बाट अवैध सम्बन्धकै कारण समातिएका तीनजनालाई माओवादीले भिन्न स्थानमा काम गर्ने गरी श्रमकैद तोकेका छन् । छिमेकी कन्चनपुरमा मात्रै कानुनी राजलाई धक्का दिँदै माओवादी जनअदालतमा झन्डै डेढ सय मुद्दा रहेको बताउन उनीहरू गौरवान्वित हुन्छन् । तर, माओवादीका पछिल्ला क्रियाकलापबाट नागरिकहरू आधिकारिकताविनाको सत्ताको नराम्रो चपेटामा परेका छन् ।

एकजना अधिकारकर्मीका भनाइमा अहिलेको अवस्थामा माओवादीले २५ बुँदे आचारसंहिता र आठ बुँदे सम्झौता पत्र होइन सुप्रिमो प्रचण्डको आदेश समेत अस्विकार्दै आफ्नो पूर्व चरित्र नै दोहोऱ्याइरहेका छन् । जसबाट जनताले सास्ती मात्रै झेल्नुपरेको छ । डडेलधुरा र कञ्चनपुरलाई मात्र हेरेर अनुमान गर्ने हो भने सुदूरपश्चिममा माओवादीको जनअदालतले सयौंलाई तारेखमा राखेको बुझिन्छ । डडेलधुराको आदित्पुरमा रहेको स्वर्गीय डम्मर रावलको घरमा रहेको माओवादी जनअदालतका न्यायाधीशले अछामका जगतलाई अवैध सम्बन्ध कायम गरेकी युवतीसँग नै विवाह गर्ने सजाय सुनाइएको छ ।

'कुनै प्रक्रियाविना नै मौखिक आदेश दिएका छन्', जगत भन्छन्, 'म उनीसँग विवाह गर्न सक्दिनँ ।' कुनै पनि दस्तावेज विनाको घुम्ती अदालतले डर र दबाबमा दिएको न्याय कतिसम्म दिगो हुने हो, कसैलाई थाहा छैन । राज्यद्वारा झन्झटिलो र लामो प्रक्रियापश्चात् मात्र दिइने हुँदा पीडितहरू गाउँमा दबदबा रहेका माओवादीलाई आफ्ना समस्या सुनाउँदै आएका पाइन्छन् । अवैध सम्बन्ध मात्र होइन लेनदेन जग्गासम्बन्धी किचलो हत्या आदिका बारेमा माओवादीलाई सुनाउँदा छिटो काम हुन्छ भन्ने भ्रम जनतामा नफैलिएको चाहिँ होइन ।

■ **श्याम भट्ट/अमरगढी, डडेलधुरा**


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| भद्रपुर | बिहान ५.१० बजे | कलैया | बिहान १०.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| जनकपुर | बिहान ७.२० बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| गौर | बिहान ६.५५ बजे | वरथवा | बिहान ७.४० बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | | |
| पोखरा | बिहान ७.३० बजे | | |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| | | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# व्यक्ति हत्याको राजनीति

■ श्यामसुन्दर यादव/राजविराज

**मधेसी मुक्तिको नाममा** माओवादीबाट अलग भएर गठन भएको जनतान्त्रिक तराईमुक्ति मोर्चाले हत्या, हिंसा, अपहरण र फिरौतीजस्ता आपराधिक क्रियाकलाप सीमावर्ती क्षेत्रका गाउँमा तीव्र पारेर आंतक फैलाएका छन्। तराईमा बसोवास गर्दै आएका पहाडे समुदायलाई मुख्य शत्रु मान्दै आएका मोर्चाका कार्यकर्ताहरूले अब मधेसीहरूलाई समेत निसाना बनाउन थालेका छन्।

यसको ताजा उदाहण हो, भारतीय सिमानामा पर्ने सप्तरीको छिन्नमस्ता गाविसमा असार २१ गते राति ११ बजे मारिएका २ युवक। गाउँकै मुसहर चौधरीको घरबाट भोज खाई फर्किंदै गर्दा छिन्नमस्ता-१ का २५ वर्षीय गुल्टेन भनिने विजय झा र सोही गाविस - २ का महेन्द्रप्रसाद यादव लालापट्टी गाउँ जाने ग्रामीण सडकमा टाउकोमा गोली हानेर मारिए। घटनास्थल पूर्वाञ्चलकै प्रसिद्ध शक्तिपिठ छिन्नमस्ता भगवती मन्दिरदेखि करिब पाँच सय मिटर पूर्वमा पर्छ।

निर्दोष युवाद्वयको हत्यापछि स्थानीय बासिन्दा मात्र होइन, माओवादी समेत मोर्चासँग हत्याको बदला लिने निष्कर्षमा पुगेको छ। उक्त घटनापश्चात् मृतकद्वयको शवलाई सप्तरीवासीको सहयोगमा माओवादीले असार २२ गते राजविराज नगरपरिक्रमापश्चात् विरोध सभा आयोजना गऱ्यो। सयौं जनसमुदायको सहभागिता रहेको विरोध सभामै माओवादीका कार्यवाहक जिल्ला सेक्रेटरी विमल र जनसरकार प्रमुख उमेशकुमार यादवले मृतक गाउँस्तरको सहयोगी कार्यकर्ता रहेको भन्दै सहिद घोषणा गरेका छन्। सोही सभामा उनीहरूले प्रशासनको आडमा मोर्चाले हिंसात्मक गतिविधि तीव्र पारेको आरोपसहित हत्याको बदला लिएरै छाड्ने सार्वजनिक संकल्प गरेका छन्।

उक्त घटनाबारे मोर्चाका पूर्वी कमान्ड इन्चार्ज ज्वाला सिंहले भने सुराकी गरेको आरोपमा नियन्त्रणमा लिन खोज्दा प्रतिकारमा दुवैजना मारिएको टेलिफोन सम्पर्क गरी जानकारी गराएका छन्। उनले मृतकहरूको साथबाट एक एक थान कट्टुवा पेस्तोल र गोली तथा खुकुरी समेत बरामद गरिएको दाबी समेत गरेका छन्। तर, पूर्वी कमान्ड इन्चार्ज सिंहको भनाइमा सत्यता रहेको बुझिँदैन। हाल मोर्चाका जिल्ला संयोजक रणवीर सिंह भनिने रामनारायण यादवसँग मृतकद्वयको पुरानो रिसइवी रहेको स्थानीय बासिन्दाको भनाइ छ। संयोजक सिंहको घर पनि छिन्नमस्ता गाविसमै छ। मन्दिर समितिका महेन्द्र यादवसँग रकम हिनामिनाको विषयमा पुरानै विवाद थियो। असार १५ गते छिन्नमस्तामा माओवादीको सैन्य प्रशिक्षण भइरहेकै बेला माओवादीले मोर्चाका जिल्ला संयोजक सिंहले सार्वजनिक पोखरीमा पालेका माछा कब्जामा



मृतक महेन्द्र यादवका श्रीमती र छोरीहरू विलाप गर्दै।

लिएका थिए। माछा मार्ने कार्यमा विजय झा र महेन्द्रप्रसाद यादव संलग्न रहेको आशंका समेत उक्त घटनाको कारक तत्त्व भएको हुन सक्ने स्थानीय बासिन्दाको कथन छ।

मोर्चाद्वारा गराएको हत्या र पूर्वी कमान्ड इन्चार्ज सिंहको अभिव्यक्तिप्रति मोर्चाभित्रै व्यापक असन्तुष्टि देखिएको छ। मोर्चाका जिल्लास्तरीय कार्यकर्ता विवेकले भने यादव र झाको हत्या पार्टीले नगरेको दाबी गर्दै व्यक्तिगत रिसइबी साध्नका लागि गरिएको बताएका छन्। केही महिनाअघि मात्रै जिल्ला इन्चार्ज डिएन सिंह, संयोजक लाल र एरिया सेक्रेटरी हरिशचन्द्रलाई केन्द्रीय संयोजक जयकृष्ण गोइतले कारबाही गरेका थिए। कारबाहीमा परेकाहरूको र संयोजक रणवीर सिंहको कमान्डमा बेग्लाबेग्लै समूह छ। यसैगरी अपहरण र फिरौतीजस्ता कार्यमा विवेकको समूह हाल सक्रिय रहेको छ। छिन्नमस्ताको घटनाप्रति गोइतको अभिव्यक्ति आउन सकेको छैन।

प्रायः मधेसी बौद्धिक जमात मोर्चाका गतिविधिप्रति सहमत छैनन्। माओवादी जनयुद्ध र शाही सत्ताको चेपुवामा परेको अवस्थामा युद्धविराम र लोकतन्त्रको प्राप्तिसँगै सम्पूर्ण नेपालीको अनुहारमा खुसीको चमक देखिएको छ। तर, सप्तरी सिरहामा भने मोर्चाले आफ्ना गतिविधि कायमै राखेकाले अझै आतकंको छायाँमा बस्नु पर्ने बाध्यता छ।

यस्ता घटना बढेपछि नेपाल जनवादी मोर्चाका अध्यक्ष एवं वरिष्ठ गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहले जनतान्त्रिक तराई मुक्ति मोर्चाले मधेसी जनताको मुक्ति दिन नसक्ने बताएका छन्। उनले तराईवासीको मुक्तिको नाममा अगाडि बढाइँदै आएको आपराधिक गतिविधि तत्काल रोक्नुपर्ने बताएका छन्। गोइतको क्षमता र मुक्तिप्रतिको त्याग सह्रानीय रहे पनि उनी कसैबाट सञ्चालित रहेको सिंहको कथन छ। सिंह भन्छन्, 'नव नेपालको निर्माण गर्ने सुखद घडीमा मधेसी समस्याप्रति संवेदनशील पार्टी संघसंस्था एकजुट हुनुपर्छ। साम्प्रदायिक हिंसा फैलाएर कसैको भलो हुनेछैन। गोइतले आपराधिक गतिविधि बन्द गरी अधिकारप्राप्तिको लडाइँ राज्यसत्तासँग लड्नुपर्छ।'

अर्का भारतीय वामपन्थी नेता एवं वरिष्ठ पत्रकार गौतम नौलखाले समेत वर्तमान अवस्थामा मोर्चाले आफ्ना गतिविधि त्याग्नु पर्ने बताएका छन्। नेपालको राजनीतिमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादबाट नेपाली जनता सचेत रहनु पर्ने प्रस्ट पार्दै उनले भने, 'नेपाली जनताबीच विखण्डन ल्याउनका लागि केही स्वदेशी तथा विदेशी तत्व सक्रिय रहेकोले त्यसबाट सचेत रहनुपर्छ।' मोर्चाका गतिविधिले साम्प्रदायिक हिंसा भड्काउने काम मात्र गरेको स्थानीय मानवअधिकारकर्मीहरूको प्रतिक्रिया रहेको छ। इन्सेक प्रतिनिधि प्रकाश खतिवडा र अर्का मानवअधिकारकर्मी दिनेशकुमार यादवले हत्या हिंसाले मधेसको कल्याण नहुने भएकाले मोर्चासँग वार्ताका लागि सरकारले तत्काल कदम चाल्नुपर्ने बताएका छन्।

सप्तरीको रम्पुरा मल्हनिया गाविसका

**मधेसी समुदायको मुक्तिको नाममा खुलेको जनतान्त्रिक तराईमुक्ति मोर्चाका नेताहरूले मधेसीहरूको मुक्तिमा भन्दा बढी व्यक्तिगत रिसइवी र फाइदाका लागि व्यक्ति हत्याको राजनीति सुरु गरेपछि मधेसमा आतंक छ।**



मृतक झाका आमा र पत्नी आफन्तसँग विलाप गर्दै।

निवर्तमान अध्यक्ष बद्री यादव पनि मोर्चाभित्रको रिसइवीको सिकार भइसकेका छन्। छोराको बिहेको तयारीमा जुटेका बद्रीको सम्साँझै गत जेठ २० गते भारतीय सीमावर्ती क्षेत्र कुनौलीमा हत्या भयो। मोटरसाइकल चढी कुनौली चोकमा पान खान गएका बेला राति सवा आठ बजेतिर उनीमाथि गोली प्रहार भयो। मोटररसाइकल चढ्नै लाग्दा छेवैको घुम्टीपछाडिबाट दुईजना हतियारधारीले चार राउन्ड गोली प्रहार गरेको स्थानीय प्रत्यक्षदर्शी बेचु यादवको भनाइ छ। मोर्चाको आधार इलाका मानिँदै आएको त्यस क्षेत्रमा तीव्र रुपमा बढ्दै गएको डकैतीका घटना कमी आएको थियो। मोर्चाका कार्यकर्ताले चलखेल गर्दै आएकै कारणले होला विगत डेढ वर्षदेखि त्यस क्षेत्रका बासिन्दाले शान्तिको सास फेर्न पाएका थिए। सम्साँझै निवर्तमान अध्यक्षको हत्यापछि सीमावर्ती बजारमा सन्त्रास कायमै छ। पहिला १० बजे रातिसम्म खुल्ने पसल अहिले सूर्य नअस्ताउँदै बन्द हुन्छन्।

नेपाली कांग्रेससँग आबद्ध अध्यक्ष यादवको हत्याको विषयमा वास्तविकता प्रस्ट हुन सकेको छैन। घटनालगत्तै मोर्चाका पूर्वी कमान्ड इन्चार्ज ज्वाला सिंहले हत्याको जिम्मेवारी पनि लिए। स्थानीय पत्रिकाहरूमा उक्त कुरा सार्वजनिक पनि भयो। तर, दुई दिन बित्न नपाउदै मोर्चाका केन्द्रीय संयोजक गोइतद्वारा प्रेस विज्ञप्तिमार्फत खण्डन गरियो। मोर्चाको लेटरप्याडमा पूर्वी कमान्डका इन्चार्ज ज्वाला सिंहको हस्ताक्षर नक्कली रहेको भनियो। संयोजक गोइतले तराईवासी पार्टीप्रति आक्रोशित हुने हो कि भन्ने आशंकामा पूर्वी कमान्ड इन्चार्ज सिंहको विज्ञप्ति खण्डन गरेको हुन सक्ने स्थानीयवासीको आरोप छ।

आफ्ना सक्रिय कार्यकर्ता मारिएकोप्रति आक्रोश व्यक्त गर्दै सप्तरी कांग्रेसका सचिव सुशील सेवाले अविलम्ब घटनाबारे छानबिन हुनुपर्ने बताएका छन्। 'यदि मोर्चाले आफ्ना कार्यकर्तालाई हत्या गरेको होइन भने जिम्मेवारी किन लिइयो', सेवाले भने, 'युद्धविरामको अवस्थामा स्थानीय प्रशासनले वास्तविकता खोतल्न नसकी अपराधीलाई धाप दिने प्रयास गरेको छ।'

पहाडेमूलका बासिन्दालाई मुख्य शत्रु मान्दै आएका मोर्चाका कार्यकर्ताले असार २० गते राजविराज भन्सार कार्यालयमा कार्यरत निमित्त कार्यालय प्रमुख तीर्थराज खतिवडालाई कार्यालयबाटै अपहरण गरी लगेका थिए। मोटरसाइकल चढी आएका दुई अपरिचित व्यक्तिले तपाईंलाई जनसरकार प्रमुख उमेशले बोलाउँदै छ भनी सोही मोटरसाइकलमा राखेर अज्ञातस्थलतर्फ लगेका थिए। विराटनगर घर भएका खतिवडालाई ३ लाख रुपैयाँ फिरौती लिएर शुक्रवार दिउँसो मुक्त गरिदिएका छन्। अपहरणपश्चात् मोर्चाका कार्यकर्ता विवेकले ५ लाख रुपैयाँ फिरौती माग गर्दै आएका थिए।

त्यसैगरी मोर्चाकै सशस्त्र समूहले सिराहस्थित मडार भन्सार कार्यालयका निमित्त प्रमुख उद्धव ढुंगानालाई गत २४ गते राति कार्यालयबाटै अपहरण गरेका छन्। राति ११ बजेको समयमा करिब बीसजनाको संख्यामा आएका हतियाधारीले दुइटा मोटरसाइकल, नगद १० हजार रुपैयाँ, एक थान कलर टेलिभिजन, घडी लगायतका सामान लुटेर लगेका छन्। कार्यालय परिसरभित्र उनीहरूले मोर्चाको पर्चा छरेर गएका थिए। पर्चामा 'माओवादी लगायत राजनीतिक दल, संघसंस्था शक्ति र व्यक्तिहरूले सत्यतथ्य कुरा बताउनु र सही समाधान खोज्नुभन्दा पनि सतही र जाली कुरा गरेर तराईका मूल निवासीलाई भुक्याउने कार्य गरेकाले तराई मुक्तिका लागि सशस्त्र युद्ध गर्नु परेको धारणा व्यक्त गरिएको छ।

उनीहरूले ढुंगानाको अपहरणको जिम्मा लिँदै मोर्चाका तराई मुक्तिसेनाका कमान्डर विहारी महतोले रिहाइका लागि १० लाख रुपैयाँ फिरौती माग गरेका छन्।

अहिलेसम्म शाही सत्ता समर्थकलाई त कारबाही गर्नुको साटो संरक्षण नै दिएको कुरा आम जनताबाटै उठ्न थालेको छ। शाही सरकारको समयमा जिल्ला विकास समिति सप्तरीका मनोनीत इलाका सदस्य सञ्जयकुमार मिश्रको घरमा माओवादीले २०६२ फागुन २० गते तालाबन्दी गरेको थियो। मनोनीत सदस्य पदबाट पटक-पटक राजीनामा दिनका लागि गरिएको आग्रहलाई बेवास्ता गर्दा माओवादीको एक समूहले मिश्रको घरमा तालाबन्दी गरेको थियो। माओवादीद्वारा ताला न खोलिएपछि मोर्चाका कार्यकर्ता विवेकले असार ३ गते स्थानीय बासिन्दाको रोहवरमा ताला खोलिदिएका छन्। तत्कालीन मनोनीत इलाका सदस्य मिश्रका भाइ अजय आफ्नो कार्यकर्ता रहेकाले बाध्य भएर ताला खोलेको स्थानीय बासिन्दासमक्ष विवेकले बताएको कुरा यसअघि सार्वजनिक भइसकेको छ। मोर्चाको जिल्ला संयोजकको जिम्मेवारी पाएका रणवीर सिंह उपनामका रामनारायण यादव जिविसका मनोनीत सदस्य सत्यनारायण यादवका भाइ हुन्।

मोर्चाले माओवादीसँगको एकतामा सौदावाजी गर्नका लागि सजिलो होस् भनेर आफूलाई सक्रिय देखाउने नाममा यस्ता गतिविधि गरेको तर्क दिनेहरू पनि छन्। तैपनि, २०६१ साउन १० गते माओवादीबाट अलग भई सशस्त्र विद्रोहमा होमिएका जनतान्त्रिक तराई मुक्तिमोर्चाका केन्द्रीय संयोजक जयकृष्ण गोइतले एकताका लागि अघि सारेका चारबुँदे सर्तप्रति माओवादीले चासो देखाएको छैन। गत जेठ ७ गते सप्तरीको कठौनामा स्थानीय सञ्चारकर्मीहरूसँग कुरा गर्दै माओवादी नेता मातृका यादवले गोइतलाई एकताका लागि आह्वान गरेका थिए। यादवद्वारा एकताका लागि गरिएको आह्वानप्रति आफू उत्सुक रहेको जनाउँदै गोइतले तत्कालै चारबुँदे सर्त राखेका थिए। एक महिना बितिसक्दा पनि गोइतको सर्तप्रति माओवादी पक्षले कुनै प्रतिक्रिया जनाएको छैन। ■



▲ डाँका आंतकबाट गाउँलाई जोगाउन गस्ती गर्दै स्थानीयवासी

# बिगबिगी डाँकाहरूको

**बागेश्वरी गाविसको** ई गाउँस्थित आठवटा घरमा डकैती भएको दुई दिनपछि सोही गाविसको धौलागिरीमा डाँकाहरूले सूर्यबहादुर शिरीषको घरबाट २५ हजार नगद र साढे पाँच तोला सुन मात्र डकैती गरेनन्, सुतेका गाउँलेलाई लुटपाटको खबर गरेर बिउताउन खोज्दा स्थानीय शिक्षक डिलबहादुर कुँवरलाई चक्कु र भाला रोपेर हत्या गरे।

उक्त हत्याकाण्ड भएको भोलिपल्ट गत असार १३ गते सोही बस्तीमै बसोवास गर्ने नेत्र रानाभाटको घरबाट खसी, बाखा र सम्पत्ति लुटियो भने कृष्णप्रसाद पौडेलकी श्रीमतीले लगाइरहेको सुन डाँकाले कानबाटै लुटे। असार १६ गते धौलागिरीको छिमेकी गाउँ सीतापुर सी गाउँका पूर्णबहादुर थापाको जोत्ने राँगा लुटेर लगे।

नेपालगन्ज लगायत ग्रामीण बस्तीमा दिनहुँ चोरी डकैतीका घटना जारी रहे पनि रोकथामको प्रयास भएको पाइँदैन। खुला रुपमा चोरी कैती भइरहेका बेला उल्टै प्रहरी र माओवादीले अहिलेको अवस्था संक्रमणकालीन भएको जवाफ दिँदा जनता अभिभावकविहीन भएका छन्।

'द्वन्द्वग्रस्त मुलुकहरूमा जहाँ पनि यस्ता घटना हुन्छन्', बाँकेका प्रहरी उपरीक्षक हेमराजबहादुर मल्ल भन्छन्, 'फेरि यति बेला साधनस्रोत र प्रस्ट नीतिको अभावले शून्य अवस्थामा रहेको प्रहरीको ध्यान सबैतिर जान सक्दैन।'

भारतसगँ सीमा जोडिएको बाँकेमा विगतदेखि नै चोरीका घटना नभएका भने होइनन्। तर, पछिल्लो युद्धविरामपछि सेना ब्यारेकमा साँगुरिएको र प्रहरीले विभिन्न बहानामा काम गर्न छोडेकोले यहाँ डाँकाहरूले खुला रुपमै आपराधिक घटना जारी राखेका छन्। मध्य नेपालगन्जमा बसोवास गर्ने एक सुन व्यापारीका पाँच सदस्यको हत्या भएको तीन महिनासम्म हत्यारा त के घटनाको सुइँको समेत पत्ता लगाउन नसकेको प्रहरीले ग्रामीण भेकमा हुने चोरी डकैती नियन्त्रण गर्न त के पीडित गाउँलेको आश्वासनको लागि घुम्न पनि छाडेको छ।

जिल्ला प्रहरी कार्यालयदेखि आठ किलोमिटर टाढा धौलागिरीमा डाँकाले ४० वर्षीय शिक्षक कुँवरलाई हत्या गरेको भोलिपल्ट प्रहरी घटनास्थल पुगेर मुचुल्का बनाएदेखि उक्त घटनाबारे चासो नदिएको आरोप स्थानीयवासीको छ। स्थानीय गोविन्द शर्मा भन्छन्, 'घटनास्थल पुगेर स्थानीय गाउँलेहरूलाई हप्कीदप्की गर्ने प्रहरीले हत्यारा पत्ता लगाउनेतर्फ चासो नै दिएको छैन।' डकैतीपछि शिक्षक हत्याको आरोपमा माओवादीले बेतहनी गाउँका दुईजनालाई कब्जामा लिई प्रहरीलाई बुझाए पनि उक्त पक्राउलाई केही दलहरूले राजनीति मुद्दा बनाएर विवाद सृजना गरेका छन्। माओवादीले पक्राउ गरेका दुईजना व्यक्ति निर्दोष भएको जनाउँदै बेतहनीका गाउँलेहरूले नेपालगन्जमा माओवादीविरुद्ध नारा जुलुस समेत गरेका छन्। यता माओवादीले भने केही राजनीतिक दलले सर्वसाधारणलाई उक्साएर हत्याकाण्ड ओझेलमा पार्न खाजेको आरोप लगाएको छ।

'लुटपाटले आक्रान्त गाउँमा निहत्था सर्वसाधारणको लासमा राजनीतिक दलहरूले स्वार्थ लिन खोजे', पीडित सूर्यबहादुर शिरीष आक्रोश पोख्छन्, 'अनाहकमा मान्छे मारिएको बेला कसले के फाइदा लिनेभन्दा पनि अपराधी पत्ता लगाउने दायित्व सबैको हो।' ग्रामीण भेकमा बढिरहेको डकैती र हत्यामा प्रहरी, प्रशासन निष्क्रिय देखिएपछि धौलागिरीका स्थानीय बासिन्दाले गत दुई सातादेखि समूह गठन गरेर रात्रि गस्ती सुरु गरेका छन्। स्थानीय कृष्णप्रसाद पौडेल भन्छन्, 'दिनभर खेतीपातीको कामले लखतरान भए पनि रातभर गस्ती गरिरहेका छौं।' रात्रि गस्तीमा पुरुष मात्र नभई महिलाको पनि सहभागिता रहेको उनले बताए।

दिनैपिच्छे र खुला रुपमा चोरीका घटना बढ्न थालेपछि ग्रामीण भेकका कयौं सर्वसाधारणले आफूसँग भएको नगद, जिन्सी बैंक लगायत सुरक्षित स्थानमा रहेका आफन्तकहाँ राख्न थालेका छन् भने पशु चौपाया धमाधम बेचिरहेका छन्। यता माओवादीले भने चोरी डकैती नियन्त्रणको लागि ग्रामीण भेकमा मिलिसिया खटाइएको जनाउँदै गाउँलेहरू पनि सक्रिय हुनुपर्ने बताएको छ। माओवादी बाँके-बर्दिया इन्चार्ज अथक भन्छन्, 'संक्रमणकालीन अवस्थामा कोही कमाउने उद्देश्यले त कोही राजनीति अस्थिरता कायम गर्ने उद्देश्यले हत्या, डकैत र लुटपाटमा लाग्ने भएकाले जनताको सक्रियता बढ्ता रहनुपर्छ।'

## हत्यापछि परिवारको बिचल्ली

बागेश्वरी गाविसको धौलागिरी निवासी डिलबहादुर कुँवर डाँकाहरूको आक्रमणमा मारिएपछि उनको परिवार बिचल्लीमा परेको छ। शिक्षकको जागिरबाट गुजारा गर्दै आइरहेको परिवारको हत्यापछि आम्दानीको स्रोत बन्द भएको छ।

'एक कठ्ठा जग्गा र बस्नलाई माटाको घरबाहेक अन्य सम्पत्ति केही छैन', पीडितका आफन्त भन्छन्, 'एकातिर परिवार कसरी पाल्ने भन्ने चिन्ता त छँदै छ, अर्कोतिर ९ देखि १३ वर्ष उमेर भएका तीन छोराको पढाइ कसरी भ्याउने समस्या आइपरेको छ।'

स्थायी शिक्षकको १५ वर्ष अवधि पुग्न १८ दिन मात्र बाँकी रहेका बेला उनको हत्या भएका कारण परिवारले सरकारी सुविधा पनि कम पाउने भएका छन्। छिमेकी र आफन्तहरूले खडा गरेको समूहले संकलन गरेको चन्दाले उनको काजकिरिया गर्नु परेको जनाउँदै आफन्तहरू राम्रो कामको सिलसिलामा ज्यान गएकोले राज्यले आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने माग गर्छन्।

■ रुद्र खड्का/नेपालगन्ज

# सुध्रिएन मति

■ किरण भण्डारी/काठमाडौं

**मन्त्री भएपछि गाउँका प्रशस्त मानिस आएका छन्, तिनीहरूलाई खान बस्न र खर्च दिनुपर्‍यो । पार्टीकाले पनि आश गर्छन्, मैले कहाँबाट दिने ?' मालपोत र नापीमा व्यापक सरुवा गरेर भूमिसुधार मन्त्री प्रभुनारायण चौधरीले कीर्तिमान कायम गरेका छन् ।**



**निर्वाचन आयोगका** सहसचिव तेजमुनि बज्राचार्य आफू जागिरमा रहे-नरहेकोबारे द्विविधामा परेका छन् । ५८ वर्ष नाघेको दुई साता पुगिसक्दा समेत अवकाशपत्र नपाएपछि उनले सामान्य प्रशासन मन्त्रालयदेखि मन्त्रिपरिषद् सचिवालयसँग निकास मागिरहेका छन् । तर, कतैबाट पनि ठोस जवाफ आएको छैन ।

असार १५ गतेदेखि निजामती सेवा ऐन अध्यादेशको म्याद सकिइसकेको र त्यसको प्रतिस्थापन गर्ने कानुन नआएकाले अवकाश दिन नमिलेको जानकारी दिँदै सम्बन्धित निकायले बज्राचार्यलाई 'कन्टिन्यु' गर्न भनेको छ । ऐन ल्याउँदा उमेरको हद थपघट हुनसक्ने अनुमानमा अवकाश नदिइएका कर्मचारी बज्राचार्य मात्र हैनन्, दर्जनौं छन् । उमेरको हद मात्र होइन, करिब १ लाख कर्मचारीको व्यवस्थापनको सर्वेसर्वा ऐन अहिले छैन ।

तीन महिनादेखि रिक्त रहेको एक दर्जन सचिवको पदपूर्तिको प्रक्रिया पनि ऐन जारी नभएसम्मका लागि अवरुद्ध भएको छ । ऐनविना सचिव र क्षेत्रीय प्रशासक पूर्ति गर्न नसकिने हुँदा सरकारले केही महिना कायम मुकायम दिएर काम चलाउने भएको छ ।

जनआन्दोलनमार्फत अभिव्यक्त जनचाहना पूरा गर्नुपर्ने दायित्व बोकेको सरकारको आफ्नो नीति कार्यान्वयन गराउने मूल माध्यम कर्मचारीतन्त्रबारे साढे दुई महिनासम्म कुनै ध्यान नदिएकाले यो हविगत भएको हो । यो परिस्थिति दुर्घटनावश आएको होइन । सुशासनको नारालाई खिल्ली उडाउने अहिलेको अवस्था आउन नदिन गम्भीर गृहकार्यसहित नयाँ ऐन ल्याउन सरकारसँग यथेष्ट समय थियो । तर, मन्त्रिपरिषद् सचिवालय र सामान्य प्रशासन मन्त्रालयले यसबारे गम्भीर चासो नदिएकाले यो अवस्था आएको हो ।

यो परिस्थितिप्रति जवाफदेही को ? भन्ने प्रतिनिधिसभा राज्य व्यवस्था समितिका सदस्यहरूको प्रश्नमा सामान्य प्रशासन मन्त्रालयले आलटाले जवाफ दिइरहेको छ । सामान्यका सचिव माधवप्रसाद घिमिरेले अध्यादेश खारेज भएपछि पुरानो ऐनमा फर्कन्छ वा शून्यताको अवस्था आउँछ भन्ने अलग अलग रायहरूले अहिलेको गतिरोध निम्त्याएको बताएका छन् । प्रतिनिधिसभा नियमावली आउन भएको ढिलाइलाई समेत घिमिरेले समितिसमक्ष यो गतिरोधको जिम्मेवार बताएका छन् ।

अध्यादेश खारेज भएपछि स्वतः पुरानो ऐनमा फर्किन्छ भन्ने मन्त्रालयको धारणाविपरीत महान्यायधिवक्ताको राय आएपछि शून्यताको अवस्था आएको भन्दै सामान्य प्रशासनले परिस्थितिलाई दोषी तुल्याउने प्रयास गरिरहेको छ । अध्यादेशको म्यादलाई ध्यानमा राखेर सम्भावित विकल्पहरूबारे अभ्यास सक्नुपर्थ्यो । कानुनी परामर्शलाई पनि कुनै लगन पर्खनुपर्ने जरुरी थिएन ।

सामान्य प्रशासनले मस्यौदा गरेको विधेयक अहिले मन्त्रिपरिषद् प्रशासन समितिमा छ । लोकसेवा आयोग कानुन मन्त्रालयको यात्रा तय गरेपछि मात्र यो संसद्मा प्रवेश गर्छ । विगतको अभ्यास हेर्ने हो भने राज्य व्यवस्था समितिमा निजामती विधेयकको छलफल सर्वाधिक लामो रहने गरेको छ । सबै चरणलाई छोट्याएर शीघ्रातिशीघ्र अघि बढे पनि ऐन आउन कम्तीमा एक महिना लाग्छ ।

निजामती ऐन मात्र होइन राज्य संचालनमा सरकारले अपेक्षित योग्यता प्रदर्शन गर्न सकिरहेको छैन । सार्वजनिक संस्थान, विकास समिति, प्रतिष्ठानहरू पनि प्रजातन्त्रको बाह्रवर्षे र राजाको चारवर्षे शासन शैली अनुसरण गरेर चलिरहेको छ ।

असोज १८ र माघ १९ को कदमबारे चर्चा गर्दा राजनीतिक दलका नेताहरूले १२ वर्ष राज्य संचालन गर्दा भएको मनपरी, कर्मचारीतन्त्रमा राजनीतिकरण र भ्रष्टाचारले राजालाई बलियो बनाएको समीक्षा गर्थे । जनआन्दोलनका क्रममा नेताहरूले त्यस्ता



गल्ती नगर्ने वाचा गरेका पनि थिए । तर, 'बिहानीले दिन कस्तो हुन्छ भन्ने देखाउँछ' भनेझैं केही मन्त्रीले फेरि राजनीतिक व्यवस्था दुर्नाम गर्ने खालको गतिविधि गरिरहेका छन् । समष्टिमा सरकार पनि आफ्नो छवितर्फ सचेत भएको देखिँदैन ।

जनआन्दोलनको भावनालाई आत्मसात गरी सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि र सुलभ बनाउनेतर्फ सरकारले प्राथमिकता दिएको छैन । मालपोत, नापी, भूमिसुधार, जिल्ला प्रशासन जस्ता जनसरोकारका कार्यालयमा सेवाग्राहीले कुनै परिवर्तनको महसुस गर्न पाएका छैनन् । उल्टो यस्ता कार्यालयमा भ्रष्टाचार, घुसखोरी, ढिलासुस्ती बढेका छन् । कर, भन्सार, यातायात जस्ता अधिक व्यापारिक सम्पर्क हुने कार्यालय पनि आफ्नो साविकको मार्गचित्रमा हिँडिरहेका छन् ।

२०४६ सालको परिवर्तनपछिको एकाध वर्ष यस्ता अनियमितताको मात्रा ह्वात्तै घटेको थियो । कर्मचारीदेखि राजनीतिक नेतृत्व तहसम्म घुसखोरी, भ्रष्टाचारमा संलग्न हुन त्रास देखिन्थ्यो । अहिले ०४६ को भन्दा ऐतिहासिक परिवर्तन हुँदा पनि अधिकांश कर्मचारी र केही मन्त्रीको रवैयामा खासै परिवर्तन देखिएको छैन ।

'यत्रो ऐतिहासिक परिवर्तनपछि जनताकेन्द्रित सेवा सुविधा विस्तार हुनुपर्नेमा फिटिक्कै हुन सकेको छैन', पूर्व मुख्य सचिव डा. विमलप्रसाद कोइराला भन्छन्, 'निर्णय प्रक्रियामा केही पनि फरक देखिँदैन, पारम्परिक ढंगले नै चलिरहेको छ ।'

कर्मचारी, सरुवा, बढुवा, नियुक्ति जस्ता तपसिलका विषयमा मन्त्रीहरू पूर्णकालीन भएका छन् । दैनिक प्रशासन मन्त्रीले चलाउने र नीति-निर्माण सचिव-सहसचिवले गर्ने अभ्यास यथावत् छ । व्यवसयिकता, योग्यता, इमानदारी पन्छाएर सम्बन्ध, क्षेत्रीयता र जातीयताका आधारमा कर्मचारीलाई पुरस्कृत र दण्डित गर्ने काम जारी छ ।

'कर्मचारी जनआन्दोलनको सहभागिताको नाफा लिन व्यस्त छन्', कोइराला भन्छन्, 'राजनीतिक वृत्त आन्दोलनमा सहभागिताको नाफा दिन तम्सेको देखिन्छ ।' कर्मचारीले गरेको नाफाबाट लाभांश लिन राजनीतिक नेतृत्व पनि तत्पर देखिएको छ ।

उपल्लो अधिकारीहरूको सरुवा राजनीतिक भागबन्डामा भएको छ भन्ने प्रमाण असार १९ गते मन्त्रिपरिषद्ले गरेको ३९ सहसचिवको सरुवा भएको छ । 'सरुवाको अपारदर्शिता यथावत् छ', कोइराला भन्छन्, 'कर्मचारीलाई आफ्नो र अर्काको भनी विभाजन गर्ने प्रवृत्ति यत्रो परिवर्तनपछि पनि हावी देखियो ।' संस्थागत आवश्यकता र व्यक्तिको योग्यतानुसार व्यवसायिक किसिमले सरुवा बढुवा हुनुपर्नेमा व्यक्तिगत सम्पर्क र 'कथित' राजनीतिक आस्थालाई प्रमुख मापदण्ड बनाइएको आरोप लागेको छ । अपवादबाहेक सहसचिवहरूको सरुवा संस्थागतभन्दा पनि व्यक्तिपरक भएको मान्न सकिने मनग्य आधार छन् ।

यसै लटमा सरुवा भएका श्यामसुन्दर शर्माको दुई दिनको बीचमा दुईपटक सरुवा भएको छ । महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा लामो अवधिदेखि कार्यरत शर्मा अर्थ मन्त्रालय सरुवा भए । समाज कल्याण मन्त्रालयमा व्यवसायिक कर्मचारीको परिचय बनाएका शर्मालाई एमाले मन्त्री रहेको उक्त मन्त्रालयबाट फ्याँक्नकै लागि एमालेकै सामान्यप्रशासन राज्यमन्त्री धर्मनाथ साहले अर्थको 'ग्रिन सिग्नल' नै नलिई अर्थ पुऱ्याए । दुई दिनको चलखेलपछि शर्मालाई फेरि राष्ट्रिय योजना आयोगमा फ्याँकेर त्यहाँका भगवतीकुमार काफ्लेलाई अर्थ पुऱ्याइयो । 'कर्मचारी होइन आफ्नो मान्छे रोज्ने परिपाटी फेरि थालिएको छ', प्रशासनविद् डा. द्वारिकानाथ ढुंगेल भन्छन्, 'मानसिकता र व्यवहारमा रत्तिभर फरक देखिएन ।'

यस्तो परिपाटिले प्रशासन संचालन गर्ने हो भने महत्त्वपूर्ण पदमा राजनीतिक नियुक्तिमा जानुपर्ने सुझाव उनले दिए । 'करियर ब्युरोक्रेसी भन्ने मनलागी तरिकाले प्रशासन खलबल्याउन पाइन्न', ढुंगेल भन्छन्, 'यस्तै रवैया नसच्याउने हो भने स्वाइल सिस्टममा गएमा कम्तीमा जवाफदेहिता सृजना हुन्छ ।'

राजनीतिक नेतृत्व सबैको साझा हुनुपर्नेमा कुनै पनि रूप वा वर्ग विशेषको पेवा भइदिँदा पद्धतिलाई अझ ठेस पुग्न जान्छ भन्नेमा सरकारको ध्यान जान सकेको छैन । वैचारिक, जातीय, क्षेत्रीय वा नातागोता जस्ता संकुचित मापदण्डका आधारमा सरुवा गरिएका केही उदाहरणले कर्मचारीतन्त्रको तस्वीर प्रस्ट पार्छ ।

सामान्य प्रशासन मन्त्रालयमा ल्याइएका सहसचिव सुरेशमान श्रेष्ठ एमाले निकटस्थ मानिन्छन् । संचार राज्यमन्त्री दिलेन्द्र बडु (दार्चुला)ले सुदूरपश्चिमका भक्तराज जोशी र नारायण रेग्मीलाई आफूसँगै लगेका छन् । उतैका छविराज पन्तलाई सचिव बनाएर लाने उनको प्रयास जारी छ । विज्ञान प्रविधि तथा वातावरणमन्त्री मानबहादुर विश्वकर्माले पनि मन्त्रालयलाई अर्घाखाँची क्लब बनाउन खोजेको आरोप कर्मचारीहरू लगाउँछन् । उनले जिल्लावासी खुमराज पुञ्जालीलाई अन्यत्रबाट सञ्चार मन्त्रालय लगेका छन् भने अर्का जिल्लावासी विनोदराज ज्ञवालीलाई सचिव बनाउन दौडधुप थालिसकेका छन् ।

वनराज्यमन्त्री गोपाल राईले उदयराज शर्मालाई वन विभागको महानिर्देशकबाट हटाएर शरद राईलाई ल्याएका छन् । मन्त्रीबाट पहिलो पुरस्कार राईलाई नै प्राप्त हुनुले पनि घटना रोचक भएको छ ।

आदर्श र दर्शनबारे लामै भाषण छाँट्न सक्ने शीर्षस्थ नेताहरू समेत नातागोताको वृत्तिविकासको लागि कति अस्वभाविक दौडमा भाग लिन्छन् भन्ने तथ्य समेत फेरि उद्घाटित भएको छ । कांग्रेसका

## स्वतः बढुवा

**सत्ता परिवर्तनपछिको** स्वरूप परिवर्तन हुने निजामती ऐन संशोधन मस्यौदामा निश्चित सेवा अवधि पूरा गरेका कर्मचारीको स्वतः बढुवा र ट्रेड युनियन अधिकारको समेत सुनिश्चितता गर्ने लगायतका प्रावधान राखिएका छन् ।

मन्त्रिपरिषद् प्रशासन समितिमा रहेको मस्यौदाले एउटै पदमा १८ र २२ वर्ष सेवा गरेका कर्मचारीलाई योग्यताका आधारमा स्वतः बढुवा दिने प्रस्ताव गरेको छ । हाल सेवारत पदको योग्यता पुगेकाको २२ र एक तहमाथिको योग्यता हासिल गर्नेको १८ वर्ष सेवाअवधि पुगेपछि स्वतः बढुवा हुने व्यवस्था प्रस्तावित विधेयकमा छ ।

कर्मचारी संगठन र युनियनको मागमा राखिएका यी प्रस्तावअनुसार ऐन बन्ने हो भने ११ हजार कर्मचारी एकैपटकमा बढुवा हुनेछन् ।

सुब्बास्तरबाट अधिकृतमा उक्लिनेको संख्या सर्वाधिक ३ हजार २ सय हुनेछ । निजामती किताबखानाको रेकर्डलाई आधार मान्ने हो भने शाखा अधिकृतस्तरबाट उपसचिवमा ७ सय ६२ जनाको पदोन्नति हुनेछ । उक्त अवसर उपसचिव पदसम्म बढुवा हुँदा पाइन्छ ।

एकैचोटि ठूलो संख्यामा कर्मचारीको पदोन्नति हुँदा सरकारलाई ठूलो आर्थिक भार त पर्छ नै दरबन्दी मिलान पनि उत्तिकै क्लिष्ट हुन्छ । पदोन्नति प्रणाली ज्यादै अवैज्ञानिक रहेकाले कर्मचारीमा व्याप्त असन्तोष अन्त्य भई उत्प्रेरणा जाग्ने आशालाई यसको सकारात्मक पक्ष मानिएको छ ।

उपसचिवस्तरसम्मका कार्यालयप्रमुख बाहेकका कर्मचारीलाई ट्रेड युनियन अधिकार दिने व्यवस्था थप गरिएको छ । आधिकारिक ट्रेड युनियन गठन हुने पनि विधेयक मस्यौदामा उल्लेख छ । प्रजातन्त्र पुनःस्थापनापछि २०४९ सालको निजामती ऐनले राजपत्रअनंकित कर्मचारीलाई संगठन खोल्ने अधिकार दिएकोमा माघ १९ पछिको राजाको सरकारले हनन गरेको थियो । विधेयकका अन्य व्यवस्था भने हालै निष्क्रिय भएको निजामती सेवा अध्यादेशको हुबहु छ । ■

रामचन्द्र पौडेलको नाउँ यस्तो कोटीमा अग्रस्थानमा आएको छ । उनी सहसचिवद्वय युवराज भुषाल र पुरुषोत्तम ओझालाई कुनै हालतमा कायम मुकायम सचिव दिलाउन लागी परेका छन् । कांग्रेस-एमालेका मन्त्री मात्र हैन सत्ताको घटक वाममोर्चाका नेता सिपी मैनालीसम्म उनी भुषाल र ओझालाई सचिव बनाउनुपर्छ भनि लबिङ गरिरहेका छन् भन्ने आरोप छ । भुषाल र ओझा दुवै माघ १९ पछिको शासनकालमा कामु सचिव पाउने सीमित भाग्यमानीहरूमध्ये हुन् ।

अर्थमन्त्री रामशरण महत पनि कर्मचारीको मामिलामा उनको विगतको कार्यकालमा जस्तै विवादमा छन् । निलम्बनमा रहेका मुख्य सचिव लोकमानसिंह कार्की र कर्मचारीबीच 'कुवेर' भनेर चिनिने दीप बस्नेतमाथि महतको विशेष स्नेह छ भनिन्छ । जागिरे जीवनका क्रममा ज्यामितीय श्रेणीमा आर्थिक हैसियत बढाउन सफल मानिने बस्नेत लोकतन्त्र स्थापनापछि सबैभन्दा आकर्षक सरुवाको अवसर पाउने पहिलो कर्मचारी हुन् । आन्दोलनको सफलतापश्चात् बस्नेतलाई अर्थ मन्त्रालय लाने सरकारको निर्णय कर्मचारी सरुवाबारे पहिलो थियो ।

प्रशासनमा पुरानै गति हुनुमा सर्वोच्च नेतृत्व 'कन्फर्म' मुख्य सचिवको अनुपस्थितिलाई पनि मानिएको छ । राजनीतिक भूमिकाका कारण विवादमा आएका लोकमानलाई सम्मानजनक बिदाइ दिई नवीन नेतृत्व स्थापना गर्न नसकेकाले प्रशासनको हविगत भएको विश्लेषण उच्च कर्मचारीहरूको छ ।

लोकमानलाई हटाएर अहिलेका कामु मुख्य सचिव मुकुन्दप्रसाद शर्मा वा अरू सम्भावितलाई कन्फर्म दिनुपर्थ्यो भन्नेहरू अहिले पनि त्यो धारणामा अडिग छन् । 'टाइम बाइ' गरेर लोकमानविरुद्धको आक्रोश मत्थर भएपछि पुनःस्थापना गर्नुपर्ने धारणा सरकारको कुनै कर्नरबाट आइरहेको बताइन्छ ।



यहि अन्योलताले वैशाख महिनाभरि सचिव बैठक समेत बस्न सकेन । तीन महिनाका लागि मुख्य सचिवमा कामचलाउ गरियो त्यसले गर्दा अभिभावक नभएकाले कर्मचारीतन्त्र छाडा भयो । मुख्य सचिव शर्मा शान्त स्वभावका छन् र उनको यही साउनमा अवकाश हुने हुँदा उनी संवैधानिक जस्ता भएका छन् ।

ढाडको विरामी भएका कारण लोकमानका लागि राखिएको अलग्गै विशेष कुर्सी, श्रीमतीले उनलाई 'टक्र्याएको' प्रशस्ति सहित बधाईको ताम्रपत्र अहिले पनि मुख्य सचिवको कार्यकक्षमा यथावत् छन् । भरतले वनवास गएका रामको खराउ राजगद्दीमा राखेर अयोध्यामा शासन चलाएजस्तै शर्माले लोकमानको विशेष कुर्सीलाई जस्ताको तस्तै हिफाजत गरेर राखिदिएका छन् । गोप्य पत्र राख्ने दराजको साँचोसमेत फिर्ता नगरेकाले कर्मचारी वृत्तमा लोकमानको पुनरागमन हुन सक्छ भन्ने अनुमानलाई बल पुगेको छ ।

यस्तै बेथितिका बीच मन्त्रालयहरूले आफ्नो अधिकार क्षेत्र नाघेर समेत काम कारबाही गरेको उदाहरण थपिँदै छन् । भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सहसचिव बाबुराम आचार्यको धुलिखेलस्थित तालिम केन्द्रको सरुवा त्यसको ज्वलन्त उदाहरण हो । विभागीय प्रमुखको पदमा सरुवा गर्दा सामान्य प्रशासन मन्त्रालयको सहमति अनिवार्य भएकोमा मन्त्री प्रभुनारायण चौधरीले त्यसलाई लत्याएका छन् । चौधरीले आफ्नो स्वार्थपूर्तिका लागि बाधक बनेका इमानदार कर्मचारी आचार्यलाई कानुन नै लत्याएर डाँडो कटाएका छन् ।

'विभागीय प्रमुख पदमा सरुवा गर्दा सामान्यको सहमति अनिवार्य हुन्छ', सामान्य प्रशासनका सहसचिव श्यामप्रसाद मैनाली भन्छन्, 'यो घटनाई मन्त्रालयले नोटिसमा लिएको छ । लिखित निवेदन आएमा हामीले रेस्पोन्स गर्नै पर्ने हुन्छ ।' सामान्यको सहमतिबेगर विभागीय प्रमुखमा हुने सरुवा बदर भएका थुप्रै दृष्टान्त छन् ।

यति मात्र होइन नापी विभागको महानिर्देशकबाट मन्त्रालय सरुवा गर्दा आचार्यलाई दुईवर्षे अवधि तोकेर पत्र दिइएकोमा त्यो पूरा हुन अझै ५ महिना बाँकी छ । अवधि नपुगी सरुवा गर्दा समेत सम्बन्धित कर्मचारी वा सामान्य प्रशासनको सहमति लिनुपर्ने हुन्छ ।

प्रशासनिक अनियमितता मात्र होइन केही मन्त्रीहरू आर्थिक र चरित्रगत हिसाबले विवादमा तानिएका छन् । भूमिसुधारमन्त्री चौधरी, भौतिक योजना तथा निर्माणमन्त्री गोपालमान श्रेष्ठ र वनमन्त्री गोपाल राई त्यो मामिलामा विवादास्पद छन् । आम जनताको नजरमा सबैभन्दा भ्रष्ट मन्त्रालयलाई नेतृत्व गरेका पुराना कम्युनिष्ट नेता चौधरी आर्थिक मामिलामा कमजोर देखिएका छन् । मन्त्री हुनेबित्तिकै उपत्यकाका मालपोत कार्यालयहरूलाई चन्दा रसिद थमाएर पूर्व



## थोक निर्णय मार

**नगरनिर्वाचनपछि** राजाको शासनकालभरका सबै सरुवा बदर गर्ने सरकारको निर्णयले कर्मचारीतन्त्रमा खैलाबैला मचिएको छ । मन्त्रिपरिषद्को असार २ गतेको उक्त निर्णयले झन्डै ४ हजार कर्मचारी प्रभावित हुने हुँदा यो अवस्था आएको हो ।

विभिन्न मन्त्रालयले लामो गृहकार्यपश्चात् कानुनी रूपमा गरेको सरुवालाई समेत राजनीतिक रंग दिनाले कार्यान्वयन गर्ने अधिकारीहरू ठूलो समस्यामा परेका मात्र हैनन्, सहायक कर्मचारी अधिक प्रभावित हुने देखिन्छ ।

राजनीतिक पूर्वाग्रहका आधारमा राजाको शासनकालमा पीडित कर्मचारीलाई छानबिनका आधारमा न्याय दिनुपर्नेमा समग्रमा निर्णय भएकोमा प्रशासनिक नेतृत्व पूरै असहमत छ । कर्मचारीलाई मात्र होइन तिनका परिवार र स्कुले छोराछोरी समेत नराम्ररी प्रभावित भएका छन् भने सरकारले पनि आर्थिक हिसाबले ठूलै मार खेप्नुपर्छ ।

मन्त्रिपरिषद्को निर्णय पूर्ण कार्यान्वयनमा आउँदा कर्मचारी सरुवा भएर जाँदा पाउने विभिन्न किसिमका भत्ता र अन्य खर्च गणना गर्दा चार करोड रुपैयाँभन्दा बढी नोक्सान हुन्छ । 'यो निर्णयबाट ठूलो संख्यामा कर्मचारी प्रभावित हुन्छन्', सामान्यका सहसचिव श्यामप्रसाद मैनाली भन्छन्, 'सरकारले आर्थिक दायित्व पनि व्यहोर्नुपर्ने हुन्छ ।'

प्रतिनिधिसभा राज्य व्यवस्था समितिका सभापति हृदयराम थानीले पनि यस विषयमा समितिको ध्यानाकर्षण भइसकेको बताउँदै सरकारबाट उचित कदम चालिने आशा व्यक्त गरेका छन् । थानी भन्छन्, 'जटिलता फुकाएर निकास दिइएन भने समिति क्रियाशील हुनेछ ।'

कानुनीराजको सिद्धान्त बिर्सेर भएभरका निर्णय खारेज गरेर नेतृत्वले पूर्वाग्रहपूर्ण व्यवहार गरेको आरोप प्रशासनविद् डा. द्वारिकानाथ ढुंगेलले लगाएका छन् ।

मन्त्रिपरिषद्ले जेठ २२ गते '२०६१ माघ १९ देखि २०६३ वैशाख ११ गतेसम्मका अनियमित सरुवा भएको भए निवेदनको आधारमा छानबिन गरी बदर गर्नुपर्ने' निर्णय भएकोमा त्यसलाई कार्यान्वयन गर्नुको सट्टा दुई साता बित्न नपाउँदै अर्को तदर्थवादी निर्णय गरेको भनी आलोचना भइरहेको छ । ■

भूमिसुधार सचिव केशवराज राजभण्डारीलाई स्मरण गराएका चौधरीले त्यसको विरोध आएपछि केही दिनमा फिर्ता मागेका थिए । त्यसपछि उनी मालपोत र नापीमा जथाभावी सरुवा गरिरहेका छन् । यहाँसम्म कि डिल्लीबजार मालपोत प्रमुख केही महिनापछि सहसचिवमा बढुवा हुने निश्चित भएकाले उनले सर्वाधिक विवादास्पद सूर्यकान्त झालाई त्यो अड्डामा सरुवा गरिसकेका छन् । चौधरीले 'एडभान्स सरुवा'को नयाँ अवधारणा भित्र्याए भनेर अहिले सिंहदरवारमा चर्चित विषय बनेको छ ।

मनपरी सरुवा गरेर विवादमा आएका चौधरीलाई सामान्य प्रशासनमन्त्री साहले भेटघाटका बेला जोगिएर काम गर्न सुझाव दिए । पुरानो कम्युनिष्ट नेताको हिसाबले साहले सम्मानपूर्वक दिएको सुझावमा चौधरीले 'पैसाको लागि सरुवा गरेको आशयको जवाफ' दिएको स्रोतले जानकारी दिएको छ ।

'मन्त्री भएपछि गाउँका प्रशस्त मानिस आएका छन्, तिनीहरूलाई खान बस्न र खर्च दिनुपर्‍यो', मन्त्री चौधरीलाई उद्धृत गर्दै स्रोत भन्छ, 'पार्टीकाले पनि आश गर्छन्, मैले कहाँबाट दिने ?' दुई महिनाको अवधिमा मालपोत र नापीमा तीन सयभन्दा बढी सरुवा गरेर चौधरीले कीर्तिमान कायम गरेका छन् ।

जनआन्दोलनका क्रममा विवादमा परेका अर्थ मन्त्रालयका सहसचिव सुवर्णलाल श्रेष्ठलाई च्यापेर दुई महिनाको अवधिमा चारवटा मन्त्रालय घुमाएका मन्त्री श्रेष्ठ आफ्नो मन्त्रालयको काममा पनि चोखो नदेखिएको आरोप छ । अर्बौं विकास बजेट हुने मन्त्रालय पुगेका श्रेष्ठले कोटेसन बाँड्न थालिसकेको स्रोतको दाबी छ । 'मन्त्रीज्यूको नानीदेखिको बानी नजाने भो', सडक विभागका एक उच्च अधिकारीले भने ।

भ्रष्टाचारको विवादमा मुछिएपछि नै कांग्रेसका पुराना कार्यकर्ता श्रेष्ठलाई गिरिजाप्रसाद कोइरालाले २०४८ र शेरबहादुर देउवाले २०५९ सालमा पदमुक्त गरिदिएका थिए । देउवाको पालामा वनमन्त्री रहँदा श्रेष्ठले दुई लाख रुपैयाँ लिएको विषय उनकै राज्यमन्त्री सुरेन्द्र हमालले भण्डाफोर गरेपछि दुवैलाई राजीनामा दिन लगाइएको थियो । प्रजातान्त्रिक कांग्रेसका नेताको हैसियतमा आन्दोलनमा सकारात्मक भूमिका निर्वाह गरेका श्रेष्ठले आर्थिक मामिलाको कमजोरी नसुधार्ने हो भने पार्टीभित्रबाटै चर्को विरोध खेप्नुपर्ने निश्चित छ ।

कर्मचारीतन्त्रलाई थडथिलो पार्ने गरी मन्त्रालयमा मनपरी गर्ने अर्का हुन् वन राज्यमन्त्री गोपाल राई । वन सचिव स्वयम्भूमान अमात्यमाथि असभ्य तरिकाले आक्रमण सुरु गरेका राई, सहसचिव, महानिर्देशक हुँदै तल्लो अधिकृतहरूतर्फ लम्किरहेका छन् । दुईमहिने कार्य अवधिमा कर्मचारीले गरेको तालाबन्दीका कारण उनी तीन दिन मन्त्रालय जानसमेत असमर्थ भइसकेका छन् । मुलुकको इतिहासमा मन्त्रालय तीन दिनसम्म बन्द रह्यो ।

राईले सचिव अमात्यलाई असार १ गतेदेखि नै मन्त्रालयमा काम गर्न दिएका छैनन् । मन्त्रालयकै स्वार्थी कर्मचारीको उक्साहटमा विनाआरोप 'गेट आउट' फेरि देख्न नपरोस् भनेर धम्क्याएपछि सचिव दिनको एकपटक मन्त्रिपरिषद्मा जाने गरेका छन् । अमात्यलाई अन्यत्र सरुवा पनि गरिएको छैन ।

इमानदार, सालीन र सुसंस्कृत स्वभावका अमात्यमाथिको दुर्व्यवहार आलोच्य बनेको छ । सचिव बैठकमा प्रधानमन्त्रीसमक्ष सामूहिक डेलिगेसन जाने सहमति भए पनि अस्वस्थताले गर्दा यो विवादले टुंगो पाएको छैन । सरुवा गर्न सक्ने मन्त्रीको अधिकारको उपयोग गर्नुको सट्टा वन विभागका महानिर्देशक उदयराज शर्मालाई पनि 'बिदा बस्नुस् म तपाईंलाई देख्न चाहन्नँ' भनेर पाँडे पजनी शैलीमा हटाएका छन् ।

मन्त्रालयका सहसचिव अनिल पाण्डेलाई संसद्बाट सरुवा भएर आएको उतै जानु भन्ने आदेश दिएर राईले जमिनदारी पारा पनि देखाए । संसद् सेवा छोडेर ५ वर्षअघि निजामतीमा आएका पाण्डे चाहेर पनि संसद् सेवामा फर्कन पाउँदैनन् । मन्त्रीले लघारेपछि शरण परेका पाण्डेको गृह मन्त्रालयले उद्धार गरेको छ ।

दास युगमा घरेलु नोकरलाई गर्ने जस्तो छुद्र व्यवहार प्रदर्शन गर्दै राज्यमन्त्री राईले आफ्नो कदमात्र घटाएका छैनन्, अस्वस्थ प्रधानमन्त्रीलाई अनावश्यक टन्टा थपिदिएका छन् । राईको यस्तै रवैयाका कारण वन प्राविधिक संघ, रेन्जर संघ, वनपाले संघ, कर्मचारी युनियन र कर्मचारी संगठन एक स्वरले उनको विरोधमा उत्रेका छन् ।

नीतिगत विषयमा राजनीतिकरण हुनुपर्नेमा त्यसमा बेवास्ता तर तटस्थ छाडिनुपर्ने कर्मचारीतन्त्रमा राजनीतिकरण गर्ने कर्मचारीतन्त्रको जर्जर रोगलाई राई, श्रेष्ठ, चौधरी लगायतका मन्त्रीबाट थप मलजल गरिएको छ ।

सामान्य प्रशासनले पनि सरुवाको रफ्तार हवात्तै बढाएको छ । अधिकृतभन्दा सहायक कर्मचारीको सरुवा व्यापक मात्रामा भइरहेको छ । सामान्य प्रशासनमन्त्री साहलाई कर्मचारी संगठनले व्यापक दबाब दिएर काम गराइरहेको आरोप छ । सामान्यले यातायात, मालपोत, भूमिसुधार, भन्सार, कर जस्ता गैर एमाले मन्त्रालयअन्तर्गतका कमाउ अड्डा नै तोकेर सरुवा गरिदिँदा मन्त्रीहरू रुष्ट भएका छन् ।

नीतिगत विषयमा भने सरकरको कम चासो गएको देखिएको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय फोरममा सस्तो लोकप्रियताको लागि प्रतिबद्धता व्यक्त गर्ने तर त्यसको कार्यान्वयनमा बिलकुल सरोकार नराख्ने परिपाटी अहिले पनि अनुसरण भएको छ । महिलालाई एक तिहाइ आरक्षण, आमाको नाममा समेत नागरिकता, घरेलुहिंसाका विषयमा दोहोर्‍याई तेर्‍याई चर्को स्वरमा आएको प्रतिबद्धता र कार्यान्वयनमा देखिने उदासीनताले राज्य संचालनमा सरकारको प्राथमिकता प्रस्ट हुन्छ । ■

# समाज कल्याणमा तालाबन्दी

■ गोविन्द परियार/काठमाडौं

**समाज कल्याण परिषद्को** सदस्य सचिवमा डा. प्रभा बस्नेतलाई पुनर्नियुक्ति गरेर सरकारले असोज १८ पछिको सूर्यबहादुर थापा सरकारले गरेको नियुक्तिलाई वैधता दिएपछि परिषद्का कर्मचारीहरू असार २० गतेदेखि आन्दोलनमा उत्रिएर बस्नेतलाई कार्यालय प्रवेश निषेध गरेका छन् ।

आन्दोलन संघर्ष समन्वय समितिका संयोजक चन्द्रमणि अधिकारी भन्छन्, 'राजाको माघ १९ को घोषणाको समर्थन गरेर एक सातासम्म परिषद्मा दीपावली मनाएकी 'मण्डले चरित्र'की बस्नेतलाई पुनर्नियुक्ति गरेर सरकारले जनआन्दोलनको भावना लत्याएको छ ।'

शाही सत्तालाई प्रत्यक्ष सहयोग गरेकी बस्नेतको नियुक्ति समाज कल्याण राज्यमन्त्री उर्मिला अर्यालको प्रस्तावमा मन्त्रिपरिषद्को गत असार १९ गतेको निर्णयले गरेको हो ।

सरकारको यो निर्णयले गत वैशाख २४ गते सार्वजनिक गरेको 'प्रशासन संयन्त्रसम्बन्धी नेपाल सरकारको नीति'को समेत ठाडो उल्लंघन भएको कर्मचारीहरूले आरोप लगाएका छन् । परिषद्का पूर्व उपाध्यक्ष गणेश गुरुङ भन्छन्, 'जनआन्दोलनको बलमा बनेको वर्तमान सरकारवाट जनताले ठूलो आशा गरेका कारण यस्तो अपरिपक्व कार्यशैली सुधार गरेर ताजा जनादेश बोकेकाहरूलाई जिम्मेवारी दिनु पर्छ ।'

राजाको माघ १९ को घोषणापछिको शाही सरकारकी महिला बालबालिका तथा समाज कल्याणमन्त्री दुर्गा श्रेष्ठ र तत्कालीन परिषद्की सदस्य सचिव बस्नेतबीच परिषद्को कानुनी सल्लाहकार नियुक्तिमा भएको विवादका कारण समाज कल्याण परिषद् ऐनमा नै अध्यादेशमार्फत संशोधन गरेर बस्नेतलाई बर्खास्त गरिएको थियो ।

आफ्नो बर्खास्ती गैरन्यायिक भएको दावी गर्दै शाही कदम समर्थक डा. बस्नेतले आफूलाई पुनर्बहाली गर्न अदालतमा मुद्दा दायर गरेकी थिइन् । अदालतले बस्नेतको पक्षमा फैसला गरेको थियो । तर, संशोधित समाज कल्याण परिषद् ऐनलाई टेकेर अदालतले बस्नेतको पुनर्बहाली गर्ने फैसला गरे पनि असोज १८ पछिका सरकारका सबै निर्णय वर्तमान सरकारले खारेज गरेका कारण अदालतको फैसला कार्यान्वयन गर्नु नपर्ने कानुनविद्हरूले बताएका छन् । ■

# धरापमा आठ बुँदा

**माओवादीसँगको समझदारी र सहमतिको भावनाविपरीत प्रतिनिधिसभालाई नेपाली कांग्रेस संसदीय दलले निरन्तरता दिने निर्णय गरेपछि मुलुक थप राजनीतिक जटिलता र अन्योलमा पर्ने खतरा देखापरेका छ ।**

■ **विश्वमणि पोखरेल/काठमाडौं**

सात राजनीतिक दल र माओवादीबीच सहमति भएलगत्तै विवादको भुमरीमा परेको र हस्ताक्षर गर्ने सात दलका शीर्षस्थ नेताहरू आफैले अपनत्व ग्रहण नगरेको दल-माओवादी आठबुँदे सहमतिलाई कांग्रेस संसदीय दलले धरापमा पारेको छ ।

आठबुँदे सहमतिमा प्रतिनिधिसभा विघटन गर्ने सम्झौताविपरीत सत्ताको नेतृत्वकर्ता कांग्रेसका सांसदले प्रतिनिधिसभा निरन्तरताको पक्षमा औपचारिक निर्णय गरेपछि यस्तो स्थिति आएको हो ।

सात दल र माओवादीबीच जनआन्दोलन सुरु हुनुअघि ७ मंसिर २०६२ मा सम्पन्न बाह्रबुँदे समझदारीमै प्रतिनिधिसभा पुनःस्थापनाको औचित्यबारे सात दल र माओवादी परस्पर विरोधी अडानबाट गुज्रँदै आएका थिए । २ असार २०६३ को ऐतिहासिक आठबुँदे सहमतिमा 'सहमतिद्वारा अर्को व्यवस्था गरी' प्रतिनिधिसभा विघटन गर्ने भनिएको थियो ।

दलका नेता प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अनुपस्थितिमा चार दिनको छलफल, बहस र विवादपछि २८ असारमा कांग्रेस संसदीय दलले औपचारिक निर्णय गरेकाले उसको निर्णयको उद्देश्य र प्रयोजनबारे प्रशस्त आशंका पनि उब्जिएका छन् । अन्तरिम संविधान, अन्तरिम सरकार र संविधानसभा निर्वाचनमा सहमत कांग्रेसले प्रतिनिधिसभा विघटन गर्न नहुने निर्णय गरेकाले कतै २०४७ कै संविधान संशोधन गरेर अगाडि बढ्नुपर्छ भन्ने पक्ष प्रभावकारी भएको त होइन भन्ने प्रश्न उपस्थित भएको छ । यद्यपि कांग्रेस संसदीय दलद्वारा जारी वक्तव्यमा भनिएको छ 'जनतामा निहित सार्वभौमसत्तालाई संस्थागत गर्दै भयरहित र हिंसामुक्त वातावरणमा संविधानसभाको निर्वाचनद्वारा जनताको स्वामित्वको संविधान निर्माण गर्न सहज वातावरण बनाउनु वर्तमान प्रतिनिधिसभाको प्रमुख दायित्व हो । ऐतिहासिक जनआन्दोलनद्वारा प्राप्त वैधता र सार्वभौमसत्ताको प्रयोगलाई निरन्तरता दिँदै संविधानसभाको निर्वाचन सुनिश्चित गर्न प्रतिनिधिसभाको औचित्य र आवश्यकता अपरिहार्य ठान्छौं' ।

माओवादीसँग वार्ता गर्ने सरकारी टोलीका संयोजक एवं गृहमन्त्री कृष्णप्रसाद सिटौलाको राजीनामा माग तथा प्रतिनिधिसभा विघटन गर्ने सहमतिको खरो आलोचना गर्नमा चार दिन समय खर्चिएको बैठकले प्रतिनिधिसभाको औचित्यबारे आफ्नो धारणा सार्वजनिक मात्र गरेको छैन, माओवादीको राजनीतिक निष्ठामा पनि शंका गरेको छ । संसद् नभएको अवस्थामा राजा ज्ञानेन्द्रले सत्ता लिएको सन्दर्भ कोट्याउँदै कांग्रेसले घुमाउरो पारामा माओवादी वार्ता प्रक्रियाबाट अलग भएको अवस्थामा मुलुकले त्यस्तै नियति भोग्नुपर्ने खतरा औंल्याएको छ । प्रस्तावमा भनिएको छ, 'राष्ट्रिय र अन्तर्राष्ट्रिय जनमतले विश्वास गरेको प्रतिनिधि संस्थाको अभाव सघन प्रतिगमन र राजनीतिक अन्योलको कारण बनेको विगतको तितो अनुभव र जनताले भोग्नुपरेको पीडा नेपाली जनताको स्मृतिमा ताजै छ । यस पृष्ठभूमिमा नेपाली कांग्रेस संसदीय दलको यो बैठक सात राजनीतिक दल र माओवादीबीच पारस्परिक विश्वास, सहमति, समझदारी र सहभागिता सुनिश्चित गर्न वर्तमान प्रतिनिधिसभालाई निरन्तरता दिने गरी संविधानसभाको निर्वाचन सम्पन्न गर्ने दिशामा आवश्यक र निर्णायक राजनीतिक अग्रसरता लिने निर्णय गर्दै यो विषयका अतिरिक्त, माओवादीको हतियार व्यवस्थापन गरी संविधानसभामा पुग्ने सहज वातावरण बनाउन सात राजनीतिक दल र माओवादीले वार्ता निरन्तर अघि बढाई शान्तिपूर्ण राजनीतिक समाधानमा पुग्नु पर्छ भन्ने पनि नेपाली कांग्रेस संसदीय दल जोडदार आग्रह गर्दछ ।'

संविधानसभाको निर्वाचन गराउने र माओवादीको हतियार व्यवस्थापन गर्ने काममा पनि प्रतिनिधिसभाले भूमिका खेल्ने महत्त्वाकांक्षी उद्देश्यबाट प्रतिनिधिसभालाई बचाउ गर्न खोजिएको छ । तर, माओवादी वार्ताटोलीका सदस्य दीनानाथ शर्मा कांग्रेसको निर्णयलाई षड्यन्त्र भन्न रुचाउँछन् । शर्मा भन्छन्, 'कांग्रेसको निर्णय आठबुँदे सहमतिको विरोधमा छ, यो गलत निर्णय हो । यसले मुलुकलाई शान्ति र अग्रगमनतर्फ लैजानेभन्दा अन्तर्द्वन्द्वमा फसाउने संकेत हो ।'



तेजबहादुर बस्नेत

सात दल र माओवादीबीच सम्पन्न सहमतिमा '२०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारको प्रत्याभूति गर्दै बाह्रबुँदे समझदारीमा व्यक्त प्रतिबद्धता र युद्धविराम आचारसंहिता प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोहीअनुरूप अन्तरिम सरकार गठन गर्ने, संविधानसभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भंग गर्ने र माओवादीद्वारा गठित जनसरकार विघटन गर्ने' भनिएको थियो ।

उता आठबुँदे सहमतिपछिको एमाले स्थायी समितिको बैठकले सहमतिमा प्रक्रियागत कमी कमजोरी रहेको औंल्याउँदै 'ऐतिहासिक उपलब्धि' भनेको भए पनि अहिलेसम्म उसले समेत औपचारिकरूपमा प्रतिनिधिसभाको विकल्पमा कुनै राजनीतिक प्रस्ताव सार्न सकेको छैन । एमाले पार्टीका शीर्षस्थ नेताहरू नै 'निर्वाचित निकाय नहुन्जेल' प्रतिनिधिसभा विघटन गर्नहुँदैन भन्ने धारणा व्यक्त गरिरहेको अवस्था छ । एमाले स्थायी समिति सदस्य ईश्वर पोखरेल भन्छन् 'हामी कुनै पनि किसिमको रिक्तता राख्न हुँदैन भन्ने पक्षमा छौं ।'

तर सरकारको नेतृत्वदायी कांग्रेसले एक कदमअघि बढेर प्रतिनिधिसभा विघटन गर्ने नहुने औपचारिक निर्णय गरेकाले सरकार-माओवादी वार्ता प्रक्रियामा गम्भीर खाले धक्का लाग्ने सम्भावना छ । माओवादीलाई कसरी राजनीतिक मूलधारमा ल्याउने वा आउने भन्ने बारेमा राजनीतिकवृत्तमा बहस र चिन्तन भइरहेका बेला कांग्रेसले कुनै विकल्प प्रस्तुत नगरी आफ्नो निर्णय सार्वजनिक गरेको छ । दलको बैठकको रमाइलो पक्ष के रह्यो भने आठबुँदे सहमतिमा सिटौला र कोइरालाका भतिजा डा. शेखर कोइरालाको हात रहेको आरोप लगाएर प्रधानमन्त्री एवं पार्टी सभापति गिरिजालाई पानीमुनिको ओभानो बनाउन खोजेको प्रतीत हुन्छ । तर, सिटौलाको राजीनामा माग गर्नुका पछाडि अन्य कारण पनि छन् । प्रहरीका जिम्मेवार अधिकारीहरू गृहमन्त्री र वार्ता समितिको संयोजक एउटै व्यक्ति भएको वर्तमान अवस्थामा माओवादीका चन्दा, अपहरण जस्ता ज्यादतीका घटनामा पनि आँखा चिम्लनुपरेको स्थिति औंल्याउँदै सिटौलालाई दुइटै जिम्मेवारी दिन नहुने 'लबिङ' गरिरहेका छन् । दलको बैठकमा प्रहरी अधिकारीको त्यस भावनालाई सांसदहरूले महत्त्वका साथ उजागर गरेका थिए ।

प्रधानमन्त्रीको अनुपस्थितिमा भएको कांग्रेस संसदीय दलको बैठकको प्रतिनिधिसभालाई निरन्तरता दिनुपर्ने निर्णय उनीहरूको मात्र होइन । प्रतिनिधिसभा विघटन गर्ने सहमतिको विपक्षमा कोइराला सुरुदेखि नै थिए भनिन्छ । सहमति गरेको भोलिपल्टै उपचारका लागि बैंकक जाने क्रममा सभामुख सुवास नेम्वाङलाई 'सहमति सच्याउनु'पर्ने मनसाय व्यक्त गरेका कोइरालाले २५ असारमा अस्पतालको शय्याबाट सभामुखलाई पठाएको पत्रमा महत्त्वका साथ प्रतिनिधिसभाको निरन्तरताको पक्षमा वकालत गरेका छन् । आफू अस्वस्थ भएकाले सरकारको नीति तथा कार्यक्रम उपप्रधानमन्त्री केपी ओलीले प्रस्तुत गर्ने भन्ने औपचारिक जानकारी दिने प्रयोजनको उक्त पत्रमा प्रतिनिधिसभाको अभिभारालाई महत्त्वका साथ प्रस्तुत गरिएको छ । ओलीलाई जिम्मेवारी दिएको जानकारीभन्दा प्रतिनिधिसभा विघटन गर्नुहुँदैन भन्ने सन्देश पत्रमा महत्त्वका साथ प्रस्तुत गरिएको थियो । कोइरालाले पत्रमा भनेका थिए, 'यो प्रतिनिधिसभाको काँधमा संविधानसभाको निर्वाचनका माध्यमबाट जनताको सार्वभौमसत्ता र राजकीयसत्तालाई संस्थागत गर्दै जनताको स्वामित्वको संविधान र समावेसी लोकतन्त्रलाई सुनिश्चित गर्ने अभिभारा छ ।' कोइरालाको यस्तो उत्प्रेरित पत्र पाएपछि कांग्रेस सांसदहरूले जमेर प्रतिनिधिसभा विघटन गर्ने सात दल र माओवादीबीचको आठबुँदे सहमतिको खिलापमा निर्णय गर्न सकेका हुन् ।

कांग्रेसका केही सांसदहरूले, राष्ट्रियसभालाई पुनर्जीवित गर्ने, त्यसो गर्दा माओवादीको प्रतिनिधित्व गर्न सकिने धारणा पनि राखेका थिए । राष्ट्रियसभा पुनर्जीवित गरेर यही संविधान संशोधन गरेर अन्तरिम संविधानमा परिणत गरेर संविधानसभाको निर्वाचन गर्नुपर्छ भन्नेहरू पनि कांग्रेस संसदीय दलमा छन् । साठी सदस्यीय राष्ट्रियसभामा अहिले १९ जना सदस्य मात्र छन् । बाँकी ४१ जनामध्ये आधासरो सिटमा माओवादीलाई ल्याएर संसद्मा उनीहरूको प्रतिनिधित्व गराउने उनीहरूको सोच छ । कांग्रेस सांसद दीपक गुरुङ आफूले यस्तै प्रस्ताव राखेको जानकारी दिँदै भन्छन्, 'म लाहुरेको जति बुद्धि पनि नेताहरूमा छैन ।'

गुरुङ लगायतका सांसदहरू भइरहेकै संविधान संशोधन गरेर अघि बढ्नुपर्ने मान्यता राख्छन् । त्यसो त कांग्रेस पार्टी र संसदीय दलभित्र नयाँ खाले समीकरण विकसित हुन लागेका संकेत पनि देखापरेका छन् । उपसभापति सुशील कोइरालासँग पानी बाराबारको स्थितिमा रहेका चक्र बास्तोला, महेश आचार्य, आमोदप्रसाद उपाध्यायको अचेल हिमचिम बढेको छ । एमाले, कांग्रेस प्रजातान्त्रिक लगायतका राजनीतिक दलहरूसँग द्विपक्षीय वार्ता प्रारम्भ हुनु र एकीकरणको मुद्दा महत्त्वका साथ अघि बढ्नुलाई सुशीलको सोच र चिन्तनको परिणाम मात्र होइन भन्नेहरूको संख्या ठूलो छ ।

## कोइरालाको बिरासत ?

प्रधानमन्त्री कोइरालाको कमजोर स्वास्थ्य र वृद्धावस्थाको प्रत्यक्ष असर सरकारको काम कारबाहीमा परेको यथार्थताबीच सत्ताधारी राजनीतिक दलभित्र कोइरालाको स्वास्थ्यको कारण देखाएर सरकारको काममा बाधा पार्न नहुने मान्यता प्रबल बन्दै गएको छ ।

आठबुँदे सहमतिको भोलिपल्टै बैंकक गएर स्वास्थ्यलाभ गरेर आएपछि पनि कोइरालाको स्वास्थ्यमा अपेक्षित सुधार हुन नसकेपछि कोइरालालाई जिम्मेवारीबाट हलुका बनाउनु पर्ने मानसिकता बन्न थालेको हो । बैंककको उपचारपछि संक्रमणकालीन तरल राजनीतिक अवस्थामा कोइरालाले प्रशस्त समय दिन्छन्, उनी सक्रिय हुन्छन् भन्ने बलियो विश्वास थियो । तर, सोचेजस्तो हुन सकेन ।

असार १८ गते कोइराला फोक्सोको निमोनियाबाट थलिए र दस दिनको सघन उपचारपछि असार २८ मा सहिद गंगालाल हृदयरोग केन्द्रबाट प्रधानमन्त्री निवास बालुवाटार सरेका छन् । चिकित्सकहरूले कोइराला सक्रिय भएर काम गर्न सक्ने स्थिति नरहेको बताउँदै आएका छन् । तर, कठिन राजनीतिक घडीमा राजनीतिक दल र कांग्रेस पार्टीले कोइरालाको कमजोर स्वास्थ्य र वृद्धावस्थाको पृष्ठभूमिमा वैकल्पिक व्यवस्थाबारे औपचारिक निर्णय गर्न नसकिरहेको अवस्था छ । तर, लामो समयसम्म प्रधानमन्त्री सक्रिय बन्न नसकेको अवस्थाका उपायहरू सोच्नुपर्छ भन्ने मानसिकतामा प्रमुख राजनीतिक दलहरू पुगेका छन् ।

एमाले स्थायी कमिटी सदस्य पोखरेल भन्छन्, 'सरकार अनिर्णयको बन्दी बनेको छ । प्रधानमन्त्रीको अस्वस्थताका कारण महत्त्वपूर्ण निर्णय हुन सकेका छैनन् ।' उनी भन्छन्, 'कि कांग्रेसभित्रबाटै कोइरालालाई सघाउने मानिस तोक्नुपर्‍यो कि अन्य मन्त्रीहरूलाई जिम्मा दिनुपर्‍यो ।'

राजनीतिक विश्लेषक नीलाम्बर आचार्य, प्रधानमन्त्री कोइराला स्वयंले अहिलेको स्थितिमा निर्णय दिनुपर्ने बताउँछन् । आचार्य अहिलेको कार्यशैली, कार्यबोझ र दलहरूको साझेदारी अवस्थाभन्दा भिन्न किसिमको निर्णय गर्नुपर्ने मान्यता राख्छन् । उनी भन्छन्, 'प्रधानमन्त्री कोइरालाको जिम्मामा अति महत्त्वपूर्ण काम मात्र राख्नुपर्छ । सरकारको कार्यशैली परिमार्जन गर्नुपर्छ । प्रधानमन्त्रीको कार्यबोझ घटाउनुपर्छ, कार्यविभाजनबारे पुनर्विचार गर्नुपर्छ ।'

सात दलको घटक नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे 'रोहित' कोइरालाको नेतृत्वमा सरकार गठन भएकै समयमा आफूले विश्वासिलो सहयोगीलाई उपप्रधानमन्त्री बनाउन सुझाव दिएको बताउँदै भन्छन्, 'कोइरालाले आफूलाई विश्वास लाग्ने मानिस पार्टीबाट लिनुपर्छ र काम गर्नुपर्छ ।' सात दलको घटक नेपाल सद्भावना पार्टीका अध्यक्ष भरतविमल यादव भने कोइराला आफैले सक्रिय भएर काम गर्न सक्ने विश्वासमा छन् । उनी भन्छन्, 'उहाँ आफैले काम गर्नुहुन्छ, वैकल्पिक व्यवस्थाबारे सोच्ने बेला छैन ।'

कोइराला चाहे अस्पतालको शय्यामा होस् वा निवासमा उनी कृत्रिम अक्सिजनको सहारामा राख्नुपरेको संवेदनशील र भावनात्मक अवस्था छ । तर, मुलुक चुनौतीपूर्ण राजनीतिक अवस्थाबाट गुज्रिरहेका बेला कोइरालाको कमजोर स्वास्थ्यको असर राजनीतिमा पर्नुहुँदैन । यसका लागि कोइराला स्वयंले सक्रिय राजनीतिको जिम्मेवारीबाट मुक्त हुने सोच बनाउनु आवश्यक छ । अभिभावक जस्तै भूमिका खेल्दै आफ्नो बिरासत धान्न सक्ने सक्षम र पत्यारिलो मानिसलाई बेलैमा जिम्मेवारी हस्तान्तरण गरेको अवस्थामा अनपेक्षित घडीमा पनि मुलुक राजनीतिक गतिरोधको सिकार बन्नबाट जोगिन्छ भने सरकार अनिर्णयको बन्दी हुनबाट पनि जोगिन्छ । ■

# सरकारी नीति कस्का लागि ?

**सरसर्ती हेर्दा राम्रो भाषामा लेखिएको सरकारी नीतिले सधैं जस्तै धेरै कुरा समेट्न खोजेको छ। तर, खासगरी आन्दोलनको पृष्ठभूमिमा आएको नीतिमा हुनु पर्ने राजनीतिक दृष्टि र राजनीतिक इच्छाशक्तिका हिसाबले, यो नीति पुराना नीति र कार्यक्रमभन्दा फरक देखिन्न।**

■ **प्रवोध देवकोटा**

ऐतिहासिक जनआन्दोलनपछि बनेको नेपाल सरकारको वार्षिक नीति र कार्यक्रमका बारेमा विज्ञहरुका आ-आफ्नै राय छन् र सरकारी पक्ष आफ्ना कार्यक्रमप्रति आलोचना सुन्ने पक्षमा देखिन्न। फेरि एकपटक सरकार, सात दल र माओवादीहरु रणनीतिक र वैचारिक दृष्टिले टाढिएका छन् र यो क्रम बढ्दो छ भन्ने कुरा प्रष्ट देखिएको छ।

सरसर्ती हेर्दा राम्रो भाषामा लेखिएको सरकारी नीतिले सधैं जस्तै धेरै कुरा समेट्न खोजेको छ। तर, खासगरी आन्दोलनको पृष्ठभूमिमा आएको नीतिमा हुनु पर्ने राजनीतिक दृष्टि र राजनीतिक इच्छाशक्तिका हिसाबले, यो नीति पुराना नीति र कार्यक्रमभन्दा फरक देखिन्न। जनआन्दोलनमा भाग लिने लाखौं जनताले, आमनागरिकको अर्थमा सधैं जस्तै खासै नयाँपन देख्न पाएनन् यो नीतिमा। उदाहरणको लागि मुक्त कमैयालाई जग्गा खरिद गर्न सहुलियतपूर्ण ब्याजदरमा दीर्घकालीन ऋण उपलब्ध गराउने सरकारी घोषणाले सरकारको निरीहता देखाएको छ। मुक्त कमैयालाई मुक्तिको घोषणासँगै जग्गा उपलब्ध गराउने बाचा गरेको थियो तात्कालीन प्रजातान्त्रिक सरकारले र त्यसपछि आउने सबै सरकारले पनि प्रतिबद्धता देखाएका थिए। २०४६ सालको प्रजातन्त्र आएपछिका वर्षहरुमा मात्र मुक्ति पाएका कमैयाहरुको मुक्तिको कथा त आफैमा प्रजातन्त्रभित्रको विरोधाभास थियो र यसले प्रजातन्त्रमा सबैको बारे साझा चिन्ता हुँदैन भन्ने मान्यता स्थापित गरेका बेला, आन्दोलनपछिको सरकारी घोषणाले लोकतन्त्रको आँखामा मुक्त कमैयाका पीडा समेट्न सकेन। ऐतिहासिक आन्दोलनपछिको सरकारी नीति यसर्थमा सीमान्त वर्गको आँखाबाट खासै नयाँ र आशलाग्दो देखिन्न। पालभित्र जिन्दगीको सपना देख्न बाध्य मुक्त कमैयाका अबोध नानीहरुलाई जवाफ दिनु पर्छ सरकारले।

दस कक्षासम्म निशुल्क शिक्षा दिने बाचा गरेका थिए, योभन्दा अघिका कांग्रेस र एमालेका सरकारले यो मुलुकमा, कर्णालीका १-१० कक्षामा पढ्ने छात्राहरुलाई मात्र छात्रवृति दिने वर्तमान सरकारी कार्यक्रमले आफैलाई झटारो हानेको छ। नेपाली इतिहासमा वर्षौंदेखि अभागी बनाइएको कर्णाली यो देशको मागी खाने भाँडो बनेको छ। सरकारले कर्णालीका १-१० सम्म पढ्ने हरेक छात्र, छात्रालाई विशेष शैक्षिक कार्यक्रम घोषणा गर्ने आँट गरेन। भर्खरै सम्पन्न एसएलसीको नतिजा र सरकारी विद्यालयको निरीह अवस्थाले देशको बढ्दो वर्गीय शिक्षा नीति र वर्गीय संरचनालाई प्रष्टाएको छ, र अन्ततः यसले देशलाई अर्को विखण्डनमा लग्ने सम्भावना प्रष्ट देखिएका छन्। एसएलसीको नतिजा भर्खरै आएको सन्दर्भ, अनि सीमान्त वर्गका नानीहरुको बाहुल्यता रहेको सरकारी स्कुलको दुखलाग्दो अवस्था र वर्तमान सरकारी नीति र कार्यक्रमले सरकारी स्कुलबारे सधैजस्तै छात्रवृतिका कथाबाहेक शैक्षिक गुणस्तर लगायतका विशेष कार्यक्रममा मौन देखिनुले सरकारी स्कुलहरुबारे सरकारको धारणामा तात्विक भिन्नता देखिन्न। कर्णालीको सन्दर्भमा आशा गरौं सरकारले भनेझैं कर्णालीमा आर्थिक विकास, रोजगारीका अवसर र प्रत्येक परिवारले सौर्य बत्ती बाल्न पाउन्।

सरकार र देशको राजनीतिक अवस्था जटिल छ, र देश संक्रमणको अवस्थामा छ। आन्दोलनपछि थुप्रै आशा पलाएका छन् र ती आशाहरु आजको भोलि पूरा गर्न नसकिने कतिपय अवस्था यथार्थ पनि हो। तैपनि सरकारी कार्यक्रममा जनभावनाको कदर गर्ने राजनीतिक इच्छाशक्ति कम हो कि भन्ने प्रष्ट देखिन्छ। वर्तमान सरकारको प्रमुख दायित्व शान्ति वार्ता र संविधानसभाको बाटो निर्माण गर्नु हो र जनचाहना पनि यही नै हो। तसर्थ, सरकारी नीति र कार्यक्रमले आनदोलनको राजनीतिक चाहनालाई नीति र कार्यक्रमको मियो बनाउन नसकेको देखिन्छ।

राजनीतिमा भाषाको पनि महत्वपूर्ण स्थान हुन्छ, भाषागत हिसाबले पनि उक्त घोषणामा माओवादीलाई खासै स्थान दिइएको छैन, 'हतियार व्यवस्थापनको सन्दर्भ' र 'नेपाल कम्युनिस्ट पार्टी (माओवादी) समेत हतियार त्यागेर बहुदलीय प्रतिस्पर्धाको शान्तिपूर्ण बाटोमा आउनका लागि नेपाल सरकारसँग शान्ति प्रक्रियामा सामेल भइरहेको वर्तमान अवस्थामा शान्ति स्थापनाको दिशामा छिटो गतिमा पाइला चाल्नु हामी सबैको पुनीत कर्तव्य हो', भन्नु बाहेक उक्त घोषणामा माओवादीलाई कतै पनि उल्लेख नगर्नुले माओवादी र सरकारको बढ्दो दूरीको संकेत गर्छ। माओवादीले पनि सरकारको नीति र कार्यक्रमको स्वामित्व लिन सक्ने रणनीतिक वातावरणको सिर्जना गर्न नसक्नु यस नीति र कार्यक्रमको सबभन्दा कमजोर रणनीतिक र राजनीतिक पक्ष हो। यसबाट पाठ सिक्नु पर्छ सरकारले।

दुनियालाई थाहा छ, कि पछिल्ला दिनहरुमा बाहबुँदे समझदारीलगायत संयुक्त जनआन्दोलनमा दल र माओवादीले ठूलो भूमिका खेले र वर्तमान अवस्थासम्म आइपुग्दा दल र माओवादीले देखाएको संयमता र शान्तिवार्ताको तत्परता आफैमा सराहनीय पक्ष हुन्। अस्ति भर्खरैसम्म हो दलहरु निरीह भएर गाउँसम्म जान सक्दैनथे र जनताबाट निकै टाढिएका थिए। अहिले आएर सरकारमा खुट्टा टेक्नेबित्तिकै ती यथार्थ यति छिटो बिर्सने हो भने, तिनीहरुको राजनीतिक चरित्रमाथि पुनः शंका गर्नुपर्ने स्थिति देखिन्छ र यसले देशलाई कतै पनि लैजादैन। ठिक त्यसरी नै माओवादीले सरकार र दलहरुसँग गरेका वाचा खासगरी चन्दाप्रकरणहरुमा आफूलाई चोखो बनाउन नसकेका खबरहरुले तिनका पनि प्रवृतिमा खासै फरक नआएको हो कि भन्ने देखिन्छ। तसर्थ दल र माओवादी दुवैले जनआन्दोलनका सपना अझै आत्मसात गर्न सकेनन् र दुवैथरि सधैंजस्तै आ-आफ्नै राजनीतिमा केन्द्रित हुने हुन् कि भन्ने आशंका सामान्य जनमानसमा छाउन थालेको छ। सामान्य मानिसहरु राजनीतिक र नीतिगत विश्लेशण गर्न नजाने पनि उनीहरुको अर्थमा आन्दोलनमा दल र माओवादीहरुले गरेका वाचा राम्ररी बुझ्छन् र उनीहरु पर्खेर बसेका छन् र यसपल्ट वितृष्णा जाग्यो भने देशले अंझ ठूलो संकट भोग्नुपर्नेछ। त्यसको जिम्मा यी दुवै पक्षले लिनु पर्नेछ। तैपनि वर्तमान तरलताको अवस्थामा छिटफुट घटनामा केन्द्रित भएर निचोड निकाल्नु सायद त्यति श्रेयस्कर र बुद्धिमानी नहुन सक्छ। यसै सन्दर्भमा माओवादीहरुले वार्ता प्रक्रियाहरुमा देखाएको तत्परतालाई उनीहरुको कमजोरीको रुपमा व्याख्या गरियो भने त्यो पनि देशको लगि एउटा ठूलो रणनीतिक र राजनीतिक भुल हुनेछ।

अन्तमा सरकारले आफ्ना नीतिहरुलाई जसरी व्याख्या गरे पनि, माओवादीको सहयोग रहेन भने कसरी योजनाहरु कार्यान्वयन हुनेहुन्, साँच्चै माओवादीलाई पनि नीति र कार्यक्रमको सवालमा बहसमा सामेल गरिनु पर्थ्यो जसले गर्दा उनीहरुलाई पनि बोल्ने ठाउँ रहने थिएन र सर्वपक्षीय समझदारी हुने थियो ।■



# खै केमा अड्कियो ?

■ सुवास देवकोटा/काठमाडौं

**सात दल–माओवादीबीच** असार २ गते भएको आठबुँदे सहमति कार्यान्वयनमा अड्किएको सरकार-माओवादी वार्ता अब सात दल र माओवादी शीर्षस्थ नेतृत्वबीच अर्को सहमति नभए अघि नबढ्ने निश्चित भएको छ। प्रतिनिधिसभा विघटन र सेना व्यवस्थापन जस्ता ठूला विषयमा मात्र होइन, अन्तरिम विधान मस्यौदा समिति विस्तारबारे पनि सरकार-माओवादी वार्ता समिति सहमतिमा पुग्न सकेका छैनन्। आपसमा थप सहमति बन्न नसकेकाले उनीहरूबीच भइरहेको अनौपचारिक वार्ता पनि विगत एक सातादेखि हुनसकेको छैन। सरकारी वार्ताटोली सदस्य तथा पर्यटनमन्त्री प्रदीप ज्ञवालीका अनुसार अन्तरिम विधान मस्यौदा समिति विस्तार तथा विवादास्पद अन्य विषय सात दल-माओवादीको शीर्षस्थ नेतृत्वले समाधान नगरे अनौपचारिक वा औपचारिक वार्ता अघि बढ्न नसक्ने टुंगोमा अहिले दुवै टोली पुगेका छन्। समितिमा एमाले लगायत साना दल तथा महिलाहरूले आफ्नो प्रतिनिधित्व हुनुपर्ने माग गर्दैआएका छन्। पूर्णता नपाए पनि समितिले अन्तरिम विधान निर्माणको काम भने थालेको छ।

अर्को उपयुक्त विकल्पपछि प्रतिनिधिसभा विघटन गर्ने असार २ को आठबुँदे सहमतिविरुद्ध सांसदहरूको विरोध नै वार्ता अघि नबढ्नुको प्रमुख कारण बनेको छ। उपयुक्त विकल्पपछि प्रतिनिधिसभा विघटन गर्न सात दलको शीर्षस्थ नेतृत्व सहमत भए पनि सांसदहरू सदन विघटनविरुद्ध उत्रनुले आठबुँदे सहमतिविरुद्ध षड्यन्त्र हुन थालेको महसुस माओवादीले गरिरहेको छ। 'शीर्षस्थ नेतृत्वसँगको सहमति तिनै दलका सांसदले अस्वीकार गर्छन् भने वार्ता, छलफल र सहमतिको के अर्थ रह्यो' भन्ने मनस्थितिमा माओवादी नेतृत्व पुग्न लागेको स्रोत बताउँछ। यद्यपि, गत दुई सातादेखि माओवादी अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता डा. बाबुराम भट्टराई राजनीतिक दलका नेताहरूसँग आठबुँदे सहमति कार्यान्वयनबारे राजधानीमै बसेर छलफल गरिरहेका छन्। माओवादी वार्ताटोली प्रमुख कृष्णबहादुर महरा भन्छन्, 'प्रतिनिधिसभा विघटन गर्ने सहमतिविरुद्ध सांसदहरू उत्रनुले वार्तामा समस्या पर्ने देखिएको छ।' प्रतिनिधिसभा विघटन हुनै पर्ने अडान राख्दै महरा भन्छन्, 'यो सदनले आन्दोलनको म्यान्डेट बोक्दैन, किनभने यसमा हामी छैनौं। हामीसमेतको अन्तरिम संसद् बनेमा मात्र समस्या समाधानतर्फ बढ्छ।'

सरकार-माओवादी वार्ताका लागि प्रतिनिधिसभा विघटनसँगै माओवादी हतियार व्यवस्थापन अर्को समस्या बनेको छ। माओवादी हतियार व्यवस्थापनबारे सात दल-माओवादीबीचका विगतका समझदारी र सहमतिमा स्पष्ट उल्लेख भए पनि माओवादीबाट सार्वजनिक हतियार र सेनाबारेको पछिल्लो धारणा समस्या बनेको सात दल र सरकारको धारणा छ। सात दल-माओवादीको मंसिरको बाह्रबुँदे समझदारी र असार २ को आठबुँदे सहमतिमा दुवै हतियार र सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने बताइएको थियो। तर, पछिल्लो समयमा माओवादी अध्यक्ष प्रचण्डसहित नेताहरूले 'नेपालीले नै हतियार व्यवस्थापन गर्नसक्ने' बताएका छन्। माओवादी



भास्वर ओझा

**सरकार–माओवादी वार्ताका लागि प्रतिनिधिसभा विघटनसँगै माओवादी हतियार व्यवस्थापन समस्या बनेको छ ।**

नेताहरूको उक्त पछिल्लो धारणालाई एमाले नेता शंकर पोखरेल हतियारबारे माओवादी धारणा फेरिएको मान्छन् । सरकारी वार्तटोलीका सदस्य ज्ञवाली पनि 'हतियारको अन्तरिम टुंगो संविधान सभापछि लाग्ने सहमति भए पनि अन्तरिम सरकारमा माओवादी जानुअघि हतियार व्यवस्थापन र सुपरिवेक्षणमा रहने पूर्व सहमतिलाई अहिले माओवादीले अपव्याख्या गर्न खोजेको देखिएको' उल्लेख गर्छन् ।

तर, हतियारबारे माओवादी तर्क भने अर्कै छ । माओवादी वार्ताटोली प्रमुख महरा 'हतियार व्यवस्थापन भनेको हतियार बुझाउने नभएको' बताउँछन् तथा 'हतियार र सेना व्यवस्थापन नेपाली आफैंले गर्ने भन्नु विगतका समझदारी र सहमति विपरीत नभएको' तर्क गर्छन् । संविधानसभा निर्वाचनअघि हतियार नबुझाइने उल्लेख गर्दै महरा भन्छन्, 'हामीले हतियार र सेना व्यवस्थापन गरेपछि संयुक्त राष्ट्रसंघले त्यसको सुपरिवेक्षण गर्ने विगतको सहमति हो, नेपाली सेनालाई अहिलेकै ब्यारेकमा र जनमुक्ति सेनालाई अस्थायी ब्यारेकहरूमा राखेर संयुक्त राष्ट्रसंघले सुपरिवेक्षण गर्न सक्छ ।' माओवादी अध्यक्ष प्रचण्डले पछिल्लो समयमा नेपाल सेना र जनमुक्ति सेनालाई प्रधानमन्त्री मातहत संयुक्त कमान्डमा राखेर व्यवस्थापन गर्न सकिने बताएका थिए ।

आठबुँदे सहमति कार्यान्वयन र हतियार व्यवस्थापन विवादसँगै सरकार-माओवादीद्वारा जारी युद्धविराम आचारसंहिता विपरीत माओवादीका गतिविधि अझै जारी रहनु वार्ता सफलता निम्ति अर्को समस्या बनेको छ । माओवादी नेतृत्वले युद्धविराम आचारसंहिता पालन गर्ने प्रतिबद्धता बारम्बार सार्वजनिक गरे पनि तल्लो तहमा आचारसंहिता पालना नभएको र सात दलसँगको सहमति पनि कार्यान्वयन नभएको सात दलका नेताहरू बताउँछन् । उनीहरूका अनुसार विगतका समझदारी र सहमतिमा कब्जा गरिएका सम्पत्ति माओवादीले फिर्ता गर्ने उल्लेख भए पनि अझै फिर्ता भएको छैन । सर्वसाधारण र राजनीतिक कार्यकर्ताहरूको मात्र होइन, सात दलसम्बद्ध वरिष्ठ नेताहरूकै घर र जमिनमा माओवादी कब्जा अझै जारी रहेको उनीहरू बताउँछन् । स्रोतका अनुसार नेपाली कांग्रेसका महामन्त्री केबी गुरुङ, केन्द्रीय सदस्य विनयध्वज चन्द तथा एमाले स्थायी समिति सदस्य अमृत बोहोराको गाउँको जमिन र घरबाट माओवादीले अझै कब्जा छाडेको छैन ।

सरकारी वार्ताटोलीका एक सदस्य त माओवादीबाट आचारसंहिता पालना नहुनु पनि संसद् र दलहरूमा आठबुँदे समझदारीविरोधी वातावरण बन्नुको महत्त्वपूर्ण कारण मान्छन् । उनका अनुसार जमिन तथा घर कब्जा गरिएका नेता तथा कार्यकर्ताका अगाडि सरकारी वार्ताटोली सदस्यहरू अप्ठ्यारो मनस्थितिमा प्रस्तुत हुनुपर्छ । त्यसै कारण पार्टी र सदनमा सरकारी वार्ताटोलीका सदस्यहरूले आलोचना र विरोध व्यहोर्नुपरेको पनि उनी उल्लेख गर्छन् । कब्जा गरिएको सम्पत्ति फिर्ता नगर्नु, चन्दा अभियान जारी राख्नु र सरकारी निकायलाई विस्थापन गरी ठेक्का पट्टा लगाउन थाल्नुलाई सरकार र सात दलले माओवादीबाट भएका युद्धविराम आचारसंहिता उल्लंघन मानेका छन् ।

तर, प्रतिनिधिसभा विघटनबारे सांसदहरूको असहमति, हतियार व्यवस्थापनबारे विवाद र युद्धविराम आचारसंहिता पालनामा समस्या भए पनि वार्ता अवरुद्ध हुने स्थिति बनेको मान्न भने सरकार, सात दल र माओवादी कोही पनि तयार छैनन् । सांसद र संसदीय दलले प्रतिनिधिसभा विघटनविरुद्ध धारणा सार्वजनिक गरे पनि सात दल नेतृत्व अझै आठबुँदे सहमति पक्षमै रहेको देखिन्छ भने अन्तरिम विधान मस्यौदा समितिले आफ्नो काम थालेको छ । अन्तरिम विधानमा प्रतिनिधिसभाको उपयुक्त विकल्प खोजिने उल्लेख गरेर समितिका संयोजक लक्ष्मण अर्यालले प्रतिनिधिसभा विघटन विवादलाई टुंगो लगाउने संकेत दिएका छन् । यता, बाह्रबुँदे समझदारी र आठबुँदे सहमतिमा हतियार तथा सेनाबारे सहमति बनेको अवस्थामा आगामी वार्तामा त्यो नै समस्या बन्ने देखिँदैन भने आचारसंहिता पालना पनि वार्ता भाँडिने स्तरको समस्या बनिरहने देखिँदैन । किनभने माओवादी नेतृत्व शान्तिपूर्ण राजनीतिमा आउन प्रतिबद्ध देखिइसकेका कारण उसका छिटपुट कमजोरी व्यवहार सुधिने निश्चित छ । नेपाली कांग्रेसका युवा नेता विश्वप्रकाश शर्माका अनुसार सात दल र माओवादीबीच अहिले ठूलै विवाद देखिए पनि विगतका सहमति तोड्ने पक्षमा जान कसैको सक्ने स्थिति छैन । शर्मा भन्छन्, 'सहमति तोडिए मुलुक पुरानै अवस्थामा फर्कने भएकाले पनि कसैले त्यसतर्फ जाने कल्पना पनि गर्न सक्दैनन् ।' एमाले नेता शंकर पोखरेल पनि सात दल र माओवादीका प्रमुख नेताहरू विगतका समझदारी र सहमतिबाट विचलित नहुँदासम्म ती तोडिने स्थिति नरहेको बताउँछन् ।

सात दलका प्रमुख नेताहरू दल-माओवादी समझदारी र सहमतिकै पक्षमै देखिए पनि माओवादीसँगको सहमतिविरुद्ध उनीहरूकै दलमा उठिरहेको आवाजले शीर्षस्थ नेताहरूको नियन्त्रण उनीहरूकै दलमा नरहेको प्रमाणित भएको छ । त्यति मात्र होइन, अहिले दलहरूमा देखिएको अराजकताले माओवादीसँगको सहमतिप्रति शीर्षस्थ नेताहरूको प्रतिबद्धता पनि शंकामा परेको छ । सात दलमा देखिएको यो स्थितिले माओवादी नेतृत्वसँगको आगामी वार्तामा सात दलको नेतृत्व कमजोर रुपमा प्रस्तुत हुनुपर्ने स्थिति आउनेछ । ■

# होला कार्यान्वयन ?

| | | |
|---|---|---|
| कुल बजेट | - | १ खर्ब ४३ अर्ब ९१ करोड २३ लाख |
| चालू खर्च | - | ८३ अर्ब ७६ करोड ७८ लाख |
| पुँजीगत खर्च | - | ४४ अर्ब ९७ करोड ६४ लाख |
| साँवा भुक्तानी | - | १५ अर्ब १६ करोड ८० लाख |

**खर्च व्यहोर्ने स्रोत**

| | | |
|---|---|---|
| राजस्व | - | ८० अर्ब ८२ करोड ४५ लाख |
| वैदेशिक अनुदान | - | २३ अर्ब ७२ करोड ८६ लाख |
| वैदेशिक ऋण | - | १६ अर्ब ९० करोड ७९ लाख |
| न्यून हुने रकम | - | २२ अर्ब ४५ करोड १२ लाख |

**बजेटमा कर्णाली**

- कर्णाली अञ्चलमा 'एक परिवार एक रोजगार' अभियान संचालन गरिनेछ। यस अभियानअन्तर्गत रोजगारी पाउन नसकेकाहरूलाई प्रतिदिन ५० रुपैयाँका दरले वार्षिक १ सय दिनको रोजगारी भत्ता दिइनेछ।
- कालिकोटको मान्म र जुम्लाको खलंगामा २०६३ पुसभित्र मोटरबाटो पुऱ्याइनेछ।
- गरिबी निवारण कोषअन्तर्गत कर्णालीका पाँचवटै जिल्लामा कार्यक्रम लागू गरिनेछ।
- 'कर्णाली उज्यालो कार्यक्रम'अन्तर्गत ३१ हजार सौर्य टुकी वितरण गरिनेछ।
- निम्नमाध्यमिक तहसम्मका २४ हजार विद्यार्थीलाई दिवा खाजा र जुकाको औषधी वितरण गरिनेछ।
- जुम्ला, डोल्पा, मुगु लगायतका जिल्लामा ध्वस्त संरचनाको पुनः निर्माण गरिनेछ।

**राजदरवार र सुरक्षानिकायको खर्चमा व्यापक कटौती गरिने आन्दोलनको मुख्य राजनीतिक नारा, सरकारमा गएपछि 'श्वेतपत्र'मार्फत गरिएको प्रतिबद्धता र आम जनताको चाहना वेवास्ता गर्दै सरकारले ती निकायको बजेट यथावत् राखेको छ।**

■ **मधुसूदन पौडेल/काठमाडौं**

**मुख्य रूपमा** आफ्नो परम्परागत मौलिकता जोगाउँदै अर्थमन्त्री डा. रामशरण महतले नयाँ आर्थिक वर्षको बजेट प्रतिनिधिसभामा पेस गरेका छन्। संयुक्त सरकारका साझेदार सात राजनीतिक दल र शान्ति वार्तामा सामेल माओवादीको सहमति नलिईकनै 'पपुलिस्ट' बनाउन खोजिएको बजेट कार्यान्वयनमा भने आशंका गरिएको छ।

जनआन्दोलन-२ पछि गठित सरकारको पहिलो बजेटले उसका नीति तथा कार्यक्रम अगाडि बढाउने प्रयास गरेको छ। तर, आन्दोलनकारी जनताका अपेक्षा भने बजेटले समेट्न सकेको छैन।

सरकार-माओवादीबीचका मुख्य राजनीतिक समझदारीहरू कार्यान्वयनमा सरकार प्रयत्नशील छ भन्ने देखाएको छ, बजेटले। किनभने सरकारले बजेटको पहिलो प्राथमिकतामा नै 'लोकतान्त्रिक पद्धतिलाई संस्थागत' गर्ने भनेको छ। र, 'स्वतन्त्र, निष्पक्ष एवं भयरहित वातावरणमा संविधानसभाको निर्वाचन गर्ने' प्रतिबद्धता दोहोऱ्याएको छ। संविधानसभाको निर्वाचनमार्फत माओवादी समस्या समाधान गरी दिगो शान्तिको वातावरण मिलाउने दिशामा काम गर्नु वर्तमान सरकारका लागि जनताले सुम्पिएको मुख्य जिम्मेवारी मानिएको छ। नीति तथा कार्यक्रम र बजेटमार्फत सरकारले अन्तरिम संविधान र अन्तरिम सरकारको बाटो हुँदै संविधानसभाको निर्वाचनमा जाने मार्गचित्र प्रस्तुत गरेको छ। यसका लागि १ अर्ब २५ करोड रुपैयाँ छुट्याइएको छ।

तर माओवादी सेनाको खर्च व्यवस्थापनका मामिलामा सरकार मौन बसेको छ। माओवादीको जनमुक्ति सेना पाल्न चन्दा उठाउनु परेको स्पष्टीकरणपछि अर्थमन्त्री महत र सत्ताधारी मुख्य दल एमालेका महासचिव माधव नेपालले सरकारले नै माओवादी सेना पाल्ने व्यवस्था मिलाउने बताएका थिए। तर, बजेटमा यसबारे उल्लेख छैन। औपचारिक रुपमा सरकारले विद्रोही सेनाका लागि बजेट विनियोजन गर्न नमिल्ने यथार्थ भए पनि सत्ताधारी ती नेताहरू भने यस मामिलामा चुकेका छन्, नैतिक जिम्मेवारीबोध गर्ने हो भने। माओवादी वार्ताटोलीका सदस्य दीनानाथ शर्मा भन्छन्, 'सवाल रकमको हैन, राजनीतिक इमानदारीको हो। हाम्रो सेना यो सरकारले रकम नदिँदैमा भोकै मर्दैन।'

राजदरवार र सुरक्षानिकायको खर्चमा व्यापक कटौती गरिने आन्दोलनको मुख्य राजनीतिक नारा, सरकारमा गएपछि 'श्वेतपत्र'मार्फत गरिएको प्रतिबद्धता र आम जनताको चाहना एकातिर पन्छाउँदै सरकारले उनीहरूको बजेट यथावत् राखेको छ। बजेट प्रस्तुत गर्ने क्रममा पनि अर्थमन्त्री महतले राजदरवारको खर्चमा व्यापक कटौती गरिएको दाबी गरे पनि यथार्थमा राजाको खर्चमा कुनै कटौती गरिएको छैन। उनले गत वर्ष बजेटमा विनियोजन गरिएको ४० करोड र भ्रमण लगायतका




तस्वीरहरू : भास्कर ओझा

काममा राजाले गरेको कुल खर्च करिब ७५ करोड रुपैयाँबाट यो वर्ष राजाको खर्च २१ करोड ९७ लाख रुपैयाँमा झारिएको बताएका छन् । तर, यो रकम २०५८/०५९ मा उनी आफै अर्थमन्त्री रहेको नेपाली कांग्रेसको सरकारले राजदरवारलाई छुट्याइदिएको खर्चको तुलनामा झण्डै दोब्बर बढी हो । त्यस वर्ष राजदरवारको खर्च ११ करोड ६२ लाख रुपैयाँ विनियोजन गरिएको थियो ।

प्रतिनिधिसभाले राजप्रासाद सेवा खारेज गरी राजदरवारमा कार्यरत करिब ९ सय कर्मचारीलाई निजामती सेवामा पठाएको अवस्थामा राजदरवारका लागि विनियोजित रकम कटौती गरिएको अर्थमन्त्रीको दाबी विश्वसनीय छैन । एमाले नेता एवं पूर्वअर्थमन्त्री भरतमोहन अधिकारी भन्छन्, 'राजदरवारको खर्च साँच्चै कटौती गरिनु पर्थ्यो ।' अर्थमन्त्रीले राजदरवारमा कसका लागि कति रकम सरकारले उपलब्ध गराउनेछ भन्ने विस्तृत विवरण दिएका छैनन् । तर, गत वर्ष राजा प्रत्यक्ष शासनमा रहेको समयमा भन्दा उनका कुनै पनि सुविधा घटेका छैनन् भन्ने आधार यसले दिएको छ ।

अर्थमन्त्री महतले प्रतिनिधिसभमा अर्थ समितिले दिएका सुझाव पालना गर्दै बजेट बनाइएको उल्लेख गरेका थिए । तर, उक्त समितिले दिएका मुख्य सुझाव भने बेवास्ता गरिएको छ । समितिले राजदरवार खर्च र सुरक्षा खर्च व्यापक कटौती गर्न उनलाई सुझाव दिएको थियो । बजेटमा सुरक्षा खर्च घटाउन नसकिएको उनले स्विकारेका छन् । यस वर्ष पनि नेपाली सेनाका लागि करिब साढे १० अर्ब रुपैयाँ विनियोजन गरिएको छ भने प्रहरीका लागि करिब ९ अर्ब रुपैयाँ । यो रकम गत वर्षकै हाराहारीको रकम हो । सरकारले सेनामा रिक्त हुने पदहरू स्वतः खारेज गरी उनिहरूको संख्या क्रमशः घटाउँदै जाने रणनीति अवलम्बन गरेको छ ।

## पुराना कार्यक्रमकै निरन्तरता

सरकारले आफूलाई ग्रामीणमुखी देखाउने प्रयास गरेको छ । तर, त्यसका लागि नयाँ कार्यक्रम भने ल्याइएको छैन । विकेन्द्रीकरण कार्यान्वयनमा अन्तर्राष्ट्रिय दबाब परिरहेका बेला सरकारले प्रत्येक गाउँ विकास समितिका लागि १० लाख रुपैयाँसम्म खर्च गर्न सक्ने प्रावधान अगाडि सारेको छ । तर, त्यसका लागि पहिलो चरणमा विनियोजित ५ लाख रुपैयाँ खर्च गरी थप खर्च गर्न सक्ने आधार पेस गर्नु पर्नेछ । यो रकम शिक्षा र स्वास्थ्य क्षेत्रमा खर्च गर्नु पर्ने प्राथमिकता तोकिएको छ । दक्षताको अभावमा अधिकांश गाविसले थप रकम निकासा पाउने अवस्था निकै कम छ ।

पुनःस्थापित सांसदहरूले भने आफ्नो निर्वाचन क्षेत्रका लागि 'केही' गर्न सक्नेछन्, निर्वाचन क्षेत्र विकास कार्यक्रममार्फत । विगतमा प्रत्येक सांसदले आफ्नो निर्वाचन क्षेत्रमा खर्च गर्न पाउने गरी दिइएको १० लाख रुपैयाँ यसपालि पनि उनीहरूले पाउनेछन् । विगतमा राष्ट्रियसभाका सांसदहरूले पनि यस्तो सुविधा पाएकोमा यो वर्ष भने उनीहरूले यस्तो सुविधा पाउनेछैनन् । गरिबी निवारण कोषमार्फत २५ जिल्लामा गरिबमुखी कार्यक्रम विस्तार गर्ने, ग्रामीण विद्युतीकरणमा प्राथमिकता दिने तथा किसानहरूका लागि स्यालो तथा डिप ट्युववेल संचालनमा सहयोग पुऱ्याउने कार्यक्रम सरकारले अगाडि सारेको छ । विगतका सरकारले



प्रतिनिधिसभामा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. रामशरण महत

लागू गरेका ज्येष्ठ तथा असहाय नागरिक, विधवा र द्वन्द्वमा परी विधवा भएकाहरूलाई दिँदै आएको रकममा रु २५. वृद्धि गरी क्रमशः २/२ सय र १ सय ५० रुपैयाँ पुऱ्याइएको छ।

गाउँको विकासका लागि 'ग्रामीण सडक निर्माण कोष' स्थापनाका लागि २० करोड रुपैयाँ विनियोजन गरिएको छ। जनताको सहभागितामा अगाडि बढाइने यस कार्यक्रमअन्तर्गत यो वर्ष १ हजार ३ सय ८४ किलोमिटर ग्रामीण सडक बनाउने लक्ष्य राखिएको छ। सडकले नछोएका १४ जिल्ला सदरमुकाममध्ये यो वर्ष भोजपुर, संखुवासभा, खोटाङ, जाजरकोट, बझाङ र कालिकोट गरी सातवटा जिल्ला सदरमुकाममा सडक पुऱ्याइनेछ। आगामी चार वर्षमा बाँकी जिल्लामा पनि सडक संजालले जोड्ने प्रतिबद्धता बजेटले गरेको छ। जसका लागि ७१ करोड रुपैयाँ विनियोजन गरिएको छ। बजेटले हिमाली राजमार्गको अवधारणा पनि अगाडि सारेको छ। महेन्द्र राजमार्ग र हुलाकी राजमार्गसँगको सडक सम्पर्क वृद्धि गर्ने तथा सहायक राजमार्ग विस्तारमा ध्यान पुऱ्याउने योजना बनाइएको छ। निजी क्षेत्रसँगको साझेदारीमा सडक र विद्युत् सेवा विस्तार गरिनेछ।

रोजगारी प्रवर्धनको एक मात्र बाटो वैदेशिक रोजगारीलाई मानिएको छ। घरेलु कामदारका रूपमा वैदेशिक रोजगारीमा जान महिलामाथि लगाइएको बन्देज हटाइएको छ। दक्ष जनशक्ति उत्पादनका लागि संचालन गरिने तालिममा जनआन्दोलनका घाइते, महिला तथा दलितले प्राथमिकता पाउनेछन्। त्यस्तै नेपाल उद्योग वाणिज्य महासंघसँगको सहकार्यमा थप ३ जिल्लामा इलम प्रशिक्षण केन्द्र विस्तार गरी उनिहरूलाई नै दक्षता अभिवृद्धिको अवसर दिइनेछ। मेलम्ची खानेपानी आयोजनाका लागि १ अर्ब ६६ करोड रुपैयाँ विनियोजन गरिएको छ।

ध्वस्त भएका जिल्ला सदरमुकामहरूको पुनर्निर्माणका लागि १ अर्ब १० करोड रुपैयाँ विनियोजन गरिएको छ।

निजामती कर्मचारीहरूले न्यून राहत पाएका छन्, यो बजेटमा। उनीहरूले साउन १ देखि आफ्नो तलबको १० प्रतिशत महँगी भत्ता पाउनेछन्।

## सहिदप्रति सम्मान

लोकतन्त्र स्थापनाका लागि बलिदानी दिएका सहिद परिवारको जीवन निर्वाहका लागि सरकारले मासिक ३ हजार रुपैयाँ भत्ता दिने घोषणा गरेको छ। साथै उनीहरूका सन्तानलाई स्नातकसम्म निःशुल्क अध्ययनको व्यवस्था पनि सरकारले उपलब्ध गराउनेछ। उनीहरूलाई छुट्टै परिचयपत्र वितरण गरी सरकारी अस्पतालमा निःशुल्क उपचारको सुविधा र सहिदको सम्झनामा पार्कहरू निर्माण गरिने पनि बजेटमा उल्लेख छ। आन्दोलनमा अशक्त भएका घाइतेहरूलाई पनि मासिक अशक्त भत्ता र 'यथोचित' आर्थिक सहायता उपलब्ध गराइनेछ। घाइतेहरूले राम्ररी उपचार



**अर्थमन्त्री महतले बजेट निर्माणमा सात दलको सहमति नलिएको भन्दै उनीहरूले आलोचना मात्रै गरेका छैनन्, अनौपचारिक रूपमा विरोध पनि गरेका छन्। एमाले आर्थिक विभाग हेर्ने भरतमोहन अधिकारी र डा. डिल्लीराज खनालले बजेट निर्माणमा एमालेसँग कुनै सरोकार नराखिएको बताएका छन्।**

नपाएको गुनासो आइरहेका बेला सरकारले उनीहरूका लागि आवश्यक रकम उपलब्ध गराउने कुरा फेरि दोहोऱ्याएको छ।

द्वन्द्वका विस्थापितलाई घर फर्काउन सरकारले ५ हजार रुपैयाँ अनुदान दिनेछ। १० हजार रुपैयाँसम्मको कृषि कर्जा दिनेछ, जसमध्ये पनि ४ प्रतिशत अनुदान रहनेछ। सशस्त्र द्वन्द्वका क्रममा मारिएका परिवारका लागि राहत एवं कल्याणकारी योजना ल्याउने जानकारी पनि दिइएको छ।

## उद्योगलाई प्रोत्साहन, एनआरएनलाई नागरिकता

सरकारले राष्ट्रिय उद्योगलाई प्रोत्साहन गर्न विदेशमा बनेको सामानभन्दा १० प्रतिशतसम्म महँगो भए पनि स्वदेशी उत्पादन नै प्रयोग गरिने प्रतिबद्धता जनाएको छ। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले यसै प्रावधानअन्तर्गत रही स्वदेशी जुत्ता, कपडा प्रयोग गर्नु पर्नेछ। अर्थमन्त्री महतले स्वदेशी उद्योग संरक्षण गरिने बजेट संसद्मा प्रस्तुत गरिरहँदा राजधानीकै किरण सुज उद्योग भने माओवादी धम्कीका कारण बन्द भएको छ।

दुर्गम क्षेत्रका २२ जिल्लामा नकारात्मक सूचीमा परेका बाहेक नयाँ उद्योग स्थापना गरेमा ती उद्योगले १० वर्षसम्म आयकर छुट पाउनेछन्। उद्योगी, व्यवसायी र ट्रेड युनियनहरूसँगको सहकार्यमा नयाँ श्रम ऐन ल्याइनेछ। नयाँ उद्योग, विशेष आर्थिक क्षेत्र एवं निकासी प्रशोधन क्षेत्रमा लागू गरिने नयाँ व्यवस्थाबाट आगामी तीन वर्षभित्र करिब ५० हजार रोजगार उपलब्ध गराउन सम्भव हुने विश्लेषण सरकारको छ।

गैर-आवासीय नेपालीहरूले उठाउँदै आएको दोहोरो नागरिकता उपलब्ध गराउन सरकार तयार देखिएको छ। बजेटमा एनआरएन कानुन सुधार गरिने र दोहोरो नागरिकताको व्यवस्थाका लागि कदम चालिने भनिएको छ। तराईको नागरिकता समस्या संविधानसभा अगाडि नै समाधान गरिने पनि बताइएको छ।

तर बैंकको ऋण नतिरी कालोसूचीमा परेका उद्यमी-व्यवसायीप्रति भने सरकार कडा रूपमा प्रस्तुत भएको छ। उनीहरूलाई आउँदो भदौ मसान्तसम्म ऋण पुनर्तालिकीकरणको म्याद दिइएको छ। यसपछि पनि ऋण नतिर्नेहरूको राहदानी जफत गर्ने घोषणा सरकारले गरेको छ। बजेट वक्तव्यमै उल्लेख गर्दै अर्थमन्त्री महतले यस्ता 'डिफल्टर'लाई सबै सरकारी सुविधाबाट वञ्चित गरिने बताएका छन्।

## अभाव राष्ट्रिय सहमतिको

अर्थमन्त्री महतले बजेट निर्माणमा सात दलको सहमति नलिएको भन्दै उनीहरूले आलोचना मात्रै गरेका छैनन्, अनौपचारिक रूपमा विरोध पनि गरेका छन्। एमाले आर्थिक विभाग हेर्ने भरतमोहन अधिकारी र डा. डिल्लीराज खनालले बजेट निर्माणमा एमालेसँग कुनै सरोकार नराखिएको बताएका छन्। अधिकारी भन्छन्, 'हामीसँग कुनै सहमति लिइएको छैन।' सत्ताधारी दल जनमोर्चाका सांसद लीलामणि पोखरेल र नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले पनि बजेट निर्माणमा आफूहरूलाई कुनै सरोकार नराखिएको बताएका छन्। तर, कार्यान्वयनप्रति भने पूर्व अर्थमन्त्री रहेका कांग्रेस नेता महेश आचार्यले पनि विश्वस्त हुन नसकिने बताएका छन्।

असार २ गतेको सरकार-माओवादी आठबुँदे सहमतिमा मुलुकलाई असर पर्ने कुनै पनि विषयमा राष्ट्रिय सहमति गर्नु पर्ने प्रावधान राखिएको छ। तर, सरकारले बजेट प्रक्रियामा माओवादीसँग कुनै पनि सरोकार राखेको छैन। माओवादी नेता दीनानाथ शर्मा भन्छन्, 'सरकारले आठबुँदे सहमति पालना गरेको छैन।' यसले पनि बजेट कार्यान्वयनमा समस्या पर्ने देखाएको छ। प्रतिनिधिसभामा विपक्षी दलको भूमिकामा प्रस्तुत भएको राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिशमसेर राणाले बजेट कार्यान्वयन हुनै नसक्ने ठोकुवा गरेका छन्। अन्तरिम सरकार गठन गरिन लागेको अवस्थामा यो सरकारले एक वर्षको कार्यक्रम तयार पार्नु नै गलत भएको उनले बताए। 'माओवादीले यो बुर्जुवा बजेट लागू गर्नेछैनन्', उनको विश्लेषण छ। ■

# सुरु भयो शुद्धीकरण

■ किरण भण्डारी/काठमाडौं


केशवराज राजभण्डारी


नैनबहादुर खत्री

तस्वीरहरू : समय

**अस्वस्थ तरिकाले संवैधानिक परिषद्को सिफारिस उल्टाएर प्रमुख आयुक्त हुन सफल केशवराज राजभण्डारी यसपालि भने विफल भएका छन्। सार्वजनिक जग्गामा आँखा गाड्नेदेखि आफ्नो भजनको क्यासेट पियनसम्मलाई भिडाएर उदांग भएका राजभण्डारीमाथि अब विभिन्न कोणबाट आक्रमण सुरु हुने निश्चित छ।**

**जागिरको अवधि** लम्ब्याउन उमेर सच्याएको आरोपमा पाँच वर्षअघि खोसिने निश्चित भएका तत्कालीन सचिव केशवराज राजभण्डारीलाई प्रतिनिधिसभा राज्य व्यवस्था समितिले संरक्षण गरेकाले उनी मुख्य सचिव हुँदै प्रमुख निर्वाचन आयुक्तको पदसम्म पुग्न समर्थ भए।

जुनसुकै शक्ति केन्द्रलाई रिझाएर अवसर हात पार्न माहिर राजभण्डारी समयक्रमसँगै महत्त्वाकांक्षी बन्दै गए। तर, दोस्रो जनआन्दोलनको सफलतापश्चात् राजनीतिक परिवेशले कोल्टे फेरेपछि त्यही प्रतिनिधिसभा राजभण्डारीको प्रमुख निर्वाचन आयुक्त पदको लागि काल भएर बज्रियो।

राजनीतिक भाषणबाजी र राजाको अति भक्ति देखाउन दलहरूलाई तथानाम गाली गलौज गरी पदीय मर्यादाको ख्याल नगरेको भनी राजभण्डारी र उनका सहकर्मीमाथि प्रतिनिधिसभामा महाभियोगको प्रस्ताव दर्ता हुने निश्चित भएपछि असार अन्तिम साता उनीहरूले राजीनामा दिएका छन्।

महाभियोगकै डरले तर सरकारलाई सजिलो होस् भनी राजीनामा दिएको भन्दै राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्री र सदस्यहरूले पनि पद छाडेका छन्। उनीहरूको राजीनामा स्वीकृत भएको सूचना बुधवार साँझसम्म आएको छैन।

आफूमाथि अनुग्रह राख्ने प्रतिनिधिसभा नै अहिले जाइलागेर राजीनामा गर्नुपर्दा पनि प्रमुख आयुक्त राजभण्डारीले संयमित प्रतिक्रिया दिएका छन्। नगरनिर्वाचन सम्पन्न गर्ने नाममा करोडौं रकम खर्च गरेको र त्यति बेला दलहरूप्रति दुर्नाम बोलेकाले आयोगका पदाधिकारीहरूविरुद्ध महाभियोग प्रस्ताव तयार गरिएको थियो। आयुक्तहरू डमरुवल्लभ भट्टराई, दिलबहादुर कार्की, जयरामसिंह बोहोरा लगायतले राजभण्डारीले राजीनामा दिएको भोलिपल्ट पद छाडेका छन्।

राजभण्डारी बहिर्गमनपछि प्रशासनवृत्तमा उनको विगतबारे पुनः चर्चा सुरु भएको छ। उमेर ढाँट्ने सचिवदेखि पियनसम्मलाई निजामती किताबखानाको रेकर्ड छानबिन गरेर अवकाश दिन थाल्दासमेत राजभण्डारी जोगिएका थिए। तत्कालीन वातावरण सचिव गोविन्ददेव भट्ट, विशेष प्रहरीका मुख्य अधिकृत कृष्णप्रसाद शर्मा, सहसचिव उषा नेपाल लगायत दर्जनौं उच्च पदाधिकारीले उमेर ढाँटेकै अभियोगमा अवकाश पाए। सामान्य प्रशासन सचिव मुकुन्दप्रसाद शर्माले यो शुद्धीकरण अभियानको नेतृत्व गरेका थिए। तर, राजभण्डारीको हकमा उनको केही लागेन।

परीक्षा नियन्त्रण कार्यालयले शैक्षिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति दम्पच पारेको, राज्य व्यवस्था समितिले काखी च्यापेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत अमुक शक्ति केन्द्रको दबाबमा उमेर तथा सर्टिफिकेट छानबिन रोकेपछि राजभण्डारीको वृत्तिमा बढोत्तरी भई नै रह्यो।

अस्वस्थ तरिकाले संवैधानिक परिषद्को सिफारिस उल्टाएर प्रमुख आयुक्त हुन सफल राजभण्डारी यसपालि भने विफल भएका छन् । सार्वजनिक जग्गामा आँखा गाड्नेदेखि आफ्नो भजनको क्यासेट पियनसम्मलाई भिडाएर उदांग भएका राजभण्डारीमाथि अब विभिन्न कोणबाट आक्रमण सुरु हुने निश्चित छ ।

राजभण्डारीकै नियति राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्री र उनको समूहको भएको छ । मुलुकको इतिहासमा प्रचलनमा नआएको महाभियोगको डन्डादेखि अत्तालिएर उनीहरूले राजीनामा दिएका छन् । राजीनामाका क्रममा पुनःस्थापित प्रतिनिधिसभा र सरकारप्रति विषबमन गरेर उनीहरूले चित्त बुझाएका छन् । कांग्रेसको कार्यकर्ताबाट मानवअधिकारवादी बनेका सुदीप पाठक पद त्याग गर्नुपरेका कारण सबैभन्दा आक्रोशित देखिएका छन् । माघ १९ लगत्तै तत्कालीन ऐन नियम अध्यादेशद्वारा संशोधन गरी उनीहरूलाई मनोमानी तरिकाले नियुक्ति गरिएको थियो ।

सरकार वा अन्य पक्षबाट भएका मानवअधिकार उल्लंघनको घटनाको उत्तिकै निष्पक्षताका साथ छानबिन गर्नुपर्ने निकायका पदाधिकारीले सर्वशक्तिमान राजा र उनको सत्तालाई रिझाउन विभिन्न प्रयास गरेका थिए । यस्तो रवैयाको राष्ट्रिय र अन्तर्राष्ट्रिय वृत्तबाट आलोचना हुने क्रममा विधिशास्त्रीहरूको अन्तर्राष्ट्रिय संस्थाले समेत कडा टिप्पणी गरेको थियो ।

१६ महिनाअघि जेनेभामा सम्पन्न राष्ट्रसंघीय मानवअधिकार उच्चायोग सम्मेलनमा माघ १९ पछि मानवअधिकारमा सुधार आएको भनी पैरवीमा उत्रेको पुरस्कारस्वरूप ८४ वर्षीय नयनबहादुर खत्री पुनः मानवअधिकार आयोगको अध्यक्ष नियुक्त भएको चर्चा उति बेला चलेको थियो । मानवअधिकारको स्थिति नाजुक हुँदै गएको भन्दै नेपाल अन्तर्राष्ट्रिय निगरानीमा परेका बेला पूर्वप्रधानन्यायाधीश खत्री पदिय दायित्व बिर्सेर राजाको प्रत्यक्ष शासनको प्रशंसामा उत्रेका थिए ।

खत्रीको समूहका अन्य सदस्यमा सर्वोच्चका पूर्व न्यायाधीश सुशीला सिंह सिलु, नेपाल मानवअधिकार संगठनका अध्यक्ष सुदीप पाठक, पत्रकार गोकुल पोखरेल र पूर्व कर्मचारी रामदयाल राकेश छन् ।

उनीहरूकै नियुक्ति सिफारिसका लागि मानवअधिकार आयोग ऐन २०५३ मा संशोधन गरिएको थियो । त्यति बेलाका विवादास्पद प्रधानन्यायाधीश हरिप्रसाद शर्मा, नैतिक हैसियत गुमाएका सभामुख तारानाथ रानाभाट र तिकडममा माहिर परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेको समूहले गरेको सिफारिसअनुसार नियुक्त आयोगका विरुद्ध स्वतन्त्र मानवअधिकारकर्मीहरू उति बेलै खुलेर लागेका थिए ।

निर्भीकता, स्वायत्तता, स्वतन्त्रता, पारदर्शिता, बहुलता, दक्षता, व्यवसायिकता कायम गर्नुपर्ने पेरिस प्रिन्सिपलको खिल्ली उडाएको भन्दै आयोगलाई अमान्य घोषित गर्न अन्तर्राष्ट्रिय फोरमहरूमा समेत मानवअधिकारवादीहरू लागी परेका थिए ।

सारा प्रयास निरर्थक भए पनि जनआन्दोलनको सफलतापश्चात् स्थापित प्रतिनिधिसभाले दुवै आयोगलाई शुद्धीकरण गरेको छ । यी पद पूर्ति गर्न सरकार वा राज्यले फेरि दलगत भागबन्डा वा नाता सम्बन्धलाई आधार मान्ने हो भने आधारभूतमा रुपमा केही पनि फरक हुनेछैन ।

दुईवटा आयोगमा दस पद रिक्त हुनेबित्तिकै त्यो हत्याउन दौडधुप सुरु भइसकेको छ । तर, अन्तरिम शासन विधान जारी भएपछि मात्र यस्ता उपल्लोस्तरका नियुक्ति हुने सम्भावना अधिक रहेको बालुवाटार निकट स्रोतले जानकारी दिएको छ ।

लक्ष्मण अर्यालको मस्यौदा समितिलाई नयाँ विधान जारी भएपश्चात् सबै संवैधानिक पदहरू पुनर्नियुक्ति हुनुपर्ने व्यवस्था राख्न जिम्मेवार केन्द्रहरूबाट सुझाव दिइएको छ । २०४७ सालमा पनि नयाँ संविधानले सर्वोच्च अदालतका न्यायाधीश, राजदूतसहितका सबै संवैधानिक पद पुनर्नियुक्ति हुनुपर्ने प्रावधान राखिएको थियो ।

'आमूल परिवर्तनपछि स्थापित सरकारले राज्यका अंगहरूलाई एक पटक शुद्धीकरण गर्न पाउनुपर्छ', ती नेताले भने, 'मस्यौदा समिति यसमा कन्भिन्स भइसकेको छ ।' ■




## गुणस्तरीय जीवनका लागि गुणस्तरीय शिक्षा

# रेडन कलेजको विशेषता

**परिचय**

शिक्षाले विश्व समुदायलाई विज्ञान र प्रविधिको उत्कर्ष विन्दुमा पुऱ्याएको छ । आम शिक्षाप्रेमी, अभिभावक, शिक्षक समुदाय तथा विद्यार्थीहरूमाझ गुणस्तरीय शिक्षा चासको विषय बनेको छ । गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिबद्धताका साथ वि. सं. २०५७ (सन् २०००) मा रेडन कलेजको नामले सुपरिचित यस कलेजमा विज्ञान, व्यवस्थापन तथा मानविकी संकायका + २ तथा बी.बी.एस. कार्यक्रमहरू संचालन हुँदै आएको कुरा जानकारी गराउन चाहन्छौं । रेडन कलेज व्यवस्थापनले २०५९ देखि माध्यमिक तहसम्म विद्यालय विस्तार गरेको छ । समयसापेक्ष मागबमोजिम अन्य कार्यक्रमहरू क्रमशः विस्तार गरी एउटा पूर्ण संस्थाको रूपमा विकसित गर्ने लक्ष्यमा रेडन निरन्तर अगाडि बढिरहेको छ ।

**विशेषताहरू**

- देशका ख्यातिप्राप्त शिक्षाविद्हरूको विशेष परामर्श र अनुगमनमा शैक्षिक कार्यक्रमहरू संचालन ।
- उपयुक्त कक्षाकोठा, छात्रावास, खेलमैदान, कम्प्युटर, पुस्तकालय, प्रयोगशाला, यातायात, चमेना गृह आदि भौतिक तथा शैक्षिक सुविधा सम्पन्न ।
- विभिन्न किसिमले गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति तथा पुरस्कारहरू प्रदान गरिने ।
- विद्यार्थीहरूको आवश्यकताअनुसार उनीहरूको शैक्षिक तथा वृत्ति विकासमा विद्यार्थी हित तथा परामर्श सेवा प्रदान गर्ने ।
- विद्यार्थीहरूले कलेजमा गरेको उन्नति, प्रगति तथा अन्य शैक्षिक क्रियाकलापहरूको बारेमा निजका अभिभावकहरूसँग निरन्तर, नियमित सम्पर्क तथा अन्तरक्रिया गरिने ।
- विद्यार्थीहरूको आवश्यकता हेरी अंग्रेजी तथा नेपाली भाषामा अध्ययन-अध्यापन गराइने ।

**उपलब्धिहरू**

- उच्च माध्यमिक शिक्षा परिषद्द्वारा सञ्चालित परीक्षामा ९३.३% भन्दा बढी नतिजा प्राप्त गर्न सफल ।
- देशमा विभिन्न सुगम तथा दुर्गम जिल्ला तथा ठाउँहरू गरी ६३ भन्दा बढी जिल्लाका विद्यार्थीहरूले अध्ययन गरिसकेको ।
- यसका उत्पादकहरूले देश भित्र तथा देश बाहिर पाएका वा हासिल गरेका विभिन्न सफलताहरू ।
- संचालनको ६ वर्षे दौरानमा विभिन्न स्कुल, कलेज, विश्वविद्यालय, शिक्षाविद् तथा अन्य विभिन्न संघ-संस्था वा महानुभावबाट पाएको माया तथा सद्भाव ।

| संचालित तह तथा विधा | |
|---|---|
| **चालू शैक्षिक सत्र**<br>• विज्ञान + २<br>• व्यवस्थापन + २ र स्नातक<br>• मानविकी + २<br>• स्कुल नर्सरीदेखि १० कक्षासम्म<br>**प्रस्तावित**<br>• विज्ञान स्नातक<br>• शिक्षा स्नातक | **ऐच्छिक विषयहरु**<br>• होटल म्यानेजमेन्ट<br>• वातावरण शिक्षा<br>• पत्रकारिता<br>• अंग्रेजी<br>• समाजशास्त्र |

**छात्रवृत्ति योजना**

- जिल्ला, स्कुल वा एस.एल.सी. परीक्षामा प्राप्त गरेको उच्च प्रतिशतको आधारमा ।
- कलेजले लिएको प्रवेश तथा आन्तरिक परीक्षामा प्राप्त गरेका उत्कृष्टताको आधारमा ।
- अतिरिक्त क्रियाकलापमा गरेको उत्कृष्टताको आधारमा ।
- गरिब, असहाय, अपाङ्ग तथा टुहुराहरूका लागि विशेष छात्रवृत्ति योजना ।
- विद्यार्थीमा भएको सिर्जनशीलताको आधारमा दिइने सिर्जनशील छात्रवृत्ति ।




ADMISSION OPEN in GRADE XI

SCIENCE
MANAGEMENT
HUMANITIES

**Why do you study at REHDON?**

- A well set and highly dedicated academic team.
- Well set infrastructure.
- Wide range of scholarship schemes.
- Students' welfare and counselling services.
- Periodical meetings and interactions with guardians for reviewing and analyzing the progress of a student.
- Upto 93.3% result in HSEB Exam.
- Students' intake from 63+ districts.

**Prof. Dr. Devi Dutta Paudyal**
Principal

REHDON COLLEGE & SCHOOL

Samakhusi, Kathmandu, Nepal
PO Box 8668, Tel: 4352761, 4364106
email: rehdon@info.com.np

# ONE OF THE BEST TEN COLLEGES IN THE COUNTRY



## SPECIAL FEATURES

- **Faculty**
  The college is proud to have nationally reputed and professionally committed faculty.
- **Individual attention**
  Little Angels' provides individual attention to all students. As a result, the college has won the faith of its parents and guardians and the students have performed to everyone's expectations.
- **Scholarships**
  LAC provides three kinds of scholarship through its "National Scholarship Scheme" to:
  a) SLC district toppers from community (government-aided) schools.
  b) Entrance examination toppers
  c) Need based students: meritorious but from economically, socially and ethnically disadvantaged sectors.
  This scheme serves nearly 17% of the total in take each year. This also includes the special provision given to the Little Angels' School graduates.
- **Outstanding results and performance**
  The students of this college have shown a very outstanding result in the HSEB examinations. The college records more than 95% pass result in the commerce stream and more than 90% in the science stream. Our graduates have been the recipients of the MBBS scholarships provided by the Ministry of Education. They have also earned fame for the country while studying in the institutions at home and abroad.
- **Exclusive Laboratory and Library**
  The college has four well-equipped science labs. One lecturer guides 10 students in their practical classes. LAC library has a large collection of text and reference books.
- **Sports and recreation**
  LAC houses a unique sports and recreation complex in its premises. Facilities for football, cricket, basketball, volleyball, lawn tennis and swimming are available within the college premises. Indoor facilities for badminton, table tennis, martial arts are also available.
- **Computer Labs**
  The college gives priority to information technology. It has five computer labs with unlimited Internet access via satellite.
- **Other Services**
  Hostels for the students from outside the Kathmandu valley and transportation and medical services for all the students as per their need are available.
- **Beyond 10+2**
  Little Angels' College of Management (LACM), a constituent college of Little Angels' School, is conducting BBA and BBIS programmes in affiliation with Kathmandu University within the same premises.
- **Career Counselling**
  Career counselling is provided to the students to further their education in the institutions at home and abroad.





















NEPAL EDUCATION FOUNDATION
Little Angels' College


# LITTLE ANGELS' COLLEGE

Hattiban, Lalitpur, Nepal
Tel: 5540777, Fax: 00977-1-5525168
Email: las@wlink.com.np, URL: www.lac.edu.np

# असी वर्षकी नमुना आमा

■ सुलोचना मानन्धर

**गुहेश्वरी दली,** पाँच छोरीहरूका आमा । छोरा भएन भन्ने निहुँमा कान्छीछोरी जन्मेको छैटौं दिनमा गुहेश्वरीका पतिले सुत्केरी पत्नी र सबै सन्तान छोडेर तुरुन्तै अर्कै पत्नी खोजेर छुट्टै घरजम थालेका थिए । त्यति बेला उनी ३५ वर्षकी थिइन् । त्यति बेलादेखि नै पाँच छोरीलाई च्याप्दै, हुर्काउँदै र पढाउँदै बाबुको भूमिका पनि आफैंले निर्वाह गर्दै आएकी छन् उनले । सन्तानका निम्ति दुःख गर्ने धेरै आमा भेटिन्छन् समाजमा । गुहेश्वरीको कथामा भने केही थप साहस पनि जोडिएको छ जसले उनलाई नमुना आमा बनाएको छ ।

दस वर्षअगाडि 'अस्मिता' पत्रिकाले गुहेश्वरी दलीको खोजी र सम्मानमा आवरण कथा दिएको थियो । त्यति बेला पनि उनको कथा पढ्नेले भन्थे, 'उनी एक विशिष्ट महिला रहिछन् हाम्रो समाजका निम्ति, उनीसँग समाजका अन्य महिलाहरूले सिक्न लायकका कुरा धेरै छन् ।' त्यति बेला उनी ७० वर्षकी थिइन् भने अब दस वर्ष थपिएको छ । तर, उनमा साहस र जाँगरको कुनै कमी भेटिँदैन अझै पनि । आफैंले सिलाएको चट्ट मिलेको ब्लाउज लगाउँछिन्, निधारका रातो ठूलो टीकाले उनी विधवा भइसकिन् भन्ने कसैले सोच्न सक्तैनन् । उज्यालो र सुकिलो कपडामा हँसिली र फुर्तिली देखिने मात्र नभएर अझैसम्म घर होस् या बारीको काम, उनी अलग्ग बस्न चाहँदिनन् । उनको सक्रियतालाई नजिकबाट देख्नेले उनी असी वर्षकी वृद्धा हुन् भन्दा हतपत्ति विश्वास गर्दैनन् । उनको कानमा जंकोचाः पनि भेटिन्छ, नेवार संस्कृतिमा वृद्धवृद्धाहरू ७७ वर्ष ७ महिना ७ दिन भएपछि भीमरथारोहण गर्ने चलन छ, त्यति बेला कानमा लगाउने विशेष प्रकारको मुन्द्री हो जंकोचा । यो कानमा लगाएपछि प्रायजसोले पुनः फुकाल्ने गर्दैनन् । यसैबाट उनको उमेर अनुमान गर्न कर लाग्छ, नत्रउनको शरीरको बनावट सानो कदको भएकाले कमै उमेरकी जस्तो देखिन्छिन् ।

स्वास्नीमान्छे भएकै र छोरीहरू मात्र पाएका कारण अनावश्यक दुःख व्यहोर्न पुगेकी गुहेश्वरी आफूमाथि आइपरेको सारा दुःखलाई कुल्चेर साहसका साथ नयाँ धरातलमा उभिएकी छन् । काठमाडौंकै एक सम्पन्न परिवारमा जन्मिनु, हुर्किनु र घरमै बसेर साक्षर हुन पाउनु उनका बाल्यकालका अवसर थिए । तर, जब सुत्केरी अवस्थामै आफू कमजोर हुँदा सबैको सहयोग मिल्नुपर्ने बेला लोग्नेले नै घर छाडेर गएपछि उनको नयाँ यात्रा सुरु भयो । अहिले उनी ठान्छिन्, महिलाको आधार पुरुष होइन ।

सुरु सुरुमा त धेरै निरास भएर कयौंपल्ट आत्महत्या गर्ने समेत प्रयास गरिन् । तर, बच्चाहरूले झन् बढी दुख पाउँछन् भन्ने डर र चेतनाले



गुहेश्वरी दली

जीवनको सत्य स्विकारिन् र हाम फालिन् जीवनसंघर्षमा ।

लगाउँदै आएको बुहारी र गृहिणीको कपडा सारीलाई थन्काएर नजिकैको स्कुल मदन मेमोरियलमा भर्ना भइन्, सात कक्षामा । त्यति बेला कान्छीछोरी ६ महिनामा पुग्दै थिई, अरू छोरीहरूलाई पालैपालो हेर्न दिएर आफू पनि छोरीहरूसँगै पढ्न कम्मर कसिन् । जेठी छोरी र माइली छोरी ६ र ७ कक्षामा पढ्दै थिए । कसैको बिहानको स्कुल, कसैको दिउँसो भएकाले केही सजिलो भयो । आफू भने दिउँसै जानुपर्थ्यो । तनमनले पढ्न थाल्छिन् उनी । बिहान बेलुकाको समय भने कपडा सिलाउने र भएका सीप प्रयोग गरेर अर्थोपार्जन गर्ने उपाय खोज्छिन् । दुःख पर्दा आफन्तहरू धनी भए पनि टाढिँदा रहेछन् भन्ने पनि प्रस्ट अनुभव गरेपछि माइती जान बन्द गरिन् र छोरीहरूसँगै दुःखसुख बाँड्दै अगाडि बढिन् । छोरीहरू पनि सानैबाट दुःखसँग साक्षात्कार हुँदा आमाको दुःख बुझ्ने, समझदार र मेहनती भए । सबै छोरीलाई सक्षम र अरूको भरमा कहिल्यै नबस्ने सिकाइन् । त्यसैले उनका छोरीहरूमा पनि सानैदेखि मेहनत गर्ने गुण सरेको छ । अब त सबै हुर्केर-पढेर देश विदेश घुम्ने भइसके ।

स्कुलमा चार वर्ष पढेर ठूली छोरीसँगै एसएलसी जाँच दिइन् उनले । तर, एक विषय लागेर पास भइनन् । निरास नभई प्रयास जारी राखिन् । माइली छोरीसँगै जाँच दिइन् र दोस्रो वर्षमा पास गरेरै छाडिन् । यो २०२०-२१ सालको कुरा हो ।

त्यति बेला छोरीसरहका किशोरीहरूसँग बसेर पढ्दा र फ्रक लगाएर स्कुल जाँदा उनलाई खास अप्ठेरो लागेन ? 'हेर्नुस् नानी, उति बेलाको अवस्थाले सबै खालका हिचकिचाहट र डरसँग मुक्त हुनै पर्थ्यो, नत्र रोएर आँसुमा जिन्दगी बिताउनु पर्थ्यो, कि मर्नु पर्थ्यो, त्यसो गर्नुभन्दा स्कुलमा पढ्न जानु, सक्षम हुनु, ज्ञानी हुनु राम्रो कुरा भएन र !'

पढ्ने मात्र हैन, स्कुलमा हुने सबै अतिरिक्त क्रियाकलपामा पनि भाग लिन्थिन् र जित्थिन् पनि । उनको प्रतिभा र सीप पहिले घरभित्रै बन्द थियो भने परिस्थितिले बाहिर ल्याइदियो । उनले छ्वालीले बनाएको विद्यालयको ठूलो तस्वीर अझै पनि स्कुलमा झुन्ड्याइएको कुराले उनी खुसी हुन्छिन् ।

उनको प्रबल इच्छाशक्ति, मेहनत गर्ने बानी र साहसका कुरा अन्य आधा आकाशकै निम्ति नमुनायोग्य लाग्छ । अब गुहेश्वरीले त्यो बेलाको दुःख भोग्नु पर्दैन । छोरी सबै सक्षम भएका छन् । आमाले चाहेजस्तै उच्च शिक्षा हासिल गरिसकेका छन् । सबै छोरीहरू एक ढिक्का भएर आमाका बाँकी इच्छा कसरी पूरा गर्ने भनी लागेका छन् । यो कुराले गुहेश्वरीलाई थप सन्तुष्टि दिएको छ । अहिले उमेर बढे पनि, कमाउनु पर्ने बाध्यता नभए पनि हात बाँधेर बस्न सक्तिनन् । आफ्ना र छोरीहरूका कपडा सिलाउँछिन् । पुस्तक पढ्छिन् । टिभी हेर्दा समेत पनि हात खाली राख्न मन नलाग्ने भएकाले त्यसबेला पनि बाती कात्छिन् । शिरानीमाथि राखिएको ठूलो भागवतको पुस्तक देखाउँदै भन्छिन्, 'फुर्सद पाउनासाथ भागवत र धर्मदर्शनका ग्रन्थहरू पढ्छु, मनमा दुःख-चिन्ताले वास पाउँदैन ।'

आफूजस्तै दुःख पाउनेहरूलाई कसरी सहयोग जुटाउने भन्ने भावना छ । आफूले सक्ने ठाउँ भए तत्कालै सहयोग पुऱ्याउने गर्छिन् । आफूले पढेको स्कुलमा त्यति बेला निःशुल्क पढाइएको गुण सम्झँदै केही असहायलाई पढ्न छात्रवृत्ति पनि दिएकी छन् उनले ।

नाचगानमा पनि रुचि राख्छिन् । झ्याउरेदेखि डिस्कोसम्म, गीतमा भजनदेखि आधुनिक, हिन्दी गीत सबैमा उत्तिकै चाख छ ।

उनको जाँगर, सीप र साहसका कुरा गर्दा छोरीहरू गर्वका साथ भन्ने गर्छन्, 'आमाको त्याग र साहसका कारण सानोमा दुःख पाए पनि हामीले पढ्न पायौं । जाँगर र साहसको मात्र कुरा गर्ने हो भने हामी पाँचै दिदीबहिनी एकातिर र आमा एक्लै भए फेरि पनि आमा एक्लैले जित्नुहुन्छ ।'

गुहेश्वरीको कथा त एउटा नमुना चित्र मात्र हो । हाम्रो समाजभित्र गुम्सिएर उनी जस्तै चम्किन सक्ने कयौं हीरा लुकेका छन् - यसको खोजी त बाँकी नै छ । तर, यति बेला गुहेश्वरी दलीको कथा धेरै आमाहरू र छोरीहरूका निम्ति नमुनायोग्य बनेको छ । ■


एजेन्सी

▲ मुम्बईमा बम विस्फोट भएको एउटा रेलगाडीबाट हताहत भएकाहरूको उद्दार गर्दै स्थानीयहरू

# निर्दोषहरूको सिकार

**आतंककारीहरूले** फेरि एकपटक भारतको आर्थिक राजधानी मुम्बईका निर्दोष नागरिकलाई सिकार गर्ने हुतेले असार २७ गते साँझ शृंखलाबद्ध बम विस्फोट गराएका छन् । मुम्बईको मुख्य यातायातको साधन स्थानीय रेल सेवामा ६ वटा बम विस्फोट गराएपछि त्यहाँ कम्तीमा पनि दुईसय जनाको मृत्यु भएको छ भने ७ सयभन्दा बढी मानिस घाइते भएका छन् ।

कामदारहरू कार्यालयबाट घर फर्किने समय साँझको साढे ६ बजेको आसपासमा गराइएका यी बम विस्फोटका अधिकांश सिकार मध्यम र निम्न मध्यम वर्गका मानिस भएका छन् ।

बम विस्फोटपछि यातायातको साधनको अभावमा हजारौं मानिस प्लेटफार्ममै वास बस्न बाध्य भएका थिए । विधानसभामा बोल्दै महाराष्ट्रका उप मुख्यमन्त्री आरआर पाटिलले भनेका छन्, 'बम विस्फोटमा परेका दुई सयको लास भेटिएको छ ।'

यो घटनालगत्तै भारतभरि नै सुरक्षाको अतिरिक्त व्यवस्था गरिएको छ भने महाराष्ट्र सरकारले यो विस्फोटको सुराकका बारेमा जानकारी दिनेलाई २५ लाखको पुरस्कार घोषणा गरिसकेको छ । महाराष्ट्र विधानसभामा उठेका प्रश्नका जवाफ दिँदै उप मुख्यमन्त्री तथा गृहमन्त्री आरआर पाटिलले भनेका छन्, 'यो विस्फोटका बारेमा सही जानकारी दिने व्यक्तिलाई यो पुरस्कार सिइनेछ ।'

विस्फोटका कारण असार २७ गते रातिको रेलसेवा अस्तव्यस्त भए पनि त्यसको भोलिपल्टै रेलसेवा सुचारु रूपले चलेको छ भने मुम्बईको सेयर बजारको सूचकांकमा समेत उल्लेखनीय सुधार आएको छ । घटनाभन्दा अगाडिसम्म ३०० प्वाइन्ट सूचकांक रहेको मुम्बईको स्टक एक्सचेन्ज भारत यस्ता आंतककारी घटनाबाट डराउँदैन भन्ने संकेत दिनका लागि घटनाको भोलिपल्टै ११ सय प्वाइन्टमा पुगेको थियो ।

उता विस्फोटका कारकहरूका बारेमा महाराष्ट्रका प्रहरीले निकै धेरै सुराक पत्तो लगाएको बताएको छ । भारत सरकारले भने यो घटनामा इस्लामिक कट्टरपन्थीहरूको हात भएको बताएको छ । भारतको भनाइमा यो घटनामा जम्मुकश्मीरको स्वतन्त्रताका लागि कार्यरत र पाकिस्तानमा आधार क्षेत्र भएको लस्कर-ए-तोइबा र हिज्ब-उल-मुजाहिद्दिनजस्ता संस्थाको हात रहेको छ । तर, पाकिस्तानमा पत्रकारहरूसँग कुरा गर्दै लस्कर-ए-तोइबा नामक संस्थाले यो शृंखलाबद्ध बम विस्फोटमा आफ्नो कुनै भूमिका नरहेको स्पष्टीकरण दिएको छ । उक्त संस्थाले बम विस्फोटलाई लज्जास्पद कार्यभनी निन्दासमेत गरेको छ । लस्कर-ए-तोइबाका प्रवक्ताका रूपमा आफूलाई चिनाउने डा. घजनावीले समाचार संस्थाहरूलाई टेलिफोनमार्फत जानकारी दिँदै भनेका छन्, 'यो अमानवीय र लज्जास्पद घटना हो । इस्लामले निर्दोष नागरिकको हत्या अनुमति दिँदैन र यस्तो अमानवीय कार्यमा हामीलाई दोष दिनु कश्मीरी मुजाहिद्दिनहरूलाई दबाउने भारतीय सुरक्षाफौजको षड्यन्त्र मात्रै हो ।'

यसैगरी यो विस्फोटका पछाडि हात भएको शंका गरिएको अर्को आतंककारी संगठन हिज्ब-उल-मुजाहिद्दिनका प्रवक्ता एहसान इलाहीले पनि इस्लामावादमा टेलिफोनबाट यो घटनालाई अमानवीय भएको बताएका छन् । इलाहीले भनेका छन्, 'हाम्रो विधानले आम नागरिकलाई मार्ने अनुमति दिँदैन । हामी यस्ता काम कहिल्यै गर्दैनौं र अरूलाई पनि गर्न अनुमति दिँदैनौ ।'

भारत सरकारका अनुसार विस्फोटका यी घटनामा आरडिएक्स नामक खतरनाक विस्फोटक पदार्थ प्रयोग भएको छ । आरडिएक्सकै मद्दतबाट इस्लामिक कट्टरपन्थीहरूले मुम्बईको खारदेखि सान्ताक्रुज स्टेसनका बीचमा केही मिनेटको फरकमा ६ वटा विस्फोट गराएका छन् ।

इस्लामिक उग्रपन्थीहरूले मुम्बई र त्यहाँका निर्दोष मानिसलाई सिकार बनाउनका लागि गरिएको प्रयास भने यो पहिलोपट होइन । यसअघि सन् २००३ अगस्त २५ तारेखमा आरडिएक्स भएका दुईवटा बम विस्फोट गराएर ४६ जना मानिस मारेका थिए । सन् २००३ कै मार्च १३ तारिखमा पनि मुम्बईमा आरडिएक्स भएको बम विस्फोट गराएर ११ जनाको हत्या गरेका थिए भने त्यसअघि सन् २००२ को डिसेम्बर २ र ६ तारेखका दिन दुईवटा बम विस्फोट गराएका थिए ।

■ **समय संवाददाता/काठमाडौं**

# नाथुला नाता

■ मनोज दाहाल/नाथुला, सिक्किम
तस्वीरहरू : तेजबहादुर बस्नेत

**१४ हजार ४ सय ४० फिटमा** अग्लिएको नाथुलामा मित्रताको न्यानो साटासाट गरेपछि एसियाका दुई महाशक्ति भारत र चीनबीच सम्बन्धको नयाँ आयाम सुरु भएको छ। सिल्क रुटले परिचित नाथुला नाका व्यापारिक प्रयोजनका लागि खुलेपछि यसले भारत-चीनको आर्थिक सम्बन्धमात्र होइन, राजनीतिक, कूटनीतिक र सामाजिक नाता दरिलो बन्ने दिशा पनि खुला गरेको छ। एसियाका दुई महाशक्ति राष्ट्रबीच ४४ वर्षपछि सुरु भएको सम्बन्धको नयाँ मार्गलाई विश्वले नै उत्सुकताका साथ हेरेको छ।

अघिल्लो साता झमझम पानी परेको एउटा बिहान सिक्किमका मुख्यमन्त्री पवन चाम्लिङ र तिब्बत स्वशासित क्षेत्रका अध्यक्ष छम्पा फुन्स्टोक गान्टोकबाट ५२ किलोमिटर पूर्व र ल्हासाबाट ५ सय २० किलोमिटर दक्षिण नाथुलामा भेला भएका थिए, यो नाका खुला गर्ने औपचारिकतामा सामेल हुन। चारैतिर ढाकेको हुस्सुले छेवैको पहाड पनि देख्न गाह्रो हुने बिहानीमा भारत र विश्वभरिका सञ्चारमाध्यमका करिब २ हजार प्रतिनिधि जाडोले लुगलुग काम्दै भारत-चीन सम्बन्धको नयाँ कडीको साक्षी बनेका थिए। करिब डेढ वर्षअघि नै खुल्न ठिक्क परेको यो नाका त्यस बेला चीनपट्टि बाटो बनिनसकेकाले अर्को मितिको प्रतीक्षा गरिरहेको थियो। यो नाका खुल्नुलाई साढे तीन दशकअघि भारतमा गाभिएको सिक्किमलाई चीनले भारतको एक राज्यका रूपमा मान्यता दिएको संकेतका रूपमा पनि हेरिएको छ। नाथुला खुलेको दिन (जुलाइ ६) तिब्बतका पूर्वशासक तथा धार्मिक नेता दलाई लामाको जन्मदिन परेको थियो। तर, विश्लेषकहरूका भनाइमा दलाई लामाको जन्मदिनका दिन नाथुला खुल्नु संयोगमात्र हो, यसलाई कुनै राजनीतिक कारणसँग जोडेर हेर्न मिल्दैन।

अहिलेलाई स्थानीय व्यापारिक प्रयोजनका लागि मात्र यो नाकाको प्रयोग गरिनेछ। सिक्किम र तिब्बतका व्यापारीले मात्र अहिले यो नाकामार्फत दुई देशबीच व्यापार गर्न पाउनेछन्। नाथुलाबाट ६ किलोमिटर पश्चिम भारतपट्टि रहेको शेरेथाङ र ५२ किलोमिटर उत्तर चीनपट्टि रहेको याटुङलाई यो नाकाबाट हुने व्यापारका लागि दुई देशका बजारका रूपमा विकास गरिएको छ।

उच्च भागमा रहेको नाका भएकाले नाथुला वर्षको ४ महिना जुनदेखि सेप्टेम्बरसम्म मात्र व्यापारिक प्रयोजनका लागि खुला हुनेछ। यसमा पनि साताको चार दिन गरेर वर्षमा करिब ६५

**सन् १९६२ को भारत-चीन युद्धपछि बन्द भएको नाथुला नाका ४४ वर्षपछि खुलेको छ, एसियाका दुई महाशक्तिबीच सम्बन्धका नयाँ आयामहरू सुरु गर्दै। व्यापारिक प्रयोजन त छँदै छ, नाथुलाले भारत र चीनबीच राजनीतिक, कूटनीतिक र आर्थिक न्यानोपन पनि बढाएको छ। दुई ढुंगा चीन र भारतबीच तरुलका रूपमा च्यापिएको नेपालले भने यो नाका खुला भएपछि चीनसँगको आफ्नो व्यापार निकै कमजोर पाउनेछ।**



४४ वर्षपछाडि नाथुला नाका खुल्ने औपचारिक समारोहमा देखिएका गाडीका लस्कर

दिनमात्र यो नाकाबाट भारत र चीनबीच व्यापार हुनेछ । चार दिन पनि बिहान साढे सात बजेदेखि तीन बजेसम्म ६० वटा मालवाहकमात्र यो बाटो भएर आवतजावत गर्नेछन् । यो नियमले नाथुला नाकाबाट हुने व्यापार सम्बन्धलाई भारत र चीनले कति सचेतता र सावधानीपूर्वक लिएका छन् भन्ने स्पष्ट हुन्छ ।

भारत र चीनबीच सुरु भएको आर्थिक सम्बन्धको यो नयाँ आयामले सयौं वर्षदेखि तिब्बतसँग व्यापार गर्दै आएका नेपाली व्यापारी भने चिन्तित देखिएका छन् । यस्तै भारत-चीन व्यापारमा ट्रान्जिटका रूपमा नेपाललाई विकास गर्ने सम्भावना पनि नाथुलाकै कारण ओझेल पर्ने देखिएको छ । नाथुला नाकाबाट ल्हासा र कोलकाताबीचको दूरी झन्डै १२ सय किलोमिटरमात्र भएकाले दीर्घकालीन रूपमा यी दुई महाशक्ति राष्ट्रहरूको व्यापारिक सम्बन्धमा अर्को कुनै मुलुकको आवश्यकता पर्नेछैन ।

भारत-चीन व्यापारमात्र होइन, विश्व इतिहासमा पनि नाथुला निकै चर्चित छ । नाथुला नाकाबाट सन् १८६० को दशकमा सुरु भएको भारत-चीन व्यापार यी दुई देशहरूबीच सन् १९६२ मा भएको युद्धले बन्द गराएको थियो । दुवै देशका लागि महत्त्वपूर्ण चासो बनेको यो नाका खुला गर्न त्यसपछि ४४ वर्ष लागेको छ । भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले चीनसँग आफ्नो मुलुकको सम्बन्धबारे ७० वर्षअघि भनेका थिए, 'धेरै पहिलादेखि चीन र भारत हजारौं नाताले बाँधिएका छन् । उनीहरूको असुरक्षा हाम्रो असुरक्षा हो, उनीहरूको पीडाले हामीलाई दुख्छ । त्यसैले जस्तै सुख वा दुःख परे पनि चीन र भारत सधैं सँगै हुनुपर्छ ।' त्यस बेला नै पनि खासै राम्रो सम्बन्ध नभएको चीनबारे नेहरूको यो भनाइले भारत एसियाको उत्तरी महाशक्तिसँग हात मिलाउन कति आतुर रहेछ भन्ने स्पष्ट पार्छ । नाथुला नाका खुला गरिएको अवसरमा सिक्किमका मुख्यमन्त्री चाम्लिङले नेहरूको यो भनाइको स्मरण गर्दै भने, 'यो मार्ग खुला हुनुले नेहरूको त्यो भनाइलाई पुष्टि गरेको छ ।'

सन् २००३ मा भारतीय प्रधानमन्त्री अटलबिहारी बाजपेयीले गरेको चीन भ्रमणमा नाथुला खुला गर्ने सहमति भएको थियो । तत्कालै सोही वर्ष अक्टोबरमा यो नाका खुला गर्ने सबै तयारी पूरा भइसकेपछि कार्यक्रम अचानक स्थगन गरिएको थियो । त्यस बेला भारतीय राष्ट्रपति एपिजे अब्दुल कलाम लगायत थुप्रै राष्ट्रिय हस्तीहरू नाथुला पुग्ने कार्यक्रम तय गरेको थियो, भारत सरकारले । चीनतर्फका




# नेपाललाई घाटा ?

**नेपालसँग उत्तरी छिमेकीको** व्यापारिक सम्बन्धलाई भारतसँग अलग राखेर हेर्न सकिँदैन । चीनबाट नेपाल निर्यात हुने वस्तुमध्ये झन्डै ८० प्रतिशतको बजार भारत नै हो, भलै यसलाई औपचारिक रूपमा कोही स्वीकार गर्दैन । भारत र र चीनबीच सोझो व्यापार सम्पर्क भएपछि अहिले नेपालको बाटो हुँदै गरेको कारोबार ठप्प हुने व्यापारीहरू बताउँछन् । यसबाट नेपालबाट चीन निर्यात हुने अधिकांश वस्तु पनि भारतीय व्यापारीले विस्थापित पार्नेछन् ।

नेपाल-तिब्बत व्यापारमा संलग्न केही व्यापारी काठमाडौंमा रहेको आफ्नो आधार सिलिगुडी र अन्य कतिपय भारतीय सहरलाई बनाउन थालेकाले पनि नाथुला नाकाबाट हुने भारत-चीन व्यापारको असर नेपालमा पर्नेमा नेपाली व्यापारीहरू चिन्तित भएको देखिन्छ ।

गत आर्थिक वर्षमा मात्र नेपालले १ अर्ब ८३ करोड रुपैयाँको सामान तिब्बत निर्यात गरेको थियो भने चीनबाट १४ अर्ब १३ करोड रुपैयाँको सामान नेपाल भित्रिएको थियो । तर, भारत-चीन व्यापारमा विस्तार भएपछि नेपालले चीन व्यापारमा अझ विकास गर्नु त कता हो कता, पुरानै व्यापार पनि विस्तारै गुमाउने सम्भावना देखिएको छ ।

उता नेपालको पूर्वी सीमा धुलाबारीमा रहेको विदेशी सामान बजारका व्यापारीहरू पनि नाथुला नाका खुला भएपछि चिन्तित देखिएका छन् । भारतीय ग्राहकलाई लक्षित गरिएका धुलाबारीमा खोलिएको 'हङकङ मार्केट' भारतकै बाटो चिनियाँ सामान भित्रिन थालेपछि सुक्दै जानेछ । तयारी पोसाक, जुत्ता र सस्ता इलेक्ट्रोनिक सामानको यो बजारका थुप्रै व्यापारी अब धुलाबारीको साटो सिलिगुडीमै बसेर व्यापार गर्ने योजना बनाइरहेका छन् ।

नाथुला खुलेपछि भारत-चीन व्यापारमा नेपाल 'ट्रान्जिट' बन्न सक्ने सम्भावना पनि ओझेल परेको छ । रसुवाको उत्तरी सीमा रसुवागढीको बाटो भारत-चीन व्यापार गर्न दुई वर्षअघि थुप्रै अध्ययन गरिएका थिए । यसका लागि काठमाडौंबाट स्याफ्रुबेंसीसम्म पुगेको सडकलाई त्यहाँबाट २४ किलोमिटर उत्तर रसुवागढीसम्म पुर्‍याउन चीन सरकारले सहयोग गर्ने वचनसमेत दिएको छ । जनआन्दोलनको बलबाट पुनःस्थापित प्रतिनिधिसभामा हालै सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा पनि स्याफ्रुबेंसी-रसुवागढी सडकलाई प्राथमिकतामा पारिएको छ । तर, अब त्यो सडक बन्यो नै भने पनि चीन-भारत व्यापारका लागि नभएर स्थानीय उपयोगका लागि मात्र हुन सक्ने सम्भावना देखिएको छ । ■



नाथुला खुला गर्ने अवसरमा भारत र चीनको यो नाकामा भेला भएका चिनियाँ सैनिकहरू

पनि राष्ट्रिय राजनीतिका वरिष्ठ नामहरू यो नाका आइपुग्ने निश्चित भएको थियो। तर, झन्डै २० महिनापछिको अर्को कार्यक्रमबीच गत बिहीवार नाथुला खुला हुँदा त्यहाँ सिक्किम र तिब्बतका स्थानीय नेताहरूमात्र उपस्थित थिए। भारत र चीन दुवै देशले पछिल्लो समयमा यो नाका खुला हुने कार्यक्रमलाई 'लो-प्रोफाइल' राखेका थिए। नाका खुला भएसँगै भारत र चीन युद्धका कारण यी दुई देशबीच जन्मिएको तिक्ततापूर्ण सम्बन्धका बचेखुचे कसर पनि समाप्त भएका छन्।

यसअघि सन् १९९० को दशकमा भारत र चीनलाई जोड्ने दुई नाका खुला गरिएका थिए। तर, ती दुई मार्गले यी दुई देशको सम्बन्धमा नाथुला जत्ति महत्त्व राख्दैनन्। हिमाञ्चल प्रदेशमा रहेको सिप्किला र उत्तराञ्चलमा रहेको लिपुलेकले कमजोर सडक र अन्य धेरै कारणले भारत र चीन व्यापारमा खासै योगदान गर्न सक्दैनन्। तर, विश्लेषकहरूका अनुसार भौगोलिक अवस्थितिका कारण वर्षभरि नै खुला हुन नसक्ने भएकाले नाथुला नाकाबाट मात्र भारत र चीनबीच ठूलो परिमाणमा व्यापार हुन सक्दैन। यसका लागि पश्चिमबंगालको कालिम्पोङबाट उत्तर पर्ने जेलेपला नाका खुला हुनु आवश्यक रहेको यससम्बन्धमा जानकारी राख्नेहरू बताउँछन्। भौगोलिक अवस्थितिका कारण नाथुलाबाट ५ किलोमिटरमात्र दक्षिणमा पर्ने भए पनि जेजेपलाबाट वर्षभरि नै यातायात सुचारु गर्न सकिन्छ।

नयाँ शताब्दीमा आर्थिक शक्तिका रूपमा विकास हुँदै गरेको चीनका लागि नाथुला नाकाको महत्त्व कम्ती छैन। चिनियाँ सरकारले सन् २००० मा ल्याएको 'पश्चिमको विकास' अभियानका लागि पनि नाथुला नाका खुला हुनु आवश्यक थियो। किनभने चीनको कुल जनसंख्याको २३ प्रतिशत बासिन्दाको बसोवास रहेको यो क्षेत्रले देशको आधाभन्दा बढी भाग ओगटेको छ। चीनको पश्चिमी क्षेत्रमै पर्ने सिंघाई राज्यको गोल्मुडबाट हालै ल्हासासम्म आइपुगेको विश्वकै सबैभन्दा अग्लो भागबाट गुज्रिएको १ हजार १ सय ४२ किलोमिटर लामो रेलमार्गले पनि भारतलगायत दक्षिण एसियासँग यो भेगका बासिन्दालाई आर्थिक र सामाजिक दृष्टिकोणले जोड्न सजिलो पर्ने भएकाले एसियाको यो उत्तरी महाशक्तिका लागि नाथुला प्राथमिकतामा परेको हो। नाथुला खुला गर्ने अवसरमा उपस्थित भएका चिनियाँ प्रतिनिधि तिब्बत स्वशासित क्षेत्रका अध्यक्ष फुन्स्टोकले आफ्नै राष्ट्र भाषामा भने, 'यो नाका खुला हुनुलाई भारत र चीनको मित्रताको प्रतीकका रूपमा लिनुपर्छ।'

नाथुला खुला हुनुले सिक्किमेलीहरूलाई फुरुंग पारेको छ। राष्ट्रिय रूपमा धेरै हल्लाखल्ला नमचाई अहिले स्थानीय चासोका विषयका रूपमा मात्र नाथुलालाई हेरिएकाले सिक्किमेली, अझ खासगरी व्यापारीहरू धेरै रमाएका छन्। नाथुला खुला हुने दिन बिहान तीन बजे नै उठेर गान्टोक सहरबाट ५२ किलोमिटर टाढा पुगेका सिक्किमेली व्यापारीहरू छाता ओढेर तिब्बतको याटुङ जान पास बनाइरहेका थिए। बाक्लो लुगामा डम्म ढाकिएका सिक्किमेली व्यापारीको अनुहारमा अचम्मको चमक थियो। उता तिब्बतबाट भारत पस्दै गरेको तिब्बती व्यापारी पनि बख्खु र टोप लगाएर पहेँला दाँत डिच्च देखाउँदै सिक्किमेली व्यापारीलाई हात हल्लाइरहेका थिए। नाथुला खुलेको पहिलो दिन असार २२ गते बुधबार तिब्बत र सिक्किमका सय/सयजना व्यापारी नाका पार गरेर छिमेकी बजारहरू पुगेका थिए।

नाथुला नाकाबाट हुने व्यापार अहिले निकै नै सीमित छ। भारततर्फबाट २९ प्रकारका सामानमात्र तिब्बत जानेछन् भने चीनबाट १५ सामानमात्र आयात गरिनेछन्। स्थानीय व्यापारीमात्र संलग्न हुन पाउने भएकाले अहिले व्यापारको सूचीमा परेका सामानमा स्थानीय उत्पादनको संख्या बढी छ। भारतबाट कृषि सामग्री, चामल, जौं, मरसमला, दुग्ध सामग्रीलगायत सामान चीन जाने सूचीमा छन् भने चीनबाट भेडा-बाख्राको छाला, ऊन, काँचो रेसम, चिनियाँ माटो, चौंरीको रौंजस्ता सामान भारत भित्रिने सूचीमा छन्। व्यापारको यो स्थानीयतालाई राष्ट्रिय रूपमा रूपान्तर गर्न सिलिगुडीदेखि नाथुलासम्मको १ सय ६५ किलोमिटर लामो राष्ट्रिय राजमार्गलाई मालवाहक ट्रकहरू दोहोरो कुद्न सक्ने विस्तार गर्नु अहिले भारत सरकारका लागि आवश्यक देखिएको छ।

नाथुलाका सम्बन्धमा सिक्किम सरकारले गरेको एक अध्ययनअनुसार नाका खुलेकै पहिलो वर्ष सन् २००७ मा यहाँबाट २ अर्ब ६ करोड भारतीय रुपैयाँको व्यापार हुनेछ, जुन एक दशकमा बढेर झन्डै नेपालको बजेटबराबर १ खर्ब २२ अर्ब पुग्नेछ। नाथुला नाकालाई चीनसँगको व्यापारका लागि भारत सरकारले कति महत्त्वका साथ हेरेको छ भन्ने यसबाट पुष्टि हुन्छ। ■



सिक्किमका मुख्यमन्त्री पवन चाम्लिङ

# सिक्किम र टिस्टाका बाँदर



नाथुला नाकाबाट तिब्बत प्रवेश गर्न लागेका सिक्किमेली व्यापारी

**स्वतन्त्र राष्ट्रको** हैसियतबाट भारतको बाइसौं राज्यका रूपमा परिणत भएको ३० वर्षको समयमा सिक्किमको आर्थिकस्तर धेरै माथि उक्लिएको छ। भारत सरकारले सिक्किमलाई छुट्याएको ठूलो रकमकै कारण यो राज्यले आर्थिक रूपमा यसरी फड्को मारेको हो। ७ हजार ९६ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको सिक्किमको जनसंख्या पुगनपुग ६ लाख छ। यति सानो क्षेत्रफल र थोरै जनसंख्याका लागि यो आर्थिक वर्षका लागि सिक्किमसँग झन्डै ६४ करोड भारतीय रुपैयाँ (करिब १ अर्ब नेपाली रुपैयाँ)को स्थानीय बजेट छ। यसबाहेक केन्द्र सरकारले सोझै खर्च गर्ने रकम त छँदै छ।

सिक्किमको यो आर्थिक विकासमा स्थानीय नेतृत्वको कत्तिको भूमिका छ त ? 'एकदमै कम', विश्लेषकहरू भन्छन्। १२ वर्षदेखि सिक्किमका मुख्यमन्त्रीको हैसियत सम्हालिरहेका पवन चाम्लिङलाई एकपटक भेट्ने हो भने यो सानो पहाडी राज्यको नेतृत्व निकै कमजोर रहेको प्रस्टै झल्किन्छ।

नाथुला भारत र चीनको राष्ट्रिय मुद्दा भए पनि ४४ वर्षपछि यो नाका फेरि खुला हुँदा यो घटनालाई 'लो-प्रोफाइल'मा राखिएको थियो। यसैले पनि स्थानीय नेताको हैसियतले यो नाका उद्घाटन गर्ने मौका सिक्किमेली मुख्यमन्त्री चाम्लिङले पाए। तर, नाथुला खुला भएपछि सिक्किमको राजधानी गान्तोकमा आयोजित पत्रकार सम्मेलनमा चाम्लिङले आफ्नै पहलमा यो नाका खोलिएको दाबी गरे। उनी सिक्किममा भएको पछिल्लो विकासको श्रेय लिँदै विपक्षी नेताहरूलाई सस्तो व्यंग्य प्रहार गर्न पनि चुकेनन्। उनले पटकपटक आफू सत्तामा आएपछि सिक्किमको अभूतपूर्व विकास भएको दाबी गरे। सिक्किमलाई पटक पटक व्यापारिक केन्द्रका हिसाबले सिंगापुर बनाउने दाबी गरेका चाम्लिङसँग यसका लागि कुनै ठोस योजना भने छैन।

नाथुला खुला भएपछि सिक्किमको पर्यटनमा अलौकिक क्रान्ति आउने उल्लेख गर्दै उनले गान्तोक-ल्हासा बस सेवा चाँडै सुरु हुने बताए। 'कहिलेसम्म सुरु होला त यो ?', एक पत्रकारले सोधे। चाम्लिङले भने, 'यसबारे

पर्यटकहरूले बदाम, मकै र अन्य खानेकुरा फ्याँकिदिएनन् भने टिस्टाका बाँदरले खान नपाएजस्तै केन्द्र सरकारले यथेष्ट बजेट र कार्यक्रम नदिए सिक्किम पनि एउटा लाचार र असहाय भारतीय राज्यमात्र रहने पक्का छ।

कुनै योजना बनेको छैन। तर, यो हुन्छ, तपाईंहरू ढुक्क हुनुस्।' योमात्र होइन, पत्रकार सम्मेलनमा सोधिएका कुनै पनि प्रश्नको सटीक र ठोस जवाफ दिने तागत उनीमा देखिएन। उनी आलेटाले र कसैको चित्त बुझ्न नसक्ने जवाफमै अल्झिरहे।

सिक्किमको विद्युत् क्षमता, सडक र पर्यटनमा पनि अद्वितीय वृद्धि गर्ने योजना पस्किए उनले। एउटा हावादारी योजना पस्कँदै उनले भने, 'अहिले सिक्किमबाट सय मेघावाट विद्युत् उत्पादन भइरहेको छ, केही वर्षभित्रै यसलाई ५ हजार मेघावाट पुऱ्याउनेछु।'

थुप्रै महत्त्वकांक्षी योजना बुने पनि सिक्किमेली मुख्यमन्त्री चाम्लिङसँग कुनै स्पष्ट खाका भने हुँदैन। सिक्किमका आएको जुनसुकै परिवर्तनका लागि जस लिने बानी परेका उनले यतिसम्म भने, 'नाथुला खुला गराउन मैले नै पहल गरेको हुँ।' तर, भारतका पूर्व प्रधानमन्त्रीहरू राजीव गान्धी, पिभी नरसिंह राव र अटलबिहारी बाजपेयीको अथक प्रयासले यो नाका खुल्न सकेको हो।

एक पत्रकारले सोधे, 'नाथुला खुला भएपछि सिक्किमेली युवा र सरोकारवालाहरूलाई यसबारे कसरी चेतना फैलाउनुहुन्छ ? यसबाट हुने फाइदाबारे उनीहरूलाई कसरी सचेत गराउनुहुन्छ ?' चाम्लिङले मक्ख पर्दै जवाफ दिए, 'सिक्किमका युवा धेरै सचेत छन्। उनीहरू सबै विषयबारे जानकारी राख्छन्।'

भोलिपल्ट गान्तोकबाट सिलिगुडी फिर्दै गर्दा सिक्किमेली राजनीति र यहाँको यथार्थबारे जानकारी राख्ने एक स्थानीय बासिन्दाले सुमोको झ्यालबाट टिस्टामा बाटो किनार पर्यटकहरूले केही देलान् र खाउँला भनेर कुरिरहेका बाँदरहरूलाई देखाउँदै भने, 'सिक्किम भनेको यहाँका बाँदरहरू जस्तै हुन्।' हुन पनि पर्यटकहरूले बदाम, मकै र अन्य खानेकुरा फ्याँकिदिएनन् भने टिस्टाका बाँदरले खान नपाएजस्तै केन्द्र सरकारले यथेष्ट बजेट र कार्यक्रम नदिए सिक्किम पनि एउटा लाचार र असहाय भारतीय राज्यमात्र रहने पक्का छ। ■

# किसानको बेवास्ता



**फिक्कल–६ का** तेजबहादुर याङ्मालीले चियाखेतीमा रासायनिक पदार्थ प्रयोग गर्नु हुँदैन, जैविक चियाकै भविष्य राम्रो छ भन्ने दुई वर्षअघि नै बुझेका हुन्। तर, उनले रासायनिक पदार्थको प्रयोगमा कमी ल्याएका छैनन्। उनी भन्छन्, 'रासायनिक पदार्थकै प्रयोग गर्दा कलकलाउँदो मुना पलाउँछ र त्यसको दाम पनि धेरै हुन्छ।'

रासायनिक पदार्थले पार्ने असरबारे थाहा भएर पनि प्रयोगमा कमी नल्याउने तेजबहादुर याङ्माली एक्ला किसान होइनन्। राष्ट्रिय चिया तथा कफी विकास बोर्ड र हिमालय चिया तथा विस्तार कार्यक्रम (हिमटेक्स)ले दुई वर्षदेखि इलाममा जैविक चिया उत्पादन अभियानका लागि सचेतीकरण अभियान सञ्चालन गरे पनि इलामका धेरै किसानले चियामा रासायनिक मलको प्रयोगमा कमी ल्याएका छैनन्। जर्मन टी काउन्सिल र युरोपियन टी कमिटीले खाद्य तथा पेय पदार्थमा रहल अवशेषको मापदण्ड तयार गरेर सन् २००३ देखि चियामा मोनोक्रोटोफस, क्विनालफोस, इथियन र फोरेटजस्ता रासायनिक पदार्थ चियामा निषेध गरेपछि हिमटेक्स र बोर्डले रसायन न्यूनीकरण अभियान सञ्चालन गरेका हुन्। इलामबाट उत्पादन हुने ७५ प्रतिशत अर्थोडक्स चिया जर्मन टी काउन्सिल र युरोपियन टी कमिटीमार्फत अन्तर्राष्ट्रिय बजारमा जाने गर्छ।

इलाममा जैविक चिया उत्पादन अभियान सञ्चालन गरिए पनि त्यसले अधिकांश किसानलाई प्रभाव पार्न सकेको छैन। इलाममा मल र विषादीको रुपमा रासायनिक पदार्थको प्रयोग हुँदै आएको छ। हिमटेक्स र बोर्डले किसानलाई रासायनिक पदार्थको सट्टा निमजन्य पदार्थ प्रयोग गर्न आग्रह गरेको छ। तर, किसानहरू निमजन्य पदार्थको प्रयोग गर्दा उत्पादनमा दस गुणा कमी आउने र मुना पनि राम्रो नपलाउने बताउँछन्। 'रासायनिक पदार्थको लगाएको चियाको पत्ती फ्याक्ट्रीमा एक नम्बरमा दरिन्छ। तर, जैविक मल प्रयोग गर्दा दुई, तीन नम्बरको मात्र हुन्छ', फिक्कल ७ का सुरेन्द्रकुमार राईले बताए। स्थानीय कारखानाहरूले एक नम्बरको चियापत्तीलाई प्रतिकेजी सरदर २० रुपैयाँ, दुई नम्बरकोलाई १६ रुपैयाँ र तीन नम्बरकोलाई १४ रुपैयाँमात्र दिन्छन्। प्रयोगशालामा परीक्षण गर्ने प्रविधि नहुनाले रासायनिक मल प्रयोग गरे नगरेको भन्ने कारखानाहरूले थाहा पाउन नसक्नाले र चियापत्तीको मूल्यमा पनि फरक नहुनाले किसानहरूले रासायनिक पदार्थ नै प्रयोग गरिरहेका छन्।

चिया कारखानाहरूको आफ्नै बगान नहुनाले पनि जैविक चिया उत्पादन अभियान प्रभावकारी हुन नसकेको चियाविज्ञ चन्द्रभूषण सुब्बाको भनाइ छ। 'आफ्नै बगान हुँदा कारखानालाई मात्र कुरा बुझाए पुग्थ्यो। तर, यहाँका कारखानाहरूले किसानहरूबाट हरियो चियापत्ती खरिद गर्नैपर्छ', सुब्बा भन्छन्। इलामबाट अधिकांश हरियो चियापत्ती भारतको दार्जीलिङ, सिलिगुडीस्थित चिया कारखानाहरूमा जाने हुनाले पनि जैविक चिया उत्पादन प्रभावकारी बन्न नसकेको सुब्बाले बताए। उनले भने, 'अन्य क्षेत्रमा राम्रै भए पनि सीमाक्षेत्रका किसानहरूले खासै ध्यान नै दिएका छैनन्।'

इलाममा दैनिक एक लाख किलोग्रामको हाराहारीमा हरियो चियापत्ती उत्पादन हुन्छ। तर, जिल्लाका १० कारखानाले दैनिक करिब ४० हजार किलोग्राम मात्र प्रशोधन गर्न सक्छन्। चियापत्ती टिपेको २४ घन्टाभित्र प्रशोधन शुरु गरिहाल्नुपर्ने भएकाले बाँकी चिया भारतीय कारखानामा व्यापारीहरूमार्फत जाने गर्छ। त्यहाँका कारखानाहरू रासायनिक पदार्थका बारेमा मौन रहेकाले पनि किसानहरूले धेरै र राम्रो चियापत्ती उत्पादन गर्नका लागि रासायनिक पदार्थ प्रयोग गर्न छाडेका छैनन्।

नेपाली अर्थोडक्स चियाको बजार युरोपेली मुलुकहरू भएकाले र ती देशमा जैविक अर्थोडक्स चियाको मात्र माग बढी भएकाले अन्तर्राष्ट्रिय बजार राम्रो बनाउनका लागि जैविक चिया उत्पादन गर्नैपर्ने अवस्था आएको हिमटेक्स इलामका प्रमुख एसके प्रधानले बताए। 'तर, एकैचोटि शतप्रतिशत न्यूनीकरण गर्न नसकिँदो रहेछ,' प्रधानले भने।

## कमसल रासायनिक मल

चियामा मल प्रयोग गर्ने अहिले मुख्य मौसम हो। अहिले भारतीय सीमावर्ती क्षेत्रका विभिन्न नाकामा अवैध रुपमा कमसल रासायनिक मल नेपाल भित्रिने क्रम बढेको छ, जुन मल इलामका चिया किसानले प्रयोग गरिरहेका छन्।

झापाको बाहुनडाँगीदेखि इलामको मानेभञ्ज्याङबीचका विभिन्न नाकाबाट दैनिक ५ ट्रकसम्म युरिया मल नेपाल भित्रिने गरेको जानकारहरू बताउँछन्। उक्त मल भारतको सिलिगुडी, मिरिक, दार्जीलिङलगायतका बजारबाट खरिद गरी नेपाली व्यापारीले भन्सार छल्दै नेपाल भित्र्याउँछन्। यो कार्यमा माओवादी र प्रहरीहरूको समेत मिलेमतो भएको स्रोतको दाबी छ। भारतीय बजारका गोदामहरूमा नयाँ मल आएपछि गोदाम खाली गराउन पुरानो मल त्यहाँ सस्तोमा पाइने हुनाले त्यहाँबाट खरिद गरी नेपाली व्यापारीले नेपाल भित्र्याएर बढी पैसा कमाउने गरेको बताइन्छ। भारतीय बजारमा प्रतिबोरा (५० केजी) दुई सय ५० रुपैयाँका दरले खरिद गरिएको युरिया मल नेपाली बजारमा सात सय रुपैयाँसम्म बिक्री हुने गर्दछ।

व्यापारीहरू सीमावर्ती नाकाबाट घोडा र गाडीमा बोकाएर 'नागार्जुन' युरिया मल नेपाल भित्र्याउने गर्छन्। एक महिनाअघि सीमा प्रशासन कार्यालयको गस्तीले बौद्धधाममा अवैध रुपमा भित्र्याउँदै गरेको ६ बोरा मल बरामद गर्दा इलाका प्रहरी कार्यालय पशुपतिनगरले 'हाम्रै मल हो' भनेपछि फिर्ता गरेको सीमा प्रशासन कार्यालयले जनाएको छ।

युरिया मल नेपाल भित्र्याउने व्यापारीहरूले आफूहरूलाई 'हाम्रो मल राखिदिनुहोस्' भन्दै आउने गरेको स्थानीय व्यापारीहरू बताउँछन्। 'कति त नचिनेकाहरू पनि आउँछन्। संस्थानले युरिया उपलब्ध नगराएपछि हामीले लिनैपर्छ। किसानहरूमा युरियाकै माग बढी छ', इलाम सदरमुकामस्थित बिक्री डिपोका प्रोपाइटर दिनेश श्रेष्ठले भने। यसरी भित्र्याइएको मलको गुणस्तर नेपालमा कतै जाँच गरिएको हुँदैन।

विभिन्न नाकाबाट अवैध रुपमा युरिया मल आइरहेको बारे आफूहरूलाई जानकारी भए पनि त्यस क्षेत्रमा प्रशासनिक कार्यालय नहुनाले नियन्त्रण गर्न नसकेको सीमा प्रशासन कार्यालय पशुपतिनगरका प्रमुख सोनाम छिरिङ लामाले बताए। खुला सीमा भएका कारण सबैतिर आफ्नो पहुँच पुग्न नसकेकोले मल भित्रिँदै गरेको थाहा भएर पनि नियन्त्रण गर्न नसकिएको भन्सार कार्यालय पशुपतिनगरले पनि जनाएको छ।

■ **रोशन साँवा/इलाम** (तस्वीर पनि)



भास्कर ओझा

# बचाउँ सगरमाथा

■ राजेश घिमिरे/काठमाडौं

**नेपालका नेताहरू** लोकतन्त्रका चिन्तामा भिडिरहेकै बेलामा विश्वभरिकै वातावरणवादीहरू भने सर्वोच्च शिखर सगरमाथामाथि आइपरेको खतराबाट चिन्तित भएका छन्। विश्व सम्पदा समितिमा रहेका २१ वटा मुलुकले लिथुवानियामा आफ्नो तीसौं बैठक गरिरहँदा ३७ वटा संस्था र चारजना व्यक्तिले विश्व उष्णीकरणका कारण खतरामा परेका सगरमाथालाई जोगाउनका लागि विश्व सम्पदा समितिले कुनै उल्लेखनीय काम नगरेकोमा आलोचना गरेका छन्।

विश्व सम्पदा सूचीमा रहेको सगरमाथा राष्ट्रिय निकुञ्ज वचाउनका लागि तत्काल कुनै काम नगरेमा यसको अस्तित्व नै नष्ट हुने कुरा ती वातावरणवादी संस्थाहरूले बताएका छन्।

विश्वको तात्दो वातावरणका कारण सगरमाथा खतरामा परेको तथ्यलाई वैज्ञानिकले पुष्टि गरिसकेका छन्। उनीहरूको भनाइमा २०२६ सालयता हिमालय क्षेत्रको तापक्रम १ डिग्री सेन्ट्रिगेट बढेको छ। यो संसारभरिको तापक्रम वृद्धिको दुईगुणा हो। वैज्ञानिकहरूका अनुसार तापक्रम वृद्धिका कारण हिमालय क्षेत्रका ६७ प्रतिशत हिमनदी अप्राकृतिक रुपमा पग्लिन थालेका छन्। त्यसमाथि बढ्दो तापक्रमका कारण नेपालका अधिकांश हिमताल पग्लेर फुटने अवस्थामा पुगेका छन्। यसअतिरिक्त वैज्ञानिकहरूले अप्राकृतिक रुपमा हिमनदीहरू पग्लिँदा नेपाललगायत भारत, पाकिस्तान र बंगलादेशका मुख्य नदीमा पानीको बहावमा नै कमी आउने सम्भावना बढ्दै गएको चेतावनी दिएका छन्। ती वैज्ञानिकहरूका अनुसार यसको प्रत्यक्ष असर मौसमी खेतीमा आश्रित ८० प्रतिशत नेपाली किसानमा पर्नेछ।

सगरमाथा बचाउनका लागि यो अभियानमा ग्रिन पिस, पृथ्वीका साथीहरू (फ्रेन्ड्स अफ अर्थ) र क्लाइमेट जस्टिस प्रोग्रामजस्ता विश्वप्रसिद्ध संस्थाका साथमा नेपालको प्रो-पब्लिक नामक संस्था पनि भिडिरहेको छ। ती संस्थाको मुख्य मागचाहिँ सगरमाथालाई खतराको सूचीमा राख्ने र सगरमाथालाई बचाउनका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने हो। तर, विश्व सम्पदा समितिले ती संस्थाको मागलाई ध्यान दिए पनि सगरमाथालाई खतराको सूचीमा राख्न भने मानेको छैन। युनेस्कोकी प्रवक्ता गीना डबलडेका अनुसार सगरमाथामा जलवायु परिवर्तनको असर देखिएको छ। तर, त्यसको वास्तविकता पुष्टि गर्नका लागि अझै धेरै अध्ययन र अनुसन्धान आवश्यक छ। प्रवक्ता डबलडे भन्छिन्, 'विश्व सम्पदा सूचीमा रहेको कुनै पनि क्षेत्रलाई खतराको सूचीमा राख्ने काम त्यति सजिलो हुँदैन। यसका लागि निकै धेरै छलफल हुनुपर्छ। सगरमाथा कुनै दिन त्यो सूचीमा पर्ला तर कहिले भन्ने कुरा म अहिल्यै भन्न सक्दिनँ।'

तर, क्लाइमेट जस्टिसका पिटर रोर्डिक भन्छन्, 'विश्व सम्पदा समितिले विश्वका केही महत्त्वपूर्ण स्थानलाई जलवायु परिवर्तनबाट जोगाउन कुनै कार्यक्रम नल्याएकोमा हामीलाई अत्यन्त रिस उठेको छ र यसका लागि हामी खेद व्यक्त गर्छौं। किनकि युनेस्कोलाई पनि थाहा छ, सगरमाथा खतरामा छ र यसको मुख्य कारक जलवायु परिवर्तन नै हो।'

उनका अनुसार यदि युनेस्कोले सगरमाथालाई खतराको सूचीमा राखिदिएको भए विश्वभरिका सरकारहरू त्यसको संरक्षण गर्नका लागि बाध्य हुने थिए।

वास्तवमा जलवायु परिवर्तनका कारण अहिले पृथ्वी तात्दो अवस्थामा छ र त्यसैका कारण नेपालको उत्तरी भू-भागको हिउँ पग्लिरहेको छ। जलवायु विशेषज्ञहरूका अनुसार हिउँ पग्लिने यो क्रम नरोकिएमा नेपालमा मात्रै २० वटा हिमताल फुट्नेछन्। त्यसबाट व्यापक रूपमा जनधनको क्षति हुने निश्चित छ। यथार्थमा यो विकसित राष्ट्रहरूले फैलाएको प्रदूषणको असर हो र यसलाई वातावरणीय अन्यायका रूपमा पनि हेरिन्छ।

यो अवस्था रोक्न प्रतिकात्मक रूपमा भए पनि केही नेपालीले अन्तर्राष्ट्रिय रूपमा नै कदम चालेका पनि थिए। गत वर्ष मात्रै पनि जनहित संरक्षण मञ्च (प्रो-पब्लिक) को अगुवाइमा केही नेपाली र विदेशीहरूले युनेस्को (संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन) मा हरितगृहलाई प्रभाव पार्ने गरी ग्याँस फ्याँक्ने क्रमलाई नियन्त्रण गर्नका लागि ठोस कदम चाल्नुपर्ने मागसहित

निवेदन दिएका छन् । प्रतीकात्मक रूपमा उनीहरूले सगरमाथा राष्ट्रिय निकुञ्जलाई खतरामा परेको विश्व सम्पदाका रूपमा दर्ता गर्दै त्यसलाई जोगाउन थुप्रै कदम चाल्नका लागि युनेस्कोलाई अनुरोध पनि गरेका छन् । जलवायु परिवर्तनका कारण विश्व सम्पदा सूचीमा रहेको कुनै पनि सम्पदालाई खतराको सूचीमा राख्नका लागि परेको यो निवेदन पहिलो थियो ।

गत वर्ष मंसिरको पहिलो साता यही निवेदन दर्ताका लागि सबैभन्दा कम समयमा सगरमाथा आरोहण गर्ने पेम्बा दोर्जे शेर्पा र सबैभन्दा कम उमेरमा विश्वको सर्वोच्च शिखरमा पाइला टेक्ने तेम्बाछिरि शेर्पा डेढ मिटर लामो र एक मिटर चौडाइको बरफको ढिक्का बोकेर पेरिसमा रहेको युनेस्को केन्द्रीय कार्यालयमा पुगेका थिए । उनीहरूका साथमा थिए मुख्य निवेदक प्रो-पब्लिकका प्रकाशमणि शर्मालगायत अन्य जनसरोकारका मुद्दामा अन्तर्राष्ट्रिय रूपमा ख्याति पाएका ६ जना व्यक्तित्व । राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा एक वर्ष लामो गृहकार्यपछि तयार गरिएको यसका निवेदकमा पेम्बा, तेम्बा र प्रकाशसँगै जनसरोकारसम्बन्धी मुद्दा हेर्ने अमेरिकी वकिल जब क्यान्डलर हेज, बिबिसीमा ५० वर्षदेखि प्राकृतिक स्रोतसम्बन्धी कार्यक्रम चलाउने बेलायतका प्रसिद्ध प्रकृतिविद् सर डेभिड एटेनवर्ग, बेलायतका प्रसिद्ध आरोही सर क्रिस वोनिङ्टन र विश्वकै प्रसिद्ध आरोही रनहोल्स मेस्नर छन् । यसैगरी निवेदकमा बेलायतका प्रसिद्ध आरोही स्टेफेन मेनब्लेस्, प्रसिद्ध फिल्म निर्माता डा. रिचर्ड हिप, बेलायतको 'जलवायु न्याय' नामक संस्थाका निर्देशक तथा वकिल पिटर रोड्रिक, श्रीलंकाका प्रसिद्ध वकिल लालानाथ डिसिल्भा र इन्टरनेसनल पब्लिक इन्टरेस्ट डिफेन्डर थिए ।

जलवायु परिवर्तनका कारण विश्वभरि नै पग्लिरहेको हिउँको प्रतीकका रूपमा बरफको ढिक्काको साथमा उनीहरूले युनेस्कोको विश्व सम्पदा सूचीमा रहेको नेपालको सगरमाथा राष्ट्रिय निकुञ्जलाई खतराको सूचीमा राख्नका लागि अनुरोधका साथ निवेदन दिएका थिए । सन् १९७९ मा विश्व सम्पदा सूचीमा राखिएको सगरमाथा राष्ट्रिय निकुञ्जका बारेमा यो निवेदन दिनुको मुख्य ध्येयचाहिँ यस्ता खाले अन्तर्राष्ट्रिय बैठकमा सगरमाथा बचाउनका लागि अन्तर्राष्ट्रिय संघसंस्थाको ध्यान तान्नु नै थियो । सगरमाथा राष्ट्रिय निकुञ्जलाई मात्र होइन, यसै दिन विश्व सम्पदामा सूचीकृत वेस्ट इन्डिजको बेलाइज ब्यारियर नामक मुगाका टापु र पेरुको हुवासकारान राष्ट्रिय निकुञ्जलाई पनि खतरामा परेको सम्पदाको सूचीमा राख्न निवेदन परेका थिए ।

यी क्षेत्रका बारेमा आवाज उठाउनुका कारण बारेमा पेरुका वकिल कार्लोस सारिया भन्छन्, 'पृथ्वीको मौसमप्रति चासो बढाउनका लागि यो कदम चालिएको हो । वास्तवमा हिमनदी पग्लँदै जानु भनेको मानव जातिकै लागि क्षति हो र त्योभन्दा पनि तितो कुरा त्यसरी हिउँ पग्लिँदा स्थानीय बासिन्दालाई पर्ने असर हो ।' सारिया भन्छन्, 'हामीले यस्ता घटना हुन नदिन स्थानीयस्तरमा सचेतना वृद्धि र शिक्षाका लागि लगानी होस् भन्ने माग गरेका छौं । विश्व सम्पदा समितिले हाम्रो निवेदनमाथि विचार पुऱ्याउँदै राम्रा सुझाव दिने आशा गरेका छौं हामीले ।' गत वर्ष नेपाली निवेदक तेम्बाछिरिले भनेका थिए, 'सगरमाथा हाम्रो देशको गौरव हो । तर, त्यसभन्दा पनि बढी त यो विश्वकै लागि एउटा अमूल्य उपहार हो । यसलाई जोगाउनु आवश्यक छ । मेरो गाउँ छो-रोल्पाको तल पर्छ, जुन जलवायु परिवर्तनकै कारण संकटमा परेको छ र हामी त्यो ताल फुट्ला भन्ने डरमा बाँचेका छौं, त्यो हामीलाई मात्र थाहा छ ।'

पृथ्वीको हरितगृहलाई प्रभाव पार्ने गरी विकसित राष्ट्रहरूले वायुमण्डलमा फ्याँकेको ग्यासका कारण पृथ्वीको जलवायुमा परिवर्तन भइरहेको छ । यसको प्रभावका कारण अहिले नेपालको उत्तरी क्षेत्रका हिउँ पग्लिरहेको छ । सन् २००१ मा राष्ट्रसंघीय वातावरण कार्यक्रम तथा इसिमोडले तयार गरेको प्रतिवेदनअनुसार पृथ्वी तातिएकै कारण नेपालका ४० वटा हिमताललाई खतरा पुगेको छ भने २० वटा फुट्ने अवस्थामा पुगेका छन् । र, तीमध्ये १३ वटा त सगरमाथा राष्ट्रिय निकुञ्जभित्र नै पर्छन् ।

वातावरणवादीहरूले सगरमाथा राष्ट्रिय निकुञ्ज बचाउनका लागि विश्वभरिकै मुलुकले हरितगृहलाई प्रभाव पार्ने गरी ग्याँस फ्याँक्ने क्रम नियन्त्रण गर्नेजस्ता महत्त्वाकांक्षी मागसँगै फुट्न सक्ने सम्भावना रहेका तालको स्थितिको अध्ययन, ती तालमा पानीको तह घटाउने र ताल फुट्ने स्थिति आएमा तल्लो तटका बासिन्दालाई खतराको जनाउ दिने संकेतको व्यवस्था गर्नेजस्ता व्यवहारिक माग पनि राखेका थिए । यसैगरी हिमताल फुटेमा तल्लो तटका बासिन्दालाई त्यसबाट हुने विध्वंसबाट बच्ने उपाय दिन त्यसका लागि एउटा कोषको व्यवस्था गर्ने र उक्त कोषका लागि बढी हरित ग्यास फ्याँक्ने मुलुकबाट सहयोग जुटाउने माग पनि गरेका थिए । ■




Nepal's Leading
Business and Management Magazine
ON NEWS STANDS
JULY 15
4781153
www.readtheboss.com




विश्वकपको ट्रफीमा इटालेली ह्याट लगाउदै खेलाडीहरु



# जिदानको टाउको, इटालीको भाग्य

■ **नवीन अर्याल/काठमाडौं**

**न पाब्लो माल्दिनी,** न त रोबर्टो बाजियो नै, तर इटालीले विश्वकप जित्यो । इटाली फुटबलको गौरवशाली इतिहास बोकेका पूर्व कप्तान माल्दिनी र स्ट्राइकर बाजियोले आफ्नो एकदशक लामो खेल जीवनमा इटालीलाई चौथोपल्ट विश्व विजेता बनाउने जोडतोडले कोसिस गरेका थिए । तर, उनीहरू सन् १९९४ को विश्वकपको उपाधि नजिक हुँदाहुँदै पनि चुके । कारण एउटै थियो, इटालेली खेलाडीहरूको कमजोर मनोबल । इटाली सन् १९९४ को विश्वकपको फाइनलमा पुगेर टाइब्रेकरमा ब्राजिलसँग पराजित हुन पुग्यो ।

सन् १९८२ मा तेस्रोपल्ट विश्वकप जितेको इटाली २४ वर्ष पुरानो इतिहास बोकेर यसपालि जर्मनी पुगेको थियो । त्यो पनि इटालीका भेट्रान प्रशिक्षक गिओभानी ट्रापाटोनीलाई दुई वर्षअघि पदस्थापन गरेका मार्सेलो लिपीले नौ नयाँ अनुहार बोकेर विश्वकपमा समावेश हुने आत्मघाती निर्णय गरेपछि । क्रिस्चियानो जाकर्डो, आन्द्रेइ बार्जाग्ली, गियोर्जियो चिलिनी, डानिले डे रोसी, मानुइले ब्लासी, माउरो इस्पोसिनो, लुका टोनी, अल्बर्टो गिलार्डिनो र भिन्सेन्जो इक्विन्टा विश्वकपमा समावेश हुन जर्मनी आउनुअघि आफैमा ठूलो नाम थिएन । फेरि घरेलु लिगमा 'म्याच फिक्सिङ' काण्डमा मुछिएका युभेन्टस, एसी मिलान, फ्लोरेन्टिना र लाजियोजस्ता ४ उत्कृष्ट क्लबका १३ जना खेलाडीका कारण विश्वकप सुरु हुनुअघि नै अप्ठेरो स्थितिमा देखिएको थियो, इटाली । गत महिना विश्वकपमा सहभागी हुन जर्मनी जानुअघि स्वयं इटालीका समर्थकहरू विश्वकपमा आफ्नो देशको दाबेदारीलाई लिएर त्यति आश्वस्त हुन सकिरहेका थिएनन् । उनीहरूको भनाइ नै थियो, इटालीको टिममा नब्बेको दशकताका झैं उत्कृष्ट खेलाडी छैनन्, न त चोटका कारण टोलीमा अनुपस्थित क्रिस्चियन भियरीजस्ता अनुभवी स्ट्राइकर नै छ । फेरि अनुभवी डिफेन्डर अलेसान्द्रो नेस्टा, फिलिपो इन्जाघी र दायाँ खुट्टामा १० वटा स्क्रु र 'मेटल रोड' हालेर खेलिरहेका फ्रान्सिस्को टोटीको अनिश्चित भविष्यका कारण इटालीले विश्वकप जित्ने भविष्यवाणी कमैले मात्र गरेका थिए ।

तर, एक महिनालामो जर्मनी बसाइका क्रममा इटालीले विश्वकपको दाबेदार मानिएको आयोजक जर्मनीलाई उसैको गृह मैदानमा जिल्ल मात्र पारेन, आठ वर्षअघि विश्वकप जितेको फ्रान्सलाई टाइब्रेकरमा ५-३ गोलले पराजित गर्दै चौथोपल्ट विश्वको सबैभन्दा प्रतिष्ठित विश्वकप फुटबलमा आफ्नो श्रेष्ठता कायम गर्‍यो ।

इटाली यो विश्वकपमा खराब फर्मबाट जुझ्दै





इटालीका प्रशिक्षक मार्सेलो लिपी ट्रफी उचाल्दै

पहिलो चरण पार गर्न सफल भएको थियो । समूह 'ई'मा विश्व बरीयताको दोस्रो नम्बरमा रहेको चेक गणराज्यलाई निर्णायक खेलमा २-० ले पराजित गरेपछि इटालीको आत्मबल चुलिएको थियो । समूहगत खेलमा आफ्नै डिफेन्डर क्रिस्चियन जाकार्डोको आत्मघाती गोलका कारण अमेरिकासँग १-१ गोलको बराबरीमा खेल टुंग्याएको इटालीले दोस्रो चरण प्रवेशका लागि ठूलै कसरत गर्नु पर्‍यो । तर, परम्परागत डिफेन्स लाइनमा कप्तान फाबियो कानाभारोको पकड र कुनै बेला युरोपको महँगो गोलरक्षकको रूपमा चिनिएका गियानलुइगी बुफोनको आत्मविश्वासी खेलका कारण इटाली विस्तारै फर्ममा फर्किएको थियो । इटालीले विश्वकपको दोस्रो चरणमा प्रवेश पाउन अफ्रिकाको नवप्रवेशी राष्ट्र घानालाई सुरुमै २-० ले पराजित गरेको थियो । सन् १९३४ मा आफ्नै देशमा भएको विश्वकप र त्यसको चार वर्षपछि फ्रान्समा भएको सन् १९३८ को विश्वकप जितेर लगातार दुईपल्ट विश्वकप जित्ने इतिहास रचेको इटालीलाई क्वाटरफाइनलमा प्रवेश पाउन एकपल्ट फेरि कडा

# कीर्तिमानको ओइरो

**जर्मनीमा अठारौं विश्वकप** सम्पन्न हुँदा कुल ६४ खेलमा १ सय ४७ गोल भए, जसमा ४ गोल आत्मघाती भयो । इङल्यान्डविरुद्ध समूहगत खेलमा पाराग्वेका कप्तान कार्लोस गामारो, पराग्वेविरुद्ध त्रिनिडाड एन्ड टोबागोका ब्रेन्ट सान्चो, अमेरिकाविरुद्ध इटालीका क्रिस्चियन जाकार्डो र जर्मनीविरुद्ध पोर्चुगलका पेटिटले आत्मघाती गोल गरे ।

विश्वकपका ४ खेल टाइब्रेकरमा सम्पन्न भए, जसमा २१ गोल सम्भव भयो । फाइनलमा इटाली र फ्रान्सविरुद्ध उपाधिको निर्णय टाइब्रेकरमा हुनुअघि दोस्रो चरणको स्विजरल्यान्ड र युक्रेनबीच भएको खेल, अर्जेन्टिना र जर्मनीबीच तथा इङल्यान्ड र पोर्चुगलबीच क्वाटरफाइनलमा भएको खेलको निर्णय टाइब्रेकरबाटै निस्किएको थियो । यस्तै, निर्धारित ९० मिनेटमा कुनै नतिजा ननिस्किई थप गरिएको ३० मिनेटको समयमा २ खेल टुंगो लागेका थिए । अर्जेन्टिना र मेक्सिकोबीच दोस्रो चरणमा भएको खेल, जर्मनी र इटालीबीच सेमिफाइनलमा भएको खेल अतिरिक्त समयमा भएको थियो ।

एक महिनासम्म चलेको विश्वकै बहुप्रतिक्षित यस प्रतियोगितामा ३२ देशका एक सय ६ खेलाडीले गोल गरे, जसमा त्रिनिडाड एन्ड टोबागोका खेलाडी पूरै प्रतियोगितामा विपक्षी टोलीविरुद्ध गोल गर्न चुके । लिग चरणका ४८ खेलमा १ सय १७ गोल भए । जर्मनीले विपक्षी टोलीविरुद्ध सर्वाधिक १३ गोल गर्‍यो । इटालीका १० खेलाडी गोल गर्न सफल भए । जर्मनीकै मिरोस्लाभ क्लोसले सर्वाधिक ५ गोल गरे, सात खेलमा । पूरै प्रतियोगितामा कुल ३ सय ४५ वटा पहेँलो कार्ड र २८ वटा रातो कार्ड देखाइयो, जुन विश्वकपकै नयाँ कीर्तिमान हो । पोर्चुगलले सात खेलमा २४ पहेँलो कार्ड पाउँदै यो विश्वकपमा सर्वाधिक पहेँलो कार्ड पाउने रेकर्ड राख्यो । नेदरल्यान्ड र पोर्चुगलबीच दोस्रो चरणका लागि भएको भिडन्त र अमेरिका र इटालीबीचको समूहगत खेल यो विश्वकपकै सबैभन्दा खराब खेल रह्यो । अर्जेन्टिनाले समूहगत खेलमा सर्बिया एन्ड मोन्टेनेग्रोलाई ६-० ले हरायो, जुन यसपालिको विश्वकपमा फराकिलो जित थियो । अर्जेन्टिनाका इस्टेबन काम्बिआसोले २४ पासमा गोल गर्ने कीर्तिमान पनि राखे ।

**पाँच गोल –** मिरोस्लाभ क्लोस (जर्मनी)

**तीन गोल –** रोनाल्डो (ब्राजिल), लुकास पोडोलस्की (जर्मनी), डेभिड भिला र फर्नान्डो टोरेस (स्पेन), हर्नान क्रेस्पो र म्याक्सी रोड्रिगेज (अर्जेन्टिना), थियरी हेनरी र जिनेदिन जिदान (फ्रान्स) ।

**दुई गोल–** लुका टोनी र मार्को माटेराजी (इटाली), आद्रियानो (ब्राजिल), मानिच (पोर्चुगल), आन्द्रेयी सेभचेन्को (युक्रेन), अगस्टिन डेलगाडो र कार्लोस टेनोरिओ (इक्वेडर), टिम काहिल (अस्ट्रेलिया), टोमस रोसिस्की (चेक गणराज्य), ब्राभो ओमार (मेक्सिको), पाउलो वान्चुप (कोस्टारिका), बार्टोज बोसस्की (पोल्यान्ड), स्टेभन जेरार्ड (इङल्यान्ड), अरूना डिनडाने (आइभोरी कोस्ट), अलेक्जेन्डर फ्रेइ (स्विजरल्यान्ड), बास्टियन स्वेन्स्टाइगर (जर्मनी) र प्याट्रिक भियरा (फ्रान्स)


**एक गोल –** फान्क रिबेरी (फ्रान्स), भिन्सेन्जो इक्विन्टा, आन्द्रेइ पिर्लो, अल्बेर्टो गिलार्डिनो, फिलिपो इन्जाघी, फ्रान्सिस्को टोटी, गियानलुका जाम्ब्रोटा, अलेसान्ड्रो डेल पियरो र फाबियो ग्रोसो (इटाली), टोर्सटेन फ्रिडग्स, फिलिप लाहम र ओलिभर नेउभिली (जर्मनी), पाउलेटा, डेको, क्रिस्चियानो रोनाल्डो, सिमाओ साब्रोसा र नुनो गोमेज ( पोर्चुगल), काका, फ्रेड, जुनिन्हो, गिल्बेर्टो र जे रोबेर्टो (ब्राजिल), लियोनेल मेसी, जाभियर साभिओला, कार्लोस टेभेज, इस्टेबन काम्बिआसो र रोबर्टो आयाला (अर्जेन्टिना), पिटर क्राउच, जोए कोल र डेभिड बेक्हाम (इङल्यान्ड), इभान काभिडेस (इक्वेडर), रोनाल्ड गोमेज (कोस्टारिका), नेल्सन क्युभास (पाराग्वे), फ्रेडी लुम्बर्ग, मार्कुस अलब्याक र हेनरिक लार्सन (स्विडेन), आर्जेन रोबेन, रोबिन भान पर्सी र रुडभान निस्टेलरोय (नेदरल्यान्ड), डिडियर ड्रोग्बा, बाकारी कोने र बोनाभेन्चर कालोउ (आइभोरी कोस्ट), निकोला जिजिक र सासा इलिक (सर्बिया एन्ड मोन्टेनेग्रो), जिन्हा, होसे फोन्सिका र राफेल मार्केज (मेक्सिको), याभा गुल मोहम्मद र सोहरब बाख्तियारिजाडे (इरान), फ्लाभियो (अंगोला), आसामोआ गियान, सुले मुन्तारी, मामिनु ड्रामन र स्टेफेन आपिया (घाना), क्लिन्ट डेम्सी( अमेरिका), यान कोलर (चेक गणराज्य), निको कोभाक र डारिजो सेर्ना (क्रोएसिया) सुनसुकी नाकामोरा र केइजी तामाडा (जापान), जोन अलोइसी, क्रेग मुर र हेरी किवेल (अस्ट्रेलिया), ट्रानक्विलो बार्नेटा र फिलिपे सेन्डेरोस (स्विजरल्यान्ड), आन जुङ ह्वान, ली चुन सु र पार्क जी सुङ (दक्षिण कोरिया), मोहम्मद कादेर (टोगो), जाभि ओलन्सो, राउल गोन्जालेज र हुँवानिटो (स्पेन), माक्सिम कालिनिचेन्को, सेहिया रेबरोभ र आन्द्रेयी रुसोल (युक्रेन), जेइद जजिरी, राधी जाइदी र जाउहार मिनारी (ट्युनेसिया), यासेर अल खातानी र सामी अल जावेर (साउदी अरेबिया) ■

मेहनत गर्नु पर्‍यो। ३२ वर्षपछि विश्वकपमा सहभागी भएको अस्ट्रेलियासँग दोस्रो चरणको खेलमा १० खेलाडीमा सीमित इटालीले अतिरिक्त समयमा पाएको विवादास्पद पेनाल्टीको अवसरलाई सदुपयोग गर्दै क्वाटरफाइनलमा आफ्नो स्थान पक्का पार्‍यो। क्वाटरफाइनलमा यो देशले युरोपेली फुटबलमा उदीयमान विश्वकपको नवआगन्तुक युक्रेनमाथि ३-० को सहज विजय हात पार्दै सेमिफाइनलको यात्रा तय गर्‍यो।

विश्वकपकै उत्कृष्ट खेल मानिएको सेमिफाइनलमा आयोजक जर्मनीको दाबेदारीलाई १ सय १८ मिनेटसम्म निस्तेज पारेको इटालीले स्टार खेलाडीविना नै विश्वकप जित्ने सबै खुबी आफूमा रहेको पुष्टि गर्‍यो। यो खेलमा प्रशिक्षक लिपीको हैरान पार्ने रणनीतिसँग विश्व फुटबल पहिलोपल्ट परिचित मात्र भएन, इटालेली खेलाडीहरुको बेजोड 'टिम वर्क' मैदानभरि छताछुल्ल भएको थियो। जर्मनीसँग निर्धारित ९० मिनेट र थप गरिएको अतिरिक्त ३० मिनेट अवधिको २८ मिनेटसम्मको खेललाई इटालीले गोलरहित बराबरीमा रोकेको थियो। अतिरिक्त समयको दोस्रो हाफमा दुई मिडफिल्डरलाई हटाएर भिन्सेन्जो इक्विन्टा र अलेसान्द्रो डेल पीयरोजस्ता स्ट्राइकरलाई मैदानमा पठाएका प्रशिक्षक लिपीले टाइब्रेकरतर्फ उन्मुख खेललाई रोक्न चार इटालेली स्ट्राइकरलाई अग्रपंक्तिमा खटाएका थिए, जसको नतिजा टाइब्रेकरका लागि २ मिनेट समय बाँकी रहँदा इटालीले २ गोल ठोक्दै आयोजक जर्मनीको सन् १९७४ पछि आफ्नै मैदानमा दोस्रोपल्ट विश्वकप जित्ने अभियानलाई तुषारापात गर्‍यो।

सन् १९७० को विश्वकपपछि प्रत्येक १२ वर्षको अन्तरालमा विश्वकपको फाइनलमा पुग्दै आइरहेको इटालीको पुरानो इतिहासलाई यसपल्ट पनि जीवन्त राखेपछि प्रशिक्षक लिपीले आफ्नो खेल रणनीति आँखा झिमिक्क नगरी बिहान ५ बजेसम्म भिडियो रेकर्डिङमार्फत हेरेका थिए।

उता, फाइनलमा स्पेन, ब्राजिल र पोर्चुगलजस्ता विश्वकप जित्ने अभियानमा लागेका युरोप र दक्षिण अमेरिकाको बलियो टोलीलाई सहजै पराजित गर्दै फाइनल पुगेको फ्रान्स कप्तान जिनेदिन जिदानको प्रेरणादायी नेतृत्वका कारण निकै बलियो देखिएको थियो। फेरि, ६ वर्षअघि बेल्जियम र नेदरल्यान्डमा भएको सन् २००० युरोकपको फाइनलमा इटालीलाई अतिरिक्त समयमा २-१ ले हराएको बलियो इतिहास थियो, फान्ससंग। फाइनलमा फ्रान्सले सुरुवात गतिलै लिएको थियो। खेल सुरु भएको सात मिनेटमै पाएको पेनाल्टीलाई जिदानले गोलमा परिणत गर्दै इटालीको विश्वकप जित्ने अभियानलाई बिथोल्ने प्रयास गरेका थिए। तर, पहिलो हाफको १९ मिनेटमै डिफेन्डर मार्को माटेराजीले कर्नरलाई हेडको मद्दतले गोलको दिशा देखाएपछि निर्धारित ९० मिनेटको खेल १-१ गोलको बराबरीमा टुंगिएको थियो। पहिलेदेखि नै विपक्षी खेलाडीलाई दबाबमा राख्ने रणनीतिका साथ मैदानमा उत्रिएको इटालीले त्यति बेला सबैभन्दा ठूलो राहत पाएको थियो, जब


इटालीका डिफेन्डर माटेराजीलाई टाउकोले हिर्काएपछि आक्रामक मुद्रामा जिदान।

उत्कृष्ट खेलाडी (गोल्डेन बल)– जिनेदिन जिदान (फ्रान्स)
हाई-स्कोरर (गोल्डेन सु)– मिरोस्लाभ क्लोस (जर्मनी)
उत्कृष्ट गोलरक्षक (लेभ यासिन अवार्ड)– गियानलुइगी बुफोन (इटाली)
उत्कृष्ट युवा खेलाडी (जिलेट अवार्ड)– लुकास पोडोलस्की (जर्मनी)
अनुशासित टोली – ब्राजिल र स्पेन
सबैभन्दा बढी मनोरञ्जन दिएको टोली– पोर्चुगल

फ्रान्सका प्रेरणादायी प्लेमेकर जिदानलाई एउटा विवादमा डिफेन्डर माटेराजीले फसाउन सफल भए। मैदानमा माटेराजीलाई टाउकोले हिर्काएको आरोपमा जिदान निर्धारित समय सकिएर थप गरिएको ३० मिनेटको खेलको अन्तिम १० मिनेटमा रातो कार्ड पाएर बाहिरिएपछि १ सय १० मिनेटसम्म फ्रान्सेली टिमसँग मनोवैज्ञानिक लडाइँ लडिरहेको इटाली बलियो देखियो। सन् १९९६ देखि १९९९ सम्म इटालीको युभेन्टसमा अनुबन्धित हुँदा जिदानलाई प्रशिक्षण दिएका लिपी उनको खेलबाट राम्रोसँग परिचित थिए। यस्तै, फ्रान्सका अर्को अनुभवी डिफेन्डर लिलियान थुरामलाई पनि लिपीले प्रशिक्षण दिइसकेका थिए। ३४ वर्षीय यी बूढा खेलाडीले अन्तर्राष्ट्रिय खेल जीवनबाट संन्यास लिए पनि फ्रेन्च प्रशिक्षक रेमान्ड डोमेन्चले टोलीमा फिर्ता बोलाएका थिए।

यद्यपि, यति हुँदा हुँदै पनि टाइब्रेकरमा १२ वर्षअघि ब्राजिलसँग गुमाउन पुगेको विश्वकपको उपाधि यसपालि भने फ्रान्सलाई हराउँदै इटालीले आफ्नो कब्जामा पार्‍यो। टाइब्रेकरमा इटालीले पहिलोपल्ट पाँचवटै पेनाल्टी गोलमा परिणत गर्‍यो। तर, फ्रान्सका डेभिड ट्रेजेग्वेट पेनाल्टीलाई गोलमा परिणत गर्न चुके। विश्वकपको सात खेलमा १२ गोल गरेको इटाली आफ्ना १० खेलाडीबाट विपक्षी टोलीविरुद्ध गोल गर्न सफल भयो, जसमा प्रशिक्षक लिपीले पूरै प्रतियोगिताअवधिभर आफ्ना २३ मध्ये २१ खेलाडी उपयोग गरेका थिए। आफ्नै खेलाडीबाट एउटा आत्मघाती गोल र अर्को पेनाल्टीबाट गोल खाएको इटाली वास्तवमै यसपालि विश्वकपको दाबेदार थियो। उत्कृष्ट गोलरक्षण, त्यतिकै बलियो डिफेन्स र प्रभावशाली मिडफिल्डका कारण स्टार खेलाडीविना नै इटाली २४ वर्षपछि फेरि घरमा विश्वकप भित्र्याउन सफल भयो। ■



# जोदाहा जिजु

**कलात्मक खेलका कारण दश वर्ष अन्तर्राष्ट्रिय फुटबलमा राज गरेका प्लेमेकर जिदानको आफ्नो सानो सनकपनका कारण उनको खेल जीवन विवादास्पदरुपले अन्त्य भएको छ ।**

■ सन् १९९८ को विश्वकप । साउदी अरेबियासँग खेलमा कप्तान फायद अमिनलाई नराम्ररी लडाएबापत जिदान दुई खेलमा प्रतिबन्धित भए । त्यसपछि खेलमा फर्किएका जिदानले फाइनलमा ब्राजिलविरुद्ध टाउकोले दुई गोल गर्दै पहिलोपल्ट फ्रान्सलाई विश्वकपको प्रतिष्ठित उपाधि दिलाए ।

■ सन् २०००, क्लब फुटबलको प्रतिष्ठित च्याम्पियन्स लिग । इटालीको शीर्षस्थ क्लब युभेन्टसबाट व्यवसायिक फुटबल खेल्ने क्रममा ह्यामबर्गका जोच्छेन काइन्जलाई टाउकोले हिकाएबापत जिदान पाँच खेलका लागि प्रतिबन्धित ।

विश्व फुटबलका महान खेलाडी ब्राजिलका पेले र अर्जेन्टिनाका म्याराडोनापछि सबैभन्दा बढी नाम कमाएका खेलाडी हुन्, फ्रान्सेली राष्ट्रिय टोलीका प्लेमेकर जिनेदिन जिदान । उनी अहिले आफ्नो जादुगर खेलभन्दा पनि पुरानै हिंस्रक व्यवहारका कारण बढी चर्चामा छन् । भर्खरै जर्मनीमा सम्पन्न अठारौं विश्वकप फुटबल प्रतियोगितामा फ्रान्सलाई फाइनलसम्म डोऱ्याएका जिदान इटालीविरुद्धको खेलको अन्त्यतिर त्यति साह्रो हिंस्रक किन बने ? सबैका लागि चासोको विषय बनेको छ । खेलको एक सय दसौं मिनेटमा सुझबुझ गुमाएका जिदानले आफूलाई 'मार्क'मा राखेका इटालेली डिफेन्डर मार्को माटेराजीको छातीमा एक्कासि आफ्नो टाउको बजारे । यसबापत उनी रातो कार्ड पाएर मैदानबाट बाहिरिए । उनको यो अप्रिय व्यवहारले फ्रान्स विश्वकपको सम्भावित विजयबाट पनि बाहिरियो । खेल आफ्नो नियन्त्रणमा हुँदा हुँदै जिदानले गुमाएको होसबाट उनका समर्थकहरू मात्र होइन, यतिबेला उनका टिमका साथीहरू पनि चकित छन् । आखिर सन् १९९८ को विश्वकपमा आफ्नो टाउकोको सदुपयोग गरेर फ्रान्सलाई ऐतिहासिक उपाधि दिलाएका जिजुले दोस्रोपल्ट आफ्नो टोली विश्वकप विजयको नजिकै हुँदा त्यही टाउकोको दुरुपयोग किन गरे ?

यद्यपि, जिदानले यस विषयमा मुख खोलेका छैनन् । तर, उनका एजेन्ट एलियन मिग्लियासियोले भने माटेराजीले जिदानविरुद्ध अपशब्द प्रयोग गरेको दाबी गरेका छन् । युरोपका थुप्रै पत्रपत्रिकाले जिदानसँगको मुठभेडमा माटिराजीले मैदानमा बोलेको अपशब्द प्रमाणित गर्न आफ्नै किसिमले अनुमान लगाएका छन् । उनीहरूले यसका लागि माटिराजीले चलाएको मुखबाट थुप्रै लख काटेका छन् । केही पत्रिकाले 'आतंकवादी' र केहीले जिदानकी आमाको विषयमा नराम्रो कुरा भनेको अनुमान गरेका छन् ।



तर, माटेराजीले रोम फर्किएपछि स्थानीय न्युज एजेन्सी आन्सालाई दिएको छोटो अन्तर्वार्तामा आफूले जिदानलाई आतंकवादी नभनेको बताएका छन् । उनले खेलको दौरान जिदानलाई 'मार्क' गर्ने क्रममा केही क्षण उनको टिसर्ट तान्दा उनले आफूलाई गाली गरेको र 'तँलाई मेरो टिसर्ट चाहिन्छ भने केही समयपछि यो तँलाई दिउँला' भनेको बताए । ५ वर्ष इटालीको युभेन्टस क्लबबाट व्यवसायिक फुटबल खेलिसकेका जिदानलाई त्यसपछि आफूले इटालेली भाषामा गाली गरेको उनले स्विकारे । तर, आमाको विषयमा गाली नगरेको दाबी गरे । यस विषयमा फिफाले अनुसन्धान गर्ने बताइसकेको छ ।

जिदानकी आमा बिरामीका कारण विश्वकपअन्तर्गत फाइनल सकिएको केही घण्टाभित्रै अस्पताल भर्ना भएकी थिइन् । सन् १९९८, २००० र २००३ गरी तीनपल्ट फिफा वर्ष खेलाडी र सन् १९९८ मा युरो वर्ष खेलाडी घोषित भइसकेका जिदान यसअघि पनि आफ्नो असामान्य व्यवहारका कारण आलोचित भइसकेका छन् । उनले अन्तर्राष्ट्रिय फुटबलमा १४ पल्ट रातो कार्ड पाइसकेका छन् ।

अल्जेरियालीमूलका ३४ वर्षीय जिदान फ्रान्समा मिचेल प्लाटिनीपछि सर्वाधिक चर्चित फुटबलर मानिन्छन् । सन् १९९४ अघि अल्जेरियाका तत्कालीन प्रशिक्षक अब्देलहामिद केर्मालीले 'अल्छी केटो' भन्दै राष्ट्रिय टोलीमा स्थान नदिएपछि जिदान फ्रान्स फर्किएका थिए । उनले १७ अगस्त १९९४ मा चेक गणराज्यविरुद्ध ६३ औं मिनेटमा मैदानमा छिर्दै फ्रान्सको राष्ट्रिय टोलीमा स्थान जमाएका थिए । सन् २००४ को युरोकपपछि अन्तर्राष्ट्रिय फुटबलबाट बिदा लिएका जिदानलाई यो विश्वकपको छनोट खेलमा फ्रान्सको खस्कँदो खेलका कारण प्रशिक्षक डोमेन्चले टोलीमा फर्किन आग्रह गरेका थिए । उनको दरिलो उपस्थितिले फ्रान्स विश्वकपमा छनोट हुन मात्र सफल भएन, उनको कलात्मक खेलका कारण यो विश्वकपको फाइनलमा फ्रान्स सहजै प्रवेश गर्न सफल भयो । तर, उनको जोदाहा प्रवृत्तिले गर्दा फ्रान्स विश्वकप उपाधिबाट त विमुख भयो नै, उनको अप्रिय व्यवहारले यसपालिको विश्वकपमा उनलाई प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषणा गर्ने फिफाको निर्णय पनि विवादमा पर्न गयो । ■



# एक वर्षका साक्षी




**नेपाली लोकतान्त्रिक** आन्दोलनको अमर साक्षी हो, 'तस्वीर-२०६२'। राजाको शासनमा जनताले व्यहोर्नु परेका सास्तीको फेहरिस्त पनि हो यो । नेपाली फोटो पत्रकारितामा अग्रणी भूमिकामा रहँदै आएका नरेश श्रेष्ठले यो पुस्तक प्रकाशन गरेर भावी पुस्तालाई साँच्चिकै ऋणी बनाएका छन्, कम्तीमा कसैले तोडमोड गर्न नसक्ने इतिहास लेखिदिएर ।

२०६१ सालमा नेपाली राजनीतिले भोग्नु परेका तिता कथाका तस्वीरको संग्रह हो, 'तस्वीर-२०६२' मुख्य रुपमा । यसले सामाजिक, आर्थिक र साहित्यिक पाटा पनि छुटाएको छैन ।

राजाको निरंकुशताको विरोधमा दलहरू सडकमा छन्, युवाहरू मसाल जुलुस बोकेर कुदिरहेका छन् र महिलाहरू आफ्ना दुधे नानी कोखिलामा च्यापेर 'मुर्दावाद'को नारा लगाइरहेका छन् । प्रहरीको निर्मम दमन बढिरहेको छ । तैपनि सडकमा जनआन्दोलन अगाडि बढिरहेको छ । यी कुरा शब्दमा वर्णन गरिरहँदा निश्चित रुपमा तल माथि पर्न सक्छन् । तर, 'तस्वीर-२०६२' ले जनआन्दोलनको त्यो इतिहासलाई अलिकति पनि यता उता पर्न दिनेछैन । किनभने आन्दोलनमा जे भएको थियो, त्यसका सजीव तस्वीरहरू आफै इतिहासको व्याख्या गरिरहेका छन् । रंगीन कलेवरका एक सय पृष्ठको सुरुवात नै नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीका झन्डाहरूले राजधानीका सडकहरू ढकमक्क भएका दृश्यबाट हुन्छ । यो निरन्तर अगाडि बढ्छ, निरंकुशताविरुद्ध आक्रोशित युवा, विद्यार्थी, महिला, जनजाति, व्यवसायिक क्षेत्रहरूको विरोधको शृंखला लिएर । कतै प्रहरीले अश्रुग्याँस र लाठीचार्ज गरेर आन्दोलनकारीलाई रक्ताम्मे बनाएको छ त कतै आन्दोलनकारीले ढुंगा बर्साएर प्रहरी खेदिरहेका छन् । नरेश श्रेष्ठ, दीपेन्द्र नगरकोटी, सुवास श्रेष्ठ, वासु श्रेष्ठ र जिएस लामिछाने आन्दोलनका ती दृश्य टपक्कै कैद गर्न सक्षम भएका छन् ।

पुस्तकले राजनीतिक दलका नेताहरूको फोटो मात्रै छापेको छैन, उनीहरूका सैद्धान्तिक मुहार पनि छर्लंग पारिदिएको छ । 'प्रतिगमन आधा सच्चिएको' भन्दै सडक आन्दोलन छाडेर सत्तारोहण गरेको एमालेका महासचिव माधव नेपालले बद्रीप्रसाद मण्डल, पशुपतिशमसेर राणा र शेरबहादुर देउवासँग एकताको कसिलो मुठी उठाएको तस्वीरले यही देखाउँछ, सत्ताधारी सहयात्रीका रूपमा । २०६१ सालमा 'राष्ट्रलाई क्षति' शीर्षकअन्तर्गत यो वर्ष जीवन गुमाएका प्रतिष्ठित व्यक्तिलाई पनि सम्झना गरिएको छ । प्रकाशकले प्रत्येक वर्षका मुख्य घटनाक्रम समेटेर पुस्तक प्रकाशन गर्ने बताएका छन् । यसले नेपाली इतिहास लिपिबद्ध बनाउन थप योगदान पुर्‍याउनेछ ।

■ **मधुसूदन पौडेल**

# वास्तविक चित्र




**नेपाली साहित्यमा** लघुकथाले प्रवेश पाएको साढे ५ दशक भएको छ । २००७ सालमा प्रकाशित पूर्णप्रकाश ब्राहमणको 'झिल्को'लाई अहिलेसम्मको पहिलो लघुकथाकृति मानिएको छ । तर, २०३० सालपछि मात्र लघुकथामा कलम चलाउने सर्जकको संख्या बढेको हो । पछिल्लो समयमा लघुकथा लोकप्रिय विधाको रुपमा स्थापित भएको छ । यसै परिप्रेक्ष्यमा चालीसको उत्तरार्धदेखि साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका अच्युत घिमिरेको 'शिखर चढिरहेको मान्छे' नामक लघुकथासंग्रह सार्वजनिक भएको छ । २६ वटा लघुकथा संकलित उक्त किताबले वर्तमान समाजको सक्कली अनुहार उदांगो पारेको छ ।

घिमिरेका अधिकांश लघुकथा समसायिक विषयमा केन्द्रित छन् । सामाजिक विकृति र विसंगतिमाथि चोटिलो ढंगले प्रहार गरिएको छ, लघुकथामा । मानिसमा रहेको पाखण्डीपन, नातावाद, कृपावाद, सामाजिक असमानता लगायत विषयलाई मिहिनरूपमा चित्रण गरिएको छ । सामाजिक यथार्थमा आधारित लघुकथामा प्रगतिशील मूल्यमान्यताका पक्षमा आवाज मुखरित छ । हाम्रो समाजमा अझै पनि विभेदको जालो तोडिएको छैन, सुन्दर मूर्तिको सर्जकलाई मन्दिर पस्नबाट रोकिन्छ । लघुकथामा छुवाछूत र जातीय भेदभावका मुद्दा पनि उठाइएको छ । शिक्षा, स्वास्थ्य, अर्थलगायत विभिन्न क्षेत्रका समस्या उठाउन पनि कन्जुस्याइँ गरेका छैनन् अच्युतले । उनको लघुकथाको सन्देश छ, 'समाजबाट यस्ता विकृति अन्त्य गरिनुपर्छ ।'

घिमिरेको कथाकारिताबारे साहित्यकार कृष्ण धरावासी लेख्छन्, 'स्थानीय परिवेश, घटना र पात्रहरूले आञ्चलिकतालाई सम्बोधन गर्दागर्दै पनि राष्ट्रिय समस्याभित्रै प्रवेश गरिसकेको भेटिन्छ ।' काठमाडौंबाहिर रहेर कविता, निबन्ध, कथा, समालोचना विधामा कलम चलाउने घिमिरेका संग्रहभित्रका लघुकथा पठनीय छन् । यतिमै उनले चित्त बुझाउनुहुँदैन, साधनालाई निरन्तरता दिएको खण्डमा उनको लेखनयात्राको भविष्य उज्ज्वल छ । ■




किताब : वीचिमाला
विधा : कविता
कवि : कृष्णप्रसाद कोइराला
पृष्ठ : ५४
मूल्य : रु ३०/-
प्रकाशक : पोखराथोक साहित्य संगम, पोखराथोक





किताब : निष्ठुरी फर्केन
विधा : उपन्यास
लेखक : मनोज सार्थक
पृष्ठ : १३८
मूल्य : रु ६५/-
प्रकाशक : रत्न पुस्तक भण्डार




किताब : अधरामृत
विधा : गजल
कवि : सरोज काफ्ले
पृष्ठ : ७२
मूल्य : रु ७०/-
प्रकाशक : पोखराथोक साहित्य संगम




किताब : दिक्क लागेर त हो नि !
विधा : हास्यव्यंग्य
लेखक : अनिल कोइराला
पृष्ठ : ६७
मूल्य : रु ५०/-
प्रकाशक : सहस्राब्दी प्रकाशन प्रालि



# कथा त सिद्धिएकै छैन

■ ध्रुव मधिकर्मी

**मान्छेहरू अझै कहालिँदै भागिरहेका छन् ।**

हुनत मान्छेहरू सधैं भागिरहेकै हुन्छन् । कहिले बाँच्नका लागि भागिरहेका हुन्छन् त कहिले बाँच्न नसकेर भागिरहेका हुन्छन् । कहिले दुःखले लखेटिएर भागिरहेका हुन्छन् । कोही मरी मरी सुखका लागि भौंतारिरहेका हुन्छन् । मानौं भाग्नु र भागिरहनु मान्छेको नियति नै भइसक्यो । तर, अहिले मान्छेहरू कहालिँदै भाग्नुपरेको अर्कै कारणले हो । यसबारे एउटा अलग खालको कथा नै पाइन्छ, जुन म सर्वप्रथम यहाँ प्रस्तुत गरिरहेछु ।

□

यथार्थमा यो जंगल-संगल केही होइन । तैपनि यहाँ बस्ने अधिकांश मान्छेहरू अत्यन्त निरीह दयनीय सीधासोझा खालका नै छन् । मानौं ती सामान्य जन, निरीह जोगी, साधु, संन्यासी सुकुमवासी हुन् । साँच्चिकै भन्ने हो भने ती जोगी साधु नै त होइनन् । तर, जोगीसाधुभन्दा कम देखिन्नन् । कुन अर्थमा भने- तिनीहरूसँग भएभरको सम्पत्तिको नाउँमा धेरै भए एउटा एउटा छाप्रो र एक-एक धुर जमिनको साथै अलिकति झिटिझाम्टा होला । अझ कोही कोहीसँग त्यति पनि नहोला ।

यो वास्तवमा तिनै निरीह उपेक्षित सामान्य जन, साधु, संन्यासी र सुकुमवासीहरूको कथा हो । तर, कथामा तिनीहरू अगाडि छैनन्, नेपथ्यमा छन्, धकेलिएका छन् र विस्मृत कथाको कुनै पात्रपात्राझैं लाग्छन् । त्यसैले कथाको पृष्ठभूमिमा तिनीहरू छन् । कथाको अग्रभागमा एउटा तुच्छ जीव छ ।

यो कथा त्यही तुच्छ जीवको हो ।

यसमा त्यही जीवको जीवनको एउटा विशेष पाटो देखिनेछ । सुरुमा त्यो जीव एउटा मुसो थियो । त्यही मुसोबाटै यो कथा प्रारम्भ पनि हुन्छ । तर, यसको अन्त्यबारे अहिल्यै केही भन्न सकिन्नँ । कुनै सामान्य खालको दिनमा एउटा अचम्म खालको घटना भयो । त्यसो त घटना कुनै विशेष महत्त्वको थिएन । दैनन्दिन जीवनमा हुने खालको थियो । तर, त्यसको निहितार्थ भन्ने नियोजित हो कि भन्ने लाग्छ ।

तिनीहरूमध्ये कोही एकजना बूढोले आँगनमा निस्कँदा एउटा सानो मुसालाई बिरालोले लखेटिरहेको देख्यो । मुसा लखेटिरहेको बिरालो मान्छे देख्नासाथ टाप कसिहाल्यो । धन्न ! मुसाको ज्यान जोगियो । आज त ज्यान जोगियो तर भरे भोलिको के ठेगान ! त्यसैले मुसो त्यस बूढोलाई देखेर घोप्टो पर्दै रुन थाल्यो । मान्छेहरू दयालु हुन्छन् भन्ने कुरा त्यसलाई राम्ररी थाहा थियो ।

'हे जीवहरूमा सर्वश्रेष्ठ प्राणी ! कृपा गरी मेरो रक्षा गरिदिनु हवस् ।'

उसलाई मुसोमाथि दया जाग्यो । कारण मुसो पनि निरीह तथा कमजोर जीव रहेछ- तिनीहरूजस्तै । अतः करुणावश तिनीहरूले त्यसको रक्षा मात्र गरेनन्, त्यसलाई बिरालोसमेत बनाइदिए- तिनीहरू मिलेर ।

□

मुसो मान्छेदेखि दंग भयो । अब ऊ बिरालोसित डराएर भाग्नु परेन । आफ्नो ज्यान जोखिममा पर्ला भनेर चिन्ता लिनु परेन । ढुक्क भएर हिँडे भयो । मुसा अब बिरालो भएर हिँड्न थाल्यो ।

केही दिन त मुसा बडो मजासित ढुक्क भएर घुमफिर गरिरह्यो । मुसाको ठूलो चिन्ता भनेकै बिरालोको भय हो । आफै बिरालो भएपछि अब उसलाई बिरालोको के भय ! बरु उसबाट त मुसालाई पो भय हुनुपर्छ । त्यसैले ऊ कहिलेकाहीं आफ्नो रमाइलोका लागि मुसालाई खेलाउँछ । मुसालाई खेलाउनु रमाइलै हुँदो रहेछ । यो रमाइलो उसले बिरालो भएर पो बुझ्नसक्यो । उसले मुसालाई खेलायो मात्रै तर किन हो सिकार भने गरेन । उसले सोच्यो अब दुःखका दिन सकिए । तर, त्यसो भएन ।

एकपटक संयोगवश एउटा कुकुरसँग त्यसको जम्काभेट भयो । देख्नासाथ कुकुरले खुब लखेट्न थाल्यो । लखेट्नु स्वभाविक पनि हो । किनभने कुकुरले बिरालोलाई पो लखेटेको हो । यथार्थमा त्यो मुसा हो भन्ने कुरा कुकुरलाई के थाहा ! तै उसलाई समात्न भने पाएन । तर, कुकुरले झम्टँदा बिरालोलाई एक दुई ठाउँमा चोटपटक भने नराम्ररी लाग्यो । तै बल्लतल्ल बिरालोको ज्यान बच्यो ।

सधैं एउटै खालको दिन हुन्न र भएन पनि । उसलाई कुकुरसित डराएर भाग्नु पर्ला भन्ने पटकै लागेको थिएन । मुसा हुँदा उसलाई कुकुरको डर थिएन । बिरालोको मात्र भय थियो । बिरालो भएपछि उसले बिरालोसित डराएर हिँड्नु परेन । बरु उसले बिरालोलाई के छ बन्धु भनेर हालखबर सोध्न र हातेमालो गर्न सक्ने भयो । भलै बिरालो बिरालोबीच मेल हुन्न तर बिरालोसित ऊ डराउनु त परेन ।

ऊ बिरालोसित डराउनु नपरे पनि बिरालोभन्दा पनि खतरनाक प्राणीसित भने डराउनु पर्ने रहेछ । ऊ जन्मजात बिरालो भए पो उसलाई कुकुर र बिरालोको शत्रुताबारे थाहा हुन्थ्यो । त्यो सत्यसित उसको साक्षात्कार पनि आजै भइहाल्यो ।

'के भो ?' मान्छेहरूले सोधे ।

बिरालो स्वाँ स्वाँ र फ्वाँ फ्वाँ गर्दै शरीरमा पटक्क शक्ति नभएको जस्तो भुइँमा पीडाले छट्पटाइरह्यो । आफूले हुर्काएको जीव यसरी कसैको पाल्तु जनावरसँग भागी हिँड्नुपरेको थाहा पाउँदा तिनीहरूलाई हुनसम्मको दुःख लाग्यो । त्यही रिसले लौ जा भनेर तिनीहरूले उसलाई कुकुर पनि बनाइदिए ।

यसरी त्यो तुच्छ जीव अब कुकुर पनि भयो- मान्छेहरूको प्रतापले । तर मान्छेहरू भने अझै मान्छे नै भइरहेछन् ।

कुकुरको एउटा कस्तो बानी हुन्छ भने त्यो जहिले पनि पुच्छर हल्लाएर मालिकको वरपर चाकरी बजाउन खोजिरहन्छ । मान्छेहरू पनि मक्ख भए- एउटा भक्त त भयो । जो सधैँ उसको वरपर घुमिरहन्छ, पुच्छर हल्लाइरहन्छ ।

एकदिन एउटा घटना भयो- साह्रै नराम्रो संकेत दिने खालको । तर, यतापट्टि कमैको मात्र ध्यान गयो । जस्तो कुनै एउटा मन्दिरमा कुनै मूर्ति रहेछ र त्यो मूर्ति त्यति बेलासम्म महत्त्वपूर्ण हुँदैन जतिबेलासम्म त्यो नचोरिएको होस् । नचोरिएसम्म मूर्ति ढुंगासरह हुन्छ र मान्छेहरू त्यसलाई नजिकको तीर्थ सम्झिरहन्छन् । सके केटाकेटीहरू त्यसलाई कुल्चने खेल्ने वा त्यस्तै सम्झिरहेको होस् । मूर्ति चोरिएपछि वा हराएर विदेशको कुनै संग्रहालयमा सजिएपछि मात्र बल्ल त्यसको महत्त्व थाहा हुन्छ ।

कुकुर मस्त भएर घुमफिर गरिरहेको थियो । कुकुर भएदेखि त्यो अलि सुरक्षित भावनाले ढुक्क पनि थियो । कारण उसमा कुकुरको शक्ति छ नि । अब त्यो न मुसा भएर हिँड्नुपर्छ, न बिरालोसँग प्राणरक्षाको लागि भागी भागी हिँड्नुपर्छ । झन् उल्टो त्यो कहीँ कतै मुसा अथवा बिरालो देखापऱ्यो भने झम्टन धक मान्दैनथ्यो । यस्तैमा त्यसले अकस्मात् कहीँ निकटबाट बाघको गर्जन सुन्यो । नभन्दै त्यसको हाराहारीमा एउटा बाघ उभिन आइहाल्यो । यो देखेर कुकुरको सातो गयो । साक्षात् शत्रुलाई देखेर त्यो हच्कियो । हच्कनु तर्सनु र आतंकित हुनु स्वभाविक पनि हो । किनकि अगाडि उसको काल खडा थियो । अब भने ज्यानको आश छैन । तै बाघले झम्टनुअगावै त्यहाँबाट उल्टो हानिएर यसरी कुलेलम ठोक्यो कि आफ्नो वासस्थानमा आइपुगेको नै होस भएन । स्वाँ स्वाँको साथै अनुहार फुस्रो र सोहरिन थाल्यो । कति बेरसम्म कुकुर बोल्नै सकेन ।

'के भो ?'

कुकुर आँसु खसाल्दै रोइरह्यो । मान्छेहरूले फेरि सोधे ।

'हे जीवहरूमा महान् एवं सर्वश्रेष्ठ प्राणी !... कृपापूर्वक मलाई मुसै बनाइदिनुहवस्... होइन भने योभन्दा ठूलो शक्ति निगाह होस्... म तपाईंहरूको अटुट सेवा गर्न चाहन्छु ...।'

'हैन के भो ?' तिनीहरूले अधैर्य भएर सोधे ।

'आज मैले निर्दोष प्राणीहरू मारी हिँड्ने हिंस्रक बाघदेखि डराएर भागी हिँड्नुपऱ्यो...। मैले बाघको सामना गर्न सकिनँ । मसँग त्यति क्षमता छैन कि बाघलाई परास्त गर्न सकूँ । योभन्दा ठूलो दुःख, पीडा र लाजलाग्दो कुरा मेरो लागि अरू के होला ?' कुकुरले आफ्नो व्यथा पोख्यो ।

कुरा तिनीहरूलाई एकदम सही लाग्यो । कुकुरलाई बाघको भय त भइरहने भयो । बाघको भय भइरहेसम्म कुकुरको ज्यान सुरक्षित नरहने पनि निश्चित छ । तिनीहरूलाई चिन्ता लागिरह्यो । अझ कुकुरलाई भन्दा चिन्ता त तिनीहरूलाई पो भयो ।

सुख कहिल्यै पनि मान्छेको वरिपरि घुम्दैन । सकेसम्म मान्छेदेखि तर्केर हिँड्न खोज्छ । चाकडी खुसामद गरोस् भन्ने चाहन्छ । दुःख मात्र हो- मान्छेको प्रत्येक पाइलाको साथी । दुःखले मान्छेलाई कहिल्यै साथ छोडेको मलाई थाहा छैन । जस्तो भनिन्छ, अँध्यारोमा छायाँले मान्छेको साथ छोडेको हुन्छ । तर, मान्छेको एउटा कस्तो बानी छ भने आफ्नो पछि लागिरहनेलाई उतिसारो वास्ता गर्दैन । जुन आफ्नो पहुँचबाट पर छ त्यसको पछि लाग्न चाहन्छ । अहिले पनि भएको त्यही हो ।

तिनीहरूले कुकुरको दुःख देख्नै सकेनन् । कुकुरको पीडाले तिनीहरूलाई पनि उतिकै पोल्यो । कुकुरको बिन्तीभाउ र दयनीय कुराले मान्छेहरूको मुटु चस्स छोयो । आखिर त्यसलाई तिनीहरूले नै कुकुर बनाएका हुन् नि । त्यसैले कुकुरप्रति तिनीहरूको सहानुभूति र हार्दिकता हुनु स्वभाविक हो ।

अतः तिनीहरूले कुकुरलाई सिंह बनाइदिए ।

सिंह बनाइदिएपछि अब त्यसले कसैको मुख ताकिरहनु परेन । मान्छेहरूले पनि अब त्यसलाई लिएर छिनछिनमा चिन्तित भइरहनु परेन । सिंह बनाइएपछि त्यसलाई हराउन सक्ने जन्तु अब कोही छैन पनि । यस कुराले भित्र कता कता अहं जस्तो भएको अनुभव गर्न थाल्यो । विस्तारै त्यसले आफ्नो पूर्वरूपलाई ठ्याम्मै बिर्स्यो र एक दिन जन्मजात सिंह भनेर आफूलाई घोषणा गऱ्यो । मान्छेहरूलाई के चासो ! ती आफ्नो दिनचर्यामा लागिरहे । तिनीहरू त मक्ख छन् एउटा भुसुनालाई पहाड जत्रो बनाउन सकेकोमा ।

एकपटकको कुरा हो सिंह लम्पसार परेर घाम तापिरहेको थियो । दुलोबाट निस्केर एउटा मुसोले दौंतरीसरह व्यवहार गऱ्यो, 'के छ तेरो हालचाल ?'

यो सुन्नु के थियो, सिंहलाई रन्का छुटिहाल्यो । ऊ त अब सिंह भइसक्यो । ऊप्रति अलि अदब त राख्नुपर्छ । त्यतिन्जेल मुसो टाप कसिहाल्यो । त्यस्तै अर्को दिन बाटोमा मुसो मारेर खाइरहेको बिरालोले उसलाई हेर्दै मुसुक्क हाँस्यो र भन्यो, 'तिमीले त ठूलै सिकारको मौका भेटाइहाल्यौ... आफ्नो त उही हो भाइ...।'

ऊप्रति बिरालोको हेराइ पनि उस्तै रहेछ मानौं बिरालो र ऊ बराबर छ । हो ऊ कुनै बेला मुसा पनि थियो, कुनै बेला बिरालो पनि थियो । कुनै बेला कुकुर पनि थियो रे । कुनै बेला कुकुर भएर के भो ? अहिले त होइन नि । एकचोटि कुकुर वा बिरालो वा मुसा भयो भन्दैमा सधैँ त कुकुरै वा बिरालो वा मुसै भइरहनु पर्छ भन्ने छ र ! हो, मुसा र बिरालो नै भइरहेको भए त्यसैअनुरूपको व्यवहार गरे पनि ठिकै थियो । ऊ त अब मुसा, बिरालो वा कुकुर केही पनि रहेन । ऊ त अब सिंह भइसक्यो । शक्तिशाली सिंह ! शक्तिशाली भएपछि त्यहीअनुरूपको व्यवहार गर्नु पर्दैन !

आफूप्रति सबको उही पूर्ववत् धारणा रहेको कारणबाट उसले धेरै पटक बेइज्जती भोग्नुपऱ्यो । ऊ जस्तो बलिष्ठ प्राणीको पूर्वरूप निर्बल, मुसो हुनु- यो जति क्षोभ र दुःखको कुरो अरू के हुनसक्छ ! यो रहस्यको मुख्य ज्ञाता नै मान्छे हो । मान्छे भएसम्म यो रहस्य विस्थापित भइनै रहनेछ ।

के गर्ने ? उसले केही गर्नुपर्ने हो कि भन्ने सोच्यो ।

□

मान्छेहरू कहालिँदै भागिरहेका छन् । अत्तालिँदै र आतंकित हुँदै भागिरहेका छन् । कारण सिंह अब पूर्णतः नरभक्षी बनिसकेको थियो । उसको विगत चिन्ने र बुझ्ने जो जति छन् र जसले उसको हिंस्रक स्वभावको विरोध गर्छ सिंह तिनीहरूलाई खोजी खोजी आक्रमण गर्दै छ । खबर छिट्टै नै फैलियो । मर्नेहरू पनि देखिए र घाइते हुनेहरू पनि । कुनै पनि बेला कहीँबाट पनि सिंह आइपुग्न बेर छैन । कुनै बेला उसलाई सिंह बनाउनेहरूले अब पुनः मुसा बनाइदेला भनेर ऊ मान्छेहरूमाथि जाइलाग्न थालेको छ । समस्या निराकरणको लागि मान्छेहरू जहाँ भेला हुन खोजेका थिए, त्यहाँ पनि सिंह टुप्लुक्क आइपुग्यो । रौद्र रूप र जाइलाग्न खोजेको देखेर तिनीहरूको हंसले ठाउँ छोड्यो । तिनीहरूले मुसालाई यस्तो शक्तिशाली बनाउन सकेझैं पुनः त्यसलाई पूर्ववत् रूपमा किन ढाल्न नसक्नु ? तर, तिनीहरूले केही गर्नै नभ्याई सिंहले तिनीहरूमाथि आक्रमण गर्न थाल्यो ।

सिंह अहिले खोजीखोजी मान्छेहरूमाथि आक्रमण गर्दै छ । जसले उसलाई कुकुर र बिरालो वा मुसा भनेर चिनेको छ, जसले उसलाई मुसाबाट सिंह बनाउन भूमिका खेलेको थियो तिनमाथि सिंह जाइलाग्दै छ । त्यसैले तिनीहरू अचेल सुरक्षार्थ यताउता भाग्दै-लुक्दै गर्दै छन् । सिंहलाई अचेल सडकमा मजासँग हिँडडुल गरिरहेको देख्न सकिन्छ तर मान्छेहरू भने .......

ओ हो ! तपाईं पनि भाग्न थाल्नुभयो ! सुन्नुस् त, कथा सिद्धिएकै छैन ....। ■

**सिंह अब पूर्णतः नरभक्षी बनिसकेको थियो । उसको विगत चिन्ने र बुझ्ने जो जति छन् र जसले उसको हिंस्रक स्वभावको विरोध गर्छ सिंह तिनीहरूलाई खोजी खोजी आक्रमण गर्दै छ ।**

# नअस्ताऊ तिमी

**नेपाली लोकसंस्कृतिका** धरोहर ८७ वर्षीय अलिमिया थला परेको धेरै दिन भयो। आफू बैंसकै छँदा गाउने गीत 'बूढो भयो सब रंग गयो, आँगन भयो परदेश'को वास्तविक अर्थ आफैमाथि खनिएभैं लाग्छ उनलाई। साँच्चिकै आफ्नै आँगनमा पनि निस्कन नसकेपछि बूढो भएको महसुस प्रस्टसित गरेका अलिमियाले अब आफू डाँडामाथिको जून भएको बुझेका छन्।

आजभोलि उनलाई रातभर निद्रा पर्दैन, खान पटक्कै मन लाग्दैन। श्वासप्रश्वासमा समस्या छ, पाइतला पोल्छन्, तीनचार चम्चा दालको रसले उनको सास धानेको छ। तर सुविख्यात लोककवि अलिमियालाई यस्तो बेला पनि सरकारले सोधखोज गरेको छैन।

उनलाई नजिकबाट जानेका पोखरेली साहित्यकार तीर्थ श्रेष्ठको भनाइमा मिया बोल्न खोज्छन्, तर सक्दैनन्, उनले बोलेका कुरा अरूले बुझ्न सकिन्न।

मियालाई अहिल्यै नगुमाउन उनमा मृत्युसँग संघर्ष गर्ने शक्ति जागृत गराउनुपर्ने धारणा श्रेष्ठको छ। उनी भन्छन्, 'मियामा इच्छाशक्ति ल्याइदिनु पऱ्यो, चुरोटबाट बचाउनु पऱ्यो, साथमा कुरा गरिरहने मान्छे हुनु पऱ्यो, जो हुन सकिरहेको छैन।'

उलाई केही दिन अघिमात्र अस्पतालबाट फिर्ता ल्याइएको थियो। पोखराको मणिपाल अस्पताल र त्यसपछि पश्चिमाञ्चल अस्पपतालमा लामो समय राखेर फर्काइएको थियो। मियाको जीवनको मियो क्रमशः कमजोर बनिरहेको छ। अहिले त झन् उनी बिस्तरामा सुतेको सुत्यै भएका छन्, अनुहार फुंग उड्दै गएको छ, इसारै इसारामा खालि चुरोट मात्र खोजिरहन्छन्।

नेपाली लोकसंस्कृतिमा अतुलनीय योगदान पुऱ्याएका लोककवि अलिमिया मृत्यशय्यामा यसरी जीवनमरणको अन्तिम लडाइँ लड्दै छन्। उनका छोरा हनिफ आफ्ना बाबु पहिला जस्तो बसेर गफ गरेको एकपटक हेर्न पाए हुन्थ्यो, भन्छन्।

नेपाली संस्कृतिको विकासमा मुस्लिम परिवारका सन्तान मियाको योगदान अकल्पनीय छ। संघर्ष उनको जीवनको पर्यायवाची नाम हो। जन्मेको १८ महिनामा आमा र ३ वर्षमा बाबुले छाडेर गएपछि दुःखबाट सुरु भएको लोककवि अलिमियाको जीवनलाई अझै पनि दुःखले पछ्याइरहेको छ। बालापनदेखि जवानी हुँदै अहिलेसम्म उनले बाउन्न ठक्कर त्रिपन्न हन्डर मात्रै खाएका छैनन्। अझै पीडादायी जीवनसँग पौठेजोरी खेल्दै बाँचिरहेका छन्।

पोखराको मिया गाउँमा अलिमियाको जन्म भएको हो। मोहम्मद मिया र जहुरा मियाको तेह्रौं सन्तानको रुपमा १९७४ साल फागुन १५ गते जन्मेका अलिमियाको बाल्यकाल दाजुभाउजूको रेखदेखमा बित्यो। दाजुभाउजूले नै उनको पालनपोषण गरे। उनको सम्पन्न परिवार पिताको मृत्युपछि व्यवहार बिग्रिएर विपन्न भएको थियो। उनले पढेका छैनन्। त्यो बेला पढाउने संस्थाको अभाव थियो। घरदेखि अलि टाढा विन्दुवासिनी मन्दिर छेउमा एउटा संस्कृत पाठशाला त थियो। तर, मुसलमान भएकै कारण उनलाई पाठशाला आउन वञ्चित गरियो। तैपनि, घर छिमेकका साहु महाजनका छोराछोरीको संगतमा लागेर उनी अक्षर छिचोल्न सक्ने भए।

त्यसपछि उनले स्वाध्ययन गर्न थाले। जातले मुसलमान भए पनि रामायण, महाभारत र वेद पढे। त्यसैले त उनी जति नमाज पुज्छन् उति नै गीता र चाणक्यनीतिप्रति आस्था राख्छन्। धेरै गीत कवितामा हिन्दु धर्मग्रन्थका पात्र उभ्याएका छन्, उनले। छरछिमेकका हिन्दु परिवारमा पूजाआजा हुँदा वा मेलापर्वमा भजन गाउने सानैदेखिको बानी थियो उनको। मुसलमान जाति हिन्दु धर्म विरोधी हुन्छन् भन्ने मान्यतालाई उनको व्यवहारले तिखो प्रहार गरेको छ। हिन्दु, बौद्ध, इस्लाम धर्मप्रति अलिमियाको समान दृष्टि उनका कवितामा छर्लंग देखिन्छ।

उमेर छँदा ब्रिटिस आर्मीमा भर्ती भएर लाहुरेजीवनको अनुभव पनि गरे उनले। बर्माको लडाइँमा भोकभोकै हुँदा खच्चडको मासु पनि खानुपरेको थियो उनले। त्यति बेला तीन वर्षपछि छुट्टीमा नेपाल आउँदा कम्युनिष्ट नेता पुष्पलालले देशमै बसेर जनताका गीत गाउने आग्रह गरेका थिए। त्यही प्रेरणाले राणाविरोधी गीत गाए अलिमियाले।

पोखरा मियापाटनको आफ्नै सानो झुपडीमा बेसरी थला परेका उनी १५ मिनेटमा आफ्नो घरबाट महेन्द्रपुल पुगेका दिन सम्झिरहेका छन्। अहिले खुट्टा चल्दैनन्। खुट्टा चल्ने बेलासम्म लोकगीत गाउन भनेपछि उनी जहाँ पनि कुद्थे।

जीवनमा उनले पाँचवटा बिहे गरे, तैपनि अहिले उनीसँग कुनै श्रीमती छैनन्। विवाह गरेर लाहुर जाँदा पहिली पत्नीले छाडेर गएकी थिइन्। अरू कतिले धर्ती छाडेर गए। दोहोरीमा जितेर ल्याएकी तनहुँकी एउटीले १० दिनपछि नै उनलाई छाडेकी थिइन्। २००३ सालमा आफ्नै गाउँकी नुरनिशासँग बिहे गरेर जन्मेका छोराछोरीहरू छन् अहिले उनीसँग।

पोखरामा गत वर्षसम्म आयोजना हुने साहित्यिक सभा समारोहमा अलिमियाको उपस्थिति अनिवार्य जस्तै हुन्थ्यो। ती सभामा पनि उनी मुक्तकण्ठले गाउँथे। तर, यसपालि उनलाई आफ्नै आँगन बिरानो भएको छ, कसरी पुगून् सभा सम्मेलनमा ?

विरक्त लहरी (२००६), महेन्द्र लहरी (२००९), न्याउलीको पुकार (२०११), पहाडको उद्गार (२०१३), सेतीको सुस्केरा (२०२९), उज्यालो भइसक्यो (२०३९), सम्झनाको दियो (२०५१) र अलिमियाको आवाज (२०५८) जस्ता उनका कृति प्रकाशित छन्।

पहिलोपटक पोखरामै रथारोहण र बृहत् शोभायात्रा गरेर उनको सम्मान गरिएको थियो। पोखराका साहित्यकारहरूले उनी ८४ वर्ष पुगेको अवसर पारेर रथारोहण गरेका थिए।

जनताबाट लोककविको सम्मान पाएका लोक वाङ्मयका यी महारथीलाई उत्तिकै पुरस्कार र सम्मान पनि मिलेको छ। पोखरामा अलिमिया लोक वाङ्मय अक्षय कोष पनि स्थापना गरिएको छ। इन्द्रराज्यलक्ष्मी पुरस्कार २०४७, कविशिरोमणि पुरस्कार २०५०, कुमुदनी कला तथा संस्कृति पुरस्कार २०५३, प्रबल गोरखा दक्षिणबाहु २०५७, नारायणगोपाल सम्मान २०५८ बाट पुरस्कृत अलिमियाले यत्रो सम्मान पाउने आशा गरेकै थिएनन्। 'मैले त अरूको दुःख गाएको मात्रै हुँ, मलाई पुरस्कार चाहिन्न', उनी यसै भन्थे। तर, यसो भन्नुको अर्थ यस्तरी थला पर्दा सरकार या कसैले सोधखोज नै नगरोस् भन्ने त पक्कै होइन होला।

■ **दीपक ज्ञवाली/पोखरा** (तस्वीर पनि)



# प्रतिभाशाली कोनकोना



एजेन्सी

**सर्वोत्कृष्ट** भारतीय अभिनेत्रीका लागि राष्ट्रिय पुरस्कार जितिसकेकी प्रतिभाशाली अभिनेत्री कोनकोना सेन शर्मा थोरै भूमिकामा देखिएर पनि निकै चर्चित भइसकेकी छन् । अर्का प्रतिभाशाली भारतीय अभिनेता नसिरुद्दिन शाहले निर्देशन गर्न लागेको पहिलो सिनेमा 'युँ होता तो क्या होता'को सुटिङमा व्यस्त कोनकोनाले यसमा निर्वाह गरेको भूमिका उनको वास्तविक चरित्रसँग मेल खाने भन्दै समीक्षकहरूले टिप्पणी गरेका छन् । तर, उनलाई यस्तो लाग्दैन । 'मेरो वास्तविक चरित्रसँग यो सिनेमाको चरित्र कसैगरी मेल खाँदैन', उनी भन्छिन् ।

पहिलो सिनेमा 'मिस्टर एन्ड मिसेस आइयर'मा निर्वाह गरेको सशक्त भूमिकाबाटै उनलाई सर्वोत्कृष्ट अभिनेत्रीको उत्कृष्ट पुरस्कार हात लागेको थियो । त्यसपछि उनले 'पेज थ्री'मा निर्वाह गरेको पत्रकारको भूमिका र 'फिफ्टिन पार्क एभेन्यु'को सिजोफ्रेनिया भएकी युवतीको भूमिकाका लागि उनको खुब सह्राना भएको थियो । चरित्रमा पस्नसक्ने उनको प्रतिभा देखेर समीक्षकहरूले कोनकोनाले कुनै भूमिका निर्वाह गर्नुभन्दा अघि प्रशस्त शोध गरेको हुनसक्ने टिप्पणी गरेका छन् । तर, कुनै भूमिका निर्वाह गर्नुअघि आफू कुनै प्रकारको शोध नगर्ने उनी बताउँछिन् । 'म साधारण तयारी गर्छु र भूमिकाका लागि गृहकार्यचाहिँ गर्छु', अंग्रेजी, हिन्दी र बंगाली भाषामा उत्तिकै दख्खल राख्ने बंगालीबाला भन्छिन् ।

'मलाई यथार्थ भूमिकामा आधारित, सामाजिक र सशक्त भूमिका निर्वाह गर्न मन पर्छ । तर, मसाला सिनेमाहरूबाट पनि म भाग्दिनँ', उनी भन्छिन् ।

बौद्धिक क्षमताकी धनी कोनकोनाको भविष्यमा निर्देशनमा उत्रिने विचार पनि छ । यसअघि नै उनले ५० मिनेटको बंगाली सिनेमा 'नामकरण' निर्देशन गरिसकेकी छन् । 'म आमा अपर्णा सेनजस्तै निर्देशनमा जान चाहन्छु । तर, अहिले नै चाहिँ होइन', उनी भन्छिन्, 'निर्देशक बन्नलाई मैले अझै धेरै सिक्न बाँकी छ ।'

'पेज थ्री'का निर्देशक मधुर भण्डारकरको नयाँ सिनेमा 'दी सिग्नल' पनि उनले अतिथि भूमिका निर्वाह गरिरहेकी छन् । यसबाहेक 'सनग्लास', 'डेडलाइन' र 'मेट्रो'जस्ता सिनेमाको सुटिङमा पनि कोनकोना व्यस्त छिन् । ■






**गौरी मल्ल** जापानबाट छुट्टी मनाउन नेपाल आएकी छन् । तर, उनलाई यो छुट्टी मनाउने फुर्सद छैन । उनी साथीभाइसँगको छोटो भेटघाटपछि रेकर्डिङ स्टुडियोभित्र छिरेकी छन् । 'अभिनयपछिको दोस्रो नशाका लागि समय छुट्याएकी हुँ', नायिका मल्लले बताइन्, 'गायन मेरा लागि सधैँ आकर्षणको विषय बन्यो तर कहिल्यै पूरा समय दिन पाइनँ ।'

गौरी मल्ल र संगीतको साइनो नयाँ भने होइन । स्कुलदेखि नै लेखन र गायनमा विशेष रुचि राख्ने उनी अकस्मात् अभिनयमा तानिइन् । बीचको फुर्सदिलो समयमा भने कतिपय नेवारी गीत गाइन् । सर्जु रञ्जितसँग उनको युगल गायनको 'छ न्ह्युगु रहर ख' एक समय एफएमहरूमा निकै बज्यो । उनले गाएका भजनहरू त नेपाल टेलिभिजनले छायांकनसमेत गरेको छ । 'भाइ' नामक नेपाली सिनेमामा उनले गायक बबिन प्रधानसँग युगल गीत गाएकी थिइन् । तर, ती सबै उनको अभिनयको छायाँमा परे, तिनको चर्चा भएन ।

जापानमा उनी एक जापानी कलाकारसँग मिलेर 'पराग' नामक रेस्टुराँ चलाउँथिन् । ती जापानी संगीतकारको संगतले उनीभित्र गुम्सिएको सांगीतिक मोह पुनः उम्रिएर आयो । 'पराग' रेस्टुराँ बेचेर नेपाल फर्किएकी गौरी त्यहाँको व्यस्त जिन्दगीबाट केही फुर्सद पाउन यहाँ आएकी हुन् । यही अवधिमा उनी आफ्नो नयाँ गीति एल्बमको काम सक्ने तयारीमा छन् ।

साढे चार वर्ष जापान बसाइको अवधिमा गौरी मल्लले लेखेका एक डायरी गीत तथा कवितामध्ये आठवटा गीतिकविताले सांगीतिक बान्कीमा ढल्ने अवसर पाउनेछन् । ती गीतमध्ये एउटामा न्ह्यु वज्राचार्यको संगीत रहनेछ भने बाँकी गीतमा उनी आफैँले संगीत दिएकी छन् ।

एक समयकी नेपाली चलचित्रकी नम्बर एक नायिकाले आफ्नो छोटो अवधिको बसाइलाई ध्यानमा राखेर चलचित्रमा अभिनयका लागि भने समय दिइनन् । 'केही सिनेमाका लागि कुरा भएका थिए, तर समय निकै कम भएकाले उहाँहरूलाई हुन्छ भन्न सकिनँ', मल्लको कथन छ । यस्तो हतार किन त ? दसैँअघि नै जापानमा उनले लेखेका कविताहरूको संग्रह 'पराग'को सार्वजनिकीकरण गर्दै छिन् र यसमा सघाउँदै छन् जापानस्थित नेपाली व्यापारी किरण थापाले ।



तस्वीरहरू : भास्वर ओझा


लगभग ७० चलचित्रमा उपस्थिति जनाएकी मल्लले वसन्ती, संन्यास, स्वर्ग, नाता, कन्यादानलगायतका चलचित्रमा अभिनय प्रस्तुत गरेर आफूलाई अरूभन्दा अलग रूपमा जमाएकी थिइन् । तर, उनलाई छिरिङरितार शेर्पाको 'मुकुण्डो'ले अन्तर्राष्ट्रियस्तरमा नै ख्याति दिलाएको थियो ।

नेपाली चलचित्र उद्योग नै सबैभन्दा रहरलाग्दा कपाल भएकी गौरीले अहिले त्यो सम्पत्ति पनि ठुट्याएकी छन् । 'एक महिनाअघि चिन्डो भएकी थिएँ, आफूलाई चिन्डिएको हेर्ने रहर लाग्यो', कपाल सुमसुम्याउँदै उनले भनिन् ।

लगभग पाँच वर्षअघि वैवाहिक जीवन समाप्त पारेकी गौरीले माइतीकै थरबाट नागरिकता झिकेकी छन् । यसअघि उनले भण्डारी थरबाट नागरिकता लिएकी थिइन् ।

■ अच्युत कोइराला/काठमाडौं

# गायिका बनिन् गौरी मल्ल



साढे चार वर्षे जापान बसाइको अवधिमा गौरी मल्लले लेखेका एक डायरी गीत तथा कवितामध्ये आठवटा गीतिकविताले सांगीतिक बान्कीमा ढल्ने अवसर पाउनेछन् । ती गीतमध्ये एउटामा न्ह्यु वज्राचार्यको संगीत रहनेछ भने बाँकी गीतमा उनी आफैँले संगीत दिएकी छन् ।

# प्रतिष्ठा जोगाउने प्रण

**ईश्वरराज वन्त** हाइस्कुलको विद्यार्थी हुँदा भर्खरै मात्र दोस्रो विश्वयुद्धको अन्त्य भएको थियो । त्यस बेला पानीजहाज, हवाइजहाजलगायत विभिन्न यन्त्रहरूबारे स्कुलमै चर्चा चल्थ्यो । त्यस्ता चीज निर्माण गर्न इन्जिनियर बन्नुपर्छ भन्ने जानकारी पाएपछि वन्तले स्कुले छात्र रहँदै भविष्यमा इन्जिनियर बन्ने प्रण गरेका थिए । नभन्दै उनको प्रण साकार भएरै छाड्यो - सन् १९६६ मा पाकिस्तान युनिभर्सिटी अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा बिई पास गरेपछि ।

वन्तले इन्जिनियरिङ क्षेत्रमा काम गरेको ४ दशक बितिसकेको छ । यसबीचमा उनले सिँचाइ, खानेपानी, सडक, यातायत, जलविद्युत् लगायत विभिन्न विषयसँग सम्बन्धित योजनामा काम गरिसकेका छन् । खारिएको अनुभवलाई मूर्तरुप दिने उद्देश्यले सरकारले भर्खरैमात्र वन्तलाई नेपाल इन्जिनिरिङ काउन्सिलको अध्यक्षमा नियुक्त गरेको छ । मुलुकभरका इन्जिनियरलाई आचारसंहिताको दायरामा ल्याएर इन्जिनियरिङ पेसाकै छवि माथि उकास्ने जिम्मेवारी आएको छ, वन्तको काँधमाथि । उनी भन्छन्, 'मुलुकभित्र रहेका स्वदेशी मात्र होइन विदेशी इन्जिनियरले काउन्सिलमा दर्ता भएर मात्र काम गर्नुपर्ने नियम कडाइसाथ लागू हुनेछ ।'

राजधानीको जुद्धोदय पब्लिक हाई स्कूलबाट विद्यालय शिक्षा र पब्लिक साइन्स कलेज ( अहिलेको अमृत)बाट उच्च शिक्षा हासिल गरेका वन्तले इन्जिनियरहरूको छाता संगठन नेपाल इन्जिनियर्स एसोसिएसनको एक दशकअघि नै अध्यक्ष भएर नेतृत्व गरिसकेका छन् । त्यसो त उनले फेडरेसन अफ इन्जिनियर इन्स्टिच्युसन अफ साउथर्न एन्ड सेन्ट्रल एसिया, नेपाल मध्यस्थ परिषद्, सोसाइटी अफ आर्किटेक्ट इन्जिनियरिङ कन्सल्टेन्ट फर्मलगायत संस्थामा अध्यक्ष भएर काम गरिसकेका छन् । समाजमा इन्जिनियरको खस्कँदो छवि देखेर चिन्तित वन्त भन्छन्, 'छवि सुधार गरी इन्जिनियरलाई व्यावसायिक र चरित्रवान बनाउनेतर्फ काम गर्नेछु, जसले गर्दा इन्जिनियर पैसामुखीमात्रै हुन् भन्ने सामाजिक धारणामा परिवर्तन आओस् ।' ■



तस्वीरहरू : समय

# निरन्तरता उत्कृष्टताको



**एसएलसीमा** बोर्डफस्ट भएका सबै विद्यार्थीले उच्च शिक्षामा कहाँ राम्रो नतिजा ल्याएका छन् र ! तर, २०५६ सालको एसएलसी बोर्डफस्ट सुम्निमा सिंहले उच्चशिक्षाको अध्ययनमा आफूलाई उत्कृष्ट विद्यार्थीको सूचीमा राखेकी छन् । अहिले पाकिस्तानको फातिमा जिन्हा मेडिकल कलेजमा एमबिबिएस चौथो वर्ष अध्ययनरत सुम्निमाले कलेजमा प्रथम वर्षदेखि नै निरन्तर प्रथम स्थान हासिल गरिरहेकी छन् । पंजाव युनिभर्सिटीभरिका मेडिकल कलेजका विद्यार्थीहरूमा भने उनको स्थान पाँचौं रहेको छ । स्कुल पढ्दादेखि सबैलाई उछिनेर छात्रवृत्ति हात पार्न सफल सुम्निमाले शिक्षामन्त्रालयबाट छात्रवृत्ति पाएर पाकिस्तान अध्ययनको मौका पाएकी हुन् । उत्कृष्ट नतिजाका कारण उनले अहिलेसम्म तीनवटा स्वर्णपदक पाइसकेकी छन् कलेजबाट ।

सानैदेखि तेज सुम्निमाको पढाइको साथै अंग्रेजी, नेपाली र उर्दु भाषामा पनि साहित्यिक सिर्जना गर्छिन् । बाबु इन्जिनियर दिल्लीबहादुर सिंह र सुम्निाले प्रत्येक वर्ष एक/एकवटा नयाँ साहित्यिक किताब निकालेर रेकर्ड कायम गराउने अभियान थालेको पनि सात वर्ष भइसकेको छ । साहित्यमा लाग्दा पढाइलाई बाधा नपुगेको बताउँछिन् आमा अन्जु सिंह । अन्जु भन्छिन्, 'साहित्य सिर्जनाले त बाधा होइन, उल्टै सहयोग पुऱ्याएको छ ।'

उनले राजधानीको सिद्धार्थ वनस्थली इन्स्टिच्युटबाट एसएलसी सिध्याएपछि वनस्थली क्याम्पसबाटै आइएस्सी बोर्डमा पनि दोस्रोस्थान ल्याएर पास गरेकी हुन् । पढाइ सिध्याएपछि पनि डाक्टर बनेर बिरामीको नाडी छाम्नेमात्र उद्देश्य छैन सुम्निाको । नयाँ खोज र अनुसन्धान गरेर मेडिकल साइन्टिस्टको रुपमा परिचय बनाउने धोका छ, उनको । त्यसैले उनले सम्पूर्ण ध्यान र मेहनत त्यतैतर्फ केन्द्रित गरेकी छन् । ■






युवराज घिमिरे

## शून्य समय

# प्रतिनिधिसभा विघटन कोरा बहसको विषय बनाइनु अर्को राजनीतिक अपराध

**भोलिको राजनीतिक मार्ग निर्धारण गर्नका लागि निर्माण हुने अन्तरिम सरकारमा माओवादी सहभागिताको विकल्प छैन। र, त्यो अन्तरिम सरकार अहिलेको सदनप्रति उत्तरदायी रहने व्यवस्थाले निरन्तरता पनि पाउनु हुँदैन।**

**अहिले सात राजनीतिक** दलको सत्ताधारी गठबन्धन र माओवादी पक्षबीच प्रतिनिधिसभा विघटनको मुद्दालाई लिएर चर्केको विवादले वार्ता भाँड्न सक्ने सम्भावना बोकेको प्रस्ट देखिन्छ। असार २ गते प्रधानमन्त्री निवासमा भएको आठबुँदे सहमतिमा विघटनप्रति सात दल तथा माओवादी नेतृत्वका साथै प्रधानमन्त्रीले प्रतिबद्धता जनाइसकेपछि के त्यसमाथि बहस र विवाद उचित होला ? प्रश्न स्वभाविक हो।

तर दुई पक्ष यदि मंसिरको बाह्रबुँदे १२ बुँदे समझदारी र असार २ गतेको आठबुँदे सहमतिको मर्म र भावनाअनुरूप अगाडि बढेमा यो विवाद सम्भवतः उठ्ने नै थिएन। प्रतिनिधिसभा विघटनको मुद्दालाई एक्ल्याएर हेर्न मिल्दैन। साथै बाह्रबुँदे समझदारीपछि दुई पक्षद्वारा घोषित युद्धविराम, माओवादी बन्दीहरूको रिहाइ, आचारसंहिताको घोषणा एकातिर र अर्को त्यसको अनुगमनको अभावले दुई पक्षबीच अविश्वास र तनाव बढाउनु अस्वभाविक हैन। यस्तो परिस्थितिमा 'प्रतिनिधिसभा विघटन हुनुपर्छ' र 'प्रतिनिधिसभा विघटन हुनुहुँदैन' भन्ने स्कुले वादविवाद शैली एउटा त्यस्तो बहस बन्न सक्छ, जसले समस्याको समाधानभन्दा वार्ता भाँड्नमा बढी योगदान पुऱ्याउन सक्छ।

भोलि वार्ता भाँडिएमा गिरिजाप्रसाद कोइराला र प्रचण्डले त्यसको दोष 'मोरियार्टीहरू'लाई दिने हैन, आफूले लिनुपर्नेछ। बालुवाटारमा असार २ गते न मोरियार्टीको उपस्थिति थियो, न आचारसंहिता विपरीतका माओवादी आचरणलाई उनले उक्साएको भन्न मिल्छ। सरकार र माओवादीबीच युद्धविराम सम्झौता नहुँदासम्म के वार्ता प्रक्रियालाई अपेक्षित दिशा र गतिमा निर्दिष्ट लक्ष्यतिर अगाडि बढाउन तयार छन् त भन्ने प्रश्न त उठी नै रहन्छ र खासगरी माओवादी पक्षमाथि उनीहरूको विश्वसनीयता र इमानदारीबारे प्रश्न उठी नै रहनेछ। प्रतिनिधिसभा विघटनसम्बन्धी बहस खाली एउटा राजनीतिक चाल हुनेछ। यद्यपि, भोलिको राजनीतिक मार्ग निर्धारण गर्नका लागि निर्माण हुने अन्तरिम सरकारमा माओवादी सहभागिताको विकल्प छैन। र, त्यो अन्तरिम सरकार अहिलेको सदनप्रति उत्तरदायी रहने व्यवस्थाले निरन्तरता पनि पाउनु हुँदैन। तर, अन्तरिम सरकार गठनपूर्वको चरणमा हुनुपर्ने प्राथमिक विषयहरूमा दुवै पक्ष संवेदनशील देखिएका छैनन्।

दुई पक्षले तयार गरेको आचारसंहिता अस्पष्ट त छँदै छ, त्यसको अनुगमन हुन नसकेको अवस्थामा पनि यो वार्ता अगाडि बढ्न सक्ने स्थिति रहँदैन।

मंगलवार भारतको मुम्बईमा भएका अनेकौं विस्फोटका घटनाजस्ता मुलुकभित्र परिकल्पना नै नगरिएका घटनाहरूलाई 'आतंकवादी संजाल'सँग जोडी प्रभावित भारतसहित अन्य बाह्य शक्तिहरूले नेपालको शान्ति प्रक्रियालाई आ-आफ्नै हिसाबले प्रभावित गर्ने सम्भावनालाई खासगरी माओवादी पक्षले बुझ्नु आवश्यक छ। राष्ट्रिय अखण्डता र माओवादी परिकल्पनाका जातीय तथा स्वायत्त राज्यहरूबीच कस्तो तादात्म्य छ ? यी कुराबारे पनि माओवादी पक्षले मुलुकलाई आश्वस्त गर्नु आवश्यक छ। यो सात दल र माओवादीबीचको मात्र कुरा हैन। यस्ता जटिल विषयहरूबारे स्पष्टीकरण नहुँदा प्रतिनिधिसभाको अनुपस्थितिले खतरनाक रिक्तता तथा अराजकता निम्त्याउन सक्छ।

'यो प्रतिनिधिसभाको काँधमा संविधानसभाको निर्वाचनका माध्यमबाट जनताको सार्वभौमसत्ता र राजकीय सत्तालाई संस्थागत गर्दै जनताको स्वामित्वको संविधान र समावेसी लोकतन्त्रलाई सुनिश्चित गर्ने अभिभारा छ', सदनलाई अस्पतालबाट पठाएको सन्देशद्वारा प्रधानमन्त्री कोइरालाले तत्काल प्रतिनिधिसभा विघटन नहुने स्पष्ट संकेत दिएका छन्।

संविधानसभाको निर्वाचन र त्यो भय तथा आतंकरहित वातावरणमा सम्पन्न हुनुपर्ने मान्यतालाई कोइरालाले मुखरित गरेका छन्। बाबुराम भट्टराईले हालै रोयटर्स न्युज एजेन्सीलाई दिएको अन्तर्वार्तामा संविधानसभा निर्वाचनपूर्व माओवादीले हतियार नबुझाउने अडान लिएका छन्, जुन अस्वभाविक हैन। तर, राष्ट्रसंघीय व्यवस्थापनअन्तर्गत हतियारको प्रत्यक्ष नियन्त्रण र प्रयोगबाट माओवादी नअलग्गिएसम्म न संविधानसभा निर्वाचनको वातावरण बन्न सक्छ, न शान्ति प्रक्रियाले नै कुनै गुणात्मक फड्को मार्न सक्छ। बाबुराम भट्टराईका अनुसार असार २ गते दस घन्टासम्मको गहन छलफल र बहसपछि वर्तमान प्रतिनिधिसभा विघटन गरेर गत आन्दोलनका सहकर्मी माओवादी, सात दल र नागरिक आन्दोलनकारीहरूको समेत समुचित प्रतिनिधित्व हुने गरी नयाँ अन्तरिम जनप्रतिनिधि संस्थाको गठन गर्ने र त्यसको मातहतमा अन्तरिम सरकार गठन गरी संविधानसभाको निर्वाचन गर्ने ऐतिहासिक सहमति भएको थियो' र उनी आठबुँदे सहमतिको यही 'सार'बाट मुलुकको लागि राजनीति निर्देशित हुनुपर्ने अडानमा छन्।

तर, त्यो 'सार' निष्कर्षले त्यति बेलासम्म भावी राजनीतिलाई कार्यान्वयन गर्न व्यवधान उत्पन्न गरिरहनेछ, जबसम्म माओवादीको हतियार व्यवस्थापन, सेना-माओवादी छापामार व्यवस्थापन, आचारसंहिता अनुगमन संयन्त्रको निर्माण र कारबाही प्रक्रिया प्रभावकारी भएको अनुभूति मुलुकले गर्दैन। अहिले त्यस्तो वातावरण बनिसकेको छैन। त्यस्तै एकातिर माओवादी नेतृत्व प्रतिनिधिसभा विघटनको हतारमा छ भने अर्कोतिर त्यही प्रतिनिधिसभाले अन्तिम रूप दिने अन्तरिम संविधानले 'गणतन्त्र नेपाल' जस्तो महत्त्वपूर्ण राजनीतिक घोषित गर्नुपर्ने माग पनि उसले राख्न थालेको छ।

संविधानसभा बन्नुपूर्व यो हतार किन ? माओवादी आज जनपक्षीय दलहरूसँग सहकार्यमा उत्रिए पनि हिजो प्रजातन्त्रविरुद्ध दरवारसँग साँठगाँठ र षड्यन्त्रको आरोपबाट ऊ मुक्त छैन। अहिले र संविधानसभाको निर्वाचन अनि त्यसले लिने निर्णयहरू गम्भीर आत्मसमीक्षा, आत्मलोचना, अतीतबाट सिकिएका पाठहरू, मेलमिलाप र भावी मार्गचित्रको दूरदर्शी निर्माणलाई ध्यानमा राख्दै लिइनुपर्छ।

त्यस्तै माओवादी चिन्तनमा अर्को एउटा विशाल खोट पनि छ, जसलाई तत्काल सच्याइनु आवश्यक छ। बाह्रबुँदे समझदारी र आठबुँदे सहमति नै देशमा स्थायी शान्ति, लोकतन्त्र र अग्रगमनको स्पष्ट र 'तत्काल' एक मात्र सही मार्गचित्र भएको उसको ठहर छ। तर, सात दल र माओवादी बाहिरका जनता र शक्ति (संगठित या असंगठित)लाई बेवास्ता गरी उनीहरूलाई समस्या समाधान र भोलिको संविधान प्रक्रियाबाट बहिष्कृत गर्ने अंशबन्डामा आधारित राजनीतिले अर्को बबन्डर नल्याउला भन्न सकिन्न।

त्यसैले प्रतिनिधिसभा विघटनलाई तत्काल अस्वीकार र अस्वस्थ बहसको स्तरमा झार्नुभन्दा पूर्व त्यसका लागि आवश्यक वातावरण बनाउनेतर्फ माओवादी र सरकार लाग्नु आवश्यक छ। यसमा विशेष होसियारी र चरित्र प्रदर्शनको अपेक्षा प्रधानमन्त्रीबाट पनि गरिन्छ। प्रतिनिधिसभा विघटनको पक्षमा गृहमन्त्री सिटौला र भतिजा डा. शेखर कोइरालाका अनुसार र त्यसविरुद्ध सुशील कोइराला र रामचन्द्र पौडेललाई देखाउनु न त इमानदारी हो न राजनीति संवेदनशीलताको परिचायक नै। सत्ता र माओवादी पक्षबीच पूर्व सहमतिहरूलाई लिएर उठेका विवादले उनीहरूमा समझदारीको अभावभन्दा राष्ट्रिय स्वार्थलाई आत्मसात गर्ने क्षमता विकास नभएको र न्यूनतम राजनीतिक इमानदारीको अभाव रहेको अर्थ लाग्नेछ। ■